# अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा विचार विनिमयको सशक्त माध्यम हो । भाषाकै माध्यमबाट मानिसले आफ्ना विचार अरू समक्ष प्रकट गर्दछ र अरूको विचारलाई ग्रहण गर्दछ । मानव जीवनका सम्पूर्ण क्रियाकलाप, चिन्तनमनन तथा अभिव्यक्तिहरूको सशक्त माध्यम भनेको नै भाषा हो । सञ्चार सम्पर्क गराउने भाषा मानवीय जीवनको अभिन्न अङ्ग हो ।

कुनै पनि भाषा वा विषयका शब्दसम्बन्धी सूचनालाई व्यवस्थित गरी बनाइएको ग्रन्थलाई शब्दकोश भनिन्छ । सामान्य अर्थमा शब्दकोश भन्नाले शब्दहरूको सङ्ग्रह वा सङ्कलनलाई बुझाउँछ भने विशिष्ट अर्थमा शब्दादि भाषिक एकाइहरूको सुव्यवस्थित विन्यासलाई जनाउँछ । शब्दकोशबाट शब्दसूची मात्र नभएर त्यसभन्दा बढी कुराहरूको जानकारी प्राप्त गर्न सकिन्छ । जस्तैः वर्णविन्यास, उखान-टुक्का, प्रचलित अप्रचलित शब्दहरूको जानकारी, सम्बन्धित विषयको चित्र, नक्सा, तथ्याङ्क, व्यक्ति र ठाउँको परिचय र भाषागत बोध र अभिव्यक्ति कुशलताको विकास गर्न सकिन्छ ।

कोशहरूको आआफ्नै प्रयोजन र उद्देश्य रहेको हुन्छ । त्यसैले पठनपाठनका क्रममा आइपरेका समस्या समाधान गर्न, ज्ञानको दायरा फराकिलो बनाउन, विषयगत सामान्य ज्ञान हासिल गर्न जस्ता उद्देश्यले विषयगत, तहगत र कक्षागत विभिन्न तरिकाले कोश निर्माण गरिएका हुन्छन् । प्रस्तुत शोधकार्य 'गोरखापत्र सम्पादकीयमा आधारित नमुना शब्दकोश निर्माण' शीर्षकमा रहेको छ । यसमा गोरखापत्रको सम्पादकीयमा प्रयुक्त शब्दहरू केकस्ता छन् र ती शब्दहरूको अर्थबोध सहज गर्न सकियोस् भन्ने उद्देश्य रहेको छ । यस्ता शब्दहरूको अर्थ, प्रयोग पक्ष, स्रोत, व्युत्पत्ति आदि कुराको जानकारीका लागि शब्दको स्पष्ट अर्थ पत्ता लगाउनु आवश्यक छ ।

अतः प्रस्तुत शब्दकोशमा गोरखापत्र सम्पादकीयमा रहेका शब्दहरूको सङ्कलन गरिएको छ । ती शब्दहरूलाई वर्णानुक्रममा राखेर शब्दहरूको स्रोत, पदवर्ग, अर्थ र उदाहरण दिएर शब्दकोश निर्माण गरिएको छ ।

## १.२ समस्याकथन

गोरखापत्रको सम्पादकीय लेखनमा प्रयुक्त भाषिक संरचनाको अध्ययन पद, पदावली, वाक्य, अनुच्छेद र सङ्कथनका आधारमा पनि गर्न सकिन्छ । यस अध्ययनमा भने गोरखापत्रको सम्पादकीयमा प्रयुक्त शब्दभण्डारको शब्दकोश निर्माण गर्न खोजिएको छ । तसर्थ गोरखापत्रको सम्पादकीयमा प्रयुक्त शब्दभण्डारको शब्दकोश निर्माण गर्नु प्रमुख समस्या हो । उक्त समस्या समाधानका लागि निम्नलिखित प्रश्नहरू रहेका छन् :

क) गोरखापत्रको सम्पादकीयमा समाविष्ट शब्दहरुको सङ्कलन के-कसरी गर्न सकिन्छ ?

ख) ती शब्दहरूलाई वर्णानुक्रममा राखेर के कसरी अध्ययन गर्न सकिन्छ ?

ग) सङ्कलित शब्दहरूको स्रोत, उच्चारण, पदवर्ग, व्युत्पादन, अर्थ र उदाहरण दिई वाक्यमा के कसरी प्रयोग गर्न सकिन्छ ?

## १.३ शोधकार्यको उद्देश्य

उपयुक्त समस्या समाधानका लागि निम्नलिखित उद्देश्यहरू रहेका छन् :

क) गोरखापत्रको सम्पादकीयमा समाविष्ट शब्दहरूको सङ्कलन गर्नु,

ख) सङ्कलित शब्दहरूलाई वर्णानुक्रममा राखी प्रस्तुत गर्नु,

ग) सङ्कलित शब्दहरूको स्रोत, उच्चारण, पदवर्ग, व्युत्पादन अर्थ, उदाहरण र वाक्यमा प्रयोग गरी नमुना शब्दकोश निर्माण गर्नु ।

## १.४ शोधकार्यको सान्दर्भिकता र उपादेयता

कुनै पनि अनुसन्धान, अध्ययन खोजकार्य आफैँमा महत्त्वको विषय हो । त्यसैले गोरखापत्र सम्पादकीयमा आधारित भएर शब्दकोश निर्माण गर्नु पनि आफैँमा एक महत्त्वपूर्ण कार्य हो । भाषालाई व्यवस्थित, व्यावहारिक वैज्ञानिक र जीवनोपयोगी बनाउनका लागि शब्दकोश निर्माण गरिन्छ । भाषाको अध्ययन अध्यापनका लागि शब्दकोशको व्यावहारिक एवम् शैक्षणिक महत्त्व रहेको हुन्छ । त्यही महत्त्व र आवश्यकतालाई परिपूर्ति गर्नका निम्ति विभिन्न भाषामा विभिन्न तह, कक्षा वा विभिन्न क्षेत्रहरूलाई केन्द्रित गरी शब्दकोश तयार पारिएको हुन्छ । यसै क्रममा गोरखापत्र सम्पादकीयमा आधारित भएर शब्दकोश निर्माण गर्ने प्रयास गरिएको छ । जो आफैँमा एक सान्दर्भिक र उपयोगी कार्य हो ।

कोशविज्ञान प्रायोगिक भाषाविज्ञानको एक महत्त्वपूर्ण शाखाका रूपमा रहेको पाइन्छ। शब्दकोश मूलतः प्रयोग पक्षसँग सम्बन्धित हुने गर्दछ। नेपाली शब्दकोश निर्माणको विकास १९ औं शताव्दीदेखि विषयगत र कक्षागत शब्दकोश निर्माण भए पनि पत्रपत्रिकासम्बन्धी शब्दकोश निर्माण भएको पाइँदैन । त्यसकारण यो अध्ययन गोरखापत्रको सम्पादकीयमा आधारित भएर शब्दकोश निर्माण गर्नु आफैंमा औचित्यपूर्ण रहेको छ।

अतः गोरखापत्र सम्पादकीयमा आधारित प्रस्तुत शोधकार्यबाट सर्वप्रथमतः शब्दकोशसँग सम्बन्धित विद्यार्थी, शोधार्थी र आम पाठकहरूलाई समेत लाभ हुनेछ र पत्रपत्रिका वा समाचारपत्रसँग सम्बन्धित व्यक्तिहरूलाई पनि लाभदायी हुनेछ । साथै पत्रपत्रिकासम्बन्धी शब्दकोशको अध्ययन गर्न चाहने जो कोही शोधकर्तालाई पनि सहयोगी हुनेछ र यस अध्ययनबाट भविष्यका शोधार्थीलाई पनि सहयोग पुग्नेछ।

## १.५ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्यलाई निम्नलिखित सीमाङ्कनभित्र सीमित गरिएको छ :

क) प्रस्तुत अध्ययन गोरखापत्र सम्पादकीयसँग मात्र सीमित रहेको छ। यसमा मिति २०७५ साल कार्तिक र मंसिर महिनाको प्रत्येक ७, १४, २१ र २८ गते प्रकाशित सम्पादकीयबाट सामग्री सङ्कलन गरिएको छ।

ख) प्रस्तुत शोधकार्यमा सङ्कलित शब्दहरूलाई वर्णानुक्रममा राखी तिनको अर्थ स्रोत, उच्चारण, व्युत्पत्ति, पदवर्ग र उदाहरण दिइएको छ।

ग) शब्दहरूको वर्णानुक्रम, पदवर्ग, पहिचानको आधार, शब्दको अर्थ, शब्दको स्रोत प्रयोगात्मक नेपाली शब्दकोश, नेपाली बृहत् शब्दकोशबाट लिइएको छ।

घ) एउटा शब्दको आवश्यकतानुसार एकभन्दा बढी तीन वटासम्म अर्थ दिइएको छ।

ङ) स्रोतका हिसाबले तत्सम शब्दलाई (तत्स.) आगन्तुकलाई (आ.) अनुकरणमूलकलाई (अमु.) भनी सङ्केत गरिएको छ।

च) तद्भव शब्दलाई भने कुनै सङ्केत गरिएको छैन।

छ) गोरखापत्रको सम्पादकीयमा रहेका 'सक, नुवाकोट, रामेछाप, नहुनु, देखाउँछ, बिष्ट, मलेसिया, पढाउन, लाग्ने, समस्टन, इमिरेट्स, सिन्डिकेट, बाबजुद, होइन, भैलो, तडकभडक, कुशे, मकवानपुर, बागमती, बुँदे, लाख, रुम, खर्ब, अर्ब, बबई, चुरे, तामाकेशी जस्ता शब्दहरुलाई नमुना शब्दकोशमा समावेश गरिएको छैन।

## १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित गर्न छवटा अध्यायमा विभाजन गरिएको छ । आवश्यकतानुसार विभिन्न शडीर्षक र उपशीर्षकमा राखी शोधपत्र तयार गरिएको छ । प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

**अध्याय एक : शोधपरिचय**

१.१ अध्ययनको पृष्ठभूमि

१.२ समस्याकथन

१.३ शोधकार्यको उद्देश्य

१.४ शोधकार्यको सान्दर्भिकता र उपादेयता

१.५ शोधकार्यको सीमाङ्कन

१.६ शोधपत्रको रूपरेखा

**अध्याय दुई : पूर्वकार्यको अध्ययन र सैद्धान्तिक अवधारणा**

२.१ पूर्वकार्यको अध्ययन

२.१.१ पुस्तक समीक्षा

२.१.२ शोधपत्रको अध्ययन

२.२ सैद्धान्तिक अवधारणा

२.२.१ शब्दकोशको स्वरूप

२.२.१.१ पूर्व भाग

२.२.१.२ मूल भाग

२.२.१.३ उत्तर भाग

२.२.२ कोश सम्पादन प्रक्रिया

२.२.२.१ पहिलो चरण

२.२.२.२ दोस्रो चरण

२.२.२.३ तेस्रो चरण

**अध्याय तीन : अध्ययन विधि र प्रक्रिया**

३.१ अध्ययन विधि

३.२ जनसङ्ख्या र नमुना जनसङ्ख्या

३.३ सामग्री सङ्कलनका स्रोत

३.३.१ प्राथमिक स्रोत

३.३.२ द्वितीयक स्रोत

३.४ सामग्री सङ्कलन प्रक्रिया

३.५ सामग्री विश्लेषण प्रक्रिया

**अध्याय चार : गोरखापत्रको सम्पादकीयमा  समाविष्ट शब्दहरू**
४.१ विषयप्रवेश
४.१.१ २०७५/०७/०७ गते प्रकाशित गोरखापत्रको सम्पादकीयमा समाविष्ट शब्दहरूको सङ्कलन
४.१.२ २०७५/७/१४ गते प्रकाशित गोरखापत्र सम्पादकीयमा समाविष्ट शब्दहरूको सङ्कलन
४.१.३ २०७५/०७/२१ गते प्रकाशित गोरखापत्र सम्पादकीयमा समाविष्ट शब्दहरूको सङ्कलन
४.१.४ २०७५/०७/२८ गते प्रकाशित गोरखापत्र सम्पादकीयमा समाविष्ट शब्दहरूको सङ्कलन
४.१.५ २०७५/०८/०७ गते प्रकाशित गोरखापत्र सम्पादकीयमा समाविष्ट शब्दहरूको सङ्कलन
४.१.६ २०७५/८/१४ गते प्रकाशित गोरखापत्र सम्पादकीयमा समाविष्ट शब्दहरूको सङ्कलन
४.१.७ २०७५/८/२१ गते प्रकाशित गोरखापत्र सम्पादकीयमा समाविष्ट शब्दहरूको सङ्कलन
४.१.८ २०७५/८/२८ गते प्रकाशित गोरखापत्र सम्पादकीयमा समाविष्ट शब्दहरूको सङ्कलन
४.२ निष्कर्ष
**अध्याय पाँच : गोरखापत्रको सम्पादकीयमा समाविष्ट शब्दहरूको नमुना शैक्षिक शब्दकोश निर्माण**
५.१ गोरखापत्र सम्पादकीयमा समाविष्ट शब्दहरूको नमुना शैक्षिक शब्दकोश निर्माण
५.२ नमुना शैक्षिक शब्दकोशमा प्रयुक्त शब्दहरूको विश्लेषण
५.२.१ स्रोतका आधारमा शब्दहरूको विश्लेषण
५.२.२ पदवर्गका आधारमा शब्दहरूको विश्लेषण
५.२.३ उच्चारण र व्युत्पादनका आधारमा शब्दहरूको विश्लेषण
५.३ निष्कर्ष
**अध्याय - छ : सारांश, निष्कर्ष र उपयोगिता**
६.१ सारांश
६.२ निष्कर्ष
६.३ उपयोगिता
६.३.१ नीतिगत उपयोगिता
६.३.२ शैक्षणिक उपयोगिता
**सन्दर्भ ग्रन्थसूची**
**व्यक्तिगत विवरण**

# अध्याय दुई

# पूर्वकार्यको अध्ययन र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको अध्ययन

अनुसन्धानकर्ताले गर्न लागेको अनुसन्धानसँग सम्बन्धित त्यस समयभन्दा पहिले के कस्ता पुस्तकहरू, अनुसन्धानहरू भए भनेर गरिएको अध्ययन नै पूर्वकार्यको समीक्षा हो । पूर्वकार्यको समीक्षा गर्नाले अनुसन्धानकर्ताले गर्न लागेको विषय नदोहोरिनाका साथै सरल र सम्यक् बन्दछ । अगाडि लेखिएका पुस्तक, गरिएका शोधकार्य, लेख आदिमा उल्लेख गरिएका तथ्यप्रमाणका आधारमा समीक्षा गर्नु जरुरी हुन्छ । सम्बन्धित शीर्षकको अध्ययनसम्बन्धी पुस्तक समीक्षा र शोधसमीक्षा यसप्रकार गरिएको छ :

### २.१.१ पुस्तक समीक्षा

पोखरेल (सम्पा. २०४०) द्वारा *नेपाली बृहत् शब्दकोश* सम्पादन भएको देखिन्छ । सम्पादकले शब्दहरूलाई मूल प्रविष्टिमा आएका शब्दबाट परसर्ग लागेर अथवा समास भएर बनेका शब्दहरूलाई वर्णानुक्रम भङ्ग नहुँदाको स्थितिसम्म उपप्रविष्टिमा राखेको देखिन्छ । यो उपप्रविष्टि समावेश गरिएको नेपालीको पहिलो शब्दकोश हो । यस कोशमा संस्कृत शब्दहरूका साथै झर्रा नेपाली शब्दहरूको प्रविष्टिले स्थान पाएका छन् भने अनुक्रममूलक प्राविधिक र परिभाषिक शब्दहरू पनि उल्लेखनीय मात्रामा रहेको पाइन्छ । शब्दस्रोतमा संस्कृत, हिन्दी, आगन्तुक, तद्भव आदिबाट नेपालीमा प्रचलित शब्दहरूको सङ्केत उल्लेख गरेको देखिन्छ भने शब्दवर्गसम्बन्धी सूचनामा नाम, सर्वनाम, विशेषण, सकर्मक, क्रिया, अकर्मक क्रिया, विशेषण नामयोगी, संयोजक, विस्यादिबोधक र निपात आदि दिइएको पाइन्छ । त्यसैगरी यस शब्दकोशमा विभाजन, निर्देशक, सङ्क्षेपीकृत मूल, व्युत्पन्न स्थान, मूल रूपको किटान, कोष्ठक, जोड, नीडन आदि चिह्नहरूको पनि प्रयोग गरिएको पाइन्छ । यस शब्दकोशले नयाँ पिँढीहरूका लागि मार्ग निर्देशन गरेको छ भन्ने निष्कर्ष निकालेको पाइन्छ ।

लम्साल (२०५७) द्वारा *कोशविज्ञान र नेपाली कोश* नामक पुस्तक प्रकाशित गरिएको छ । यसमा कोशविज्ञानको सैद्धान्तिक चर्चा व्यापक रूपमा गरिएको छ । आठ अध्यायमा विभाजित गरिएको यस पुस्तकमा पहिलो अध्यायमा विषयप्रवेश, दोस्रो अध्यायमा कोशको

परिचय, तेस्रो अध्यायमा कोशको वर्गीकरण, चौथो अध्यायमा शब्दकोशको स्वरूप, पाँचौँ अध्यायमा कोश सम्पादन प्रक्रिया, छैटौं अध्यायमा भाषासङ्ख्यापरक कोश र यसका समस्या, सातौँ अध्यायमा नेपाली कोशको ऐतिहासिक विकासक्रम र आठौं अध्यायमा नेपाली कोशका प्रकार : सामान्य चर्चा भनी विभाजित गरिएको पाइन्छ । कोशविज्ञानको सैद्धान्तिक अवधारणाको जानकारी, कोशनिर्माण प्रक्रिया, कोशको प्रयोगसम्बन्धी पक्षको जानकारी गराउनका लागि यो पुस्तक अति नै उपयोगी रहेको छ । प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि यसले सैद्धान्तिक आधार प्रदान गर्ने भएकाले यो पुस्तकको अध्ययन गर्नु जरुरी देखिएको छ ।

लुइँटेल (२०५८) द्वारा *कोशविज्ञान* नामक पुस्तककार कृतिको प्रकाशन गरिएको छ । यस पुस्तकमा कोशनिर्माण प्रक्रिया तथा नेपाली शब्दसागरको विश्लेषण गरिएको पाइन्छ । यसअन्तर्गत कोश र कोशविज्ञानको पहिचान, कोशको वर्गीकरण, नेपाली शब्दकोशको विकास प्रक्रिया, कोशविश्लेषणको प्रारूप र नेपाली शब्दसागरको विश्लेषण शीर्षकहरूभित्र विभिन्न उपशीर्षकहरू समावेश गरी तिनको व्याख्या विश्लेषण गरिएको छ । कोशनिर्माण प्रक्रियाको सैद्धान्तिक एवम् व्यावहारिक पुस्तकको सङ्गम विन्दुका रूपमा उक्त कृति रहेको छ । यस पुस्तकमा नेपाली शब्दसागरको समग्र भागको विश्लेषण गरी कोशमा विभिन्न त्रुटिहरू रहेकाले यो वैज्ञानिक हुन नसकेको तथ्य निकालिएको छ । यसले कोश निर्माताहरूलाई कोशनिर्माण कार्यमा सजग तुल्याउने काम भएको छ ।

अधिकारी (२०६७) द्वारा *सामाजिक र प्रायोगिक भाषाविज्ञान* नामको पुस्तक प्रकाशन गरिएको छ । सामाजिक भाषाविज्ञान र प्रायोगिक भाषाविज्ञान गरी दुई खण्डमा विभाजित उक्त पुस्तकको दोस्रो खण्डमा कोशविज्ञानको चर्चा गरिएको छ । यस पुस्तकमा कोशविज्ञानको परिचय, शब्दकोश ऐतिहासिक पृष्ठभूमि र विकास, प्रयोजन, प्रकार, विशेषता, आदि पक्षका बारेमा विस्तृत चर्चा गरिएकाले उक्त पुस्तकले प्रस्तुत नमुना शब्दकोश निर्माणका लागि सैद्धान्तिक आधार प्रदान गरेको छ ।

अधिकारी र भट्टराई (२०७०) द्वारा *प्रयोगात्मक नेपाली शब्दकोश*को सम्पादन भएको देखिन्छ । यस कोशका शब्दहरूको वर्णानुक्रम परम्परागत वर्णमालामा आधारित छ । यो कोश नेपाली इतिहासमै सर्वप्रथम नेपाली शब्दकोशको मानक उच्च र स्तरीय वर्णविन्यासमा केन्द्रित रहेको पाइन्छ । यस कोशमा प्रविष्टि, उच्चारण, स्रोत, व्युत्पत्ति, व्याकरण निर्देश, अर्थ

निर्देश, प्रयोग, उदाहरण प्रस्तुत गरिएको पाइन्छ । यस कोशमा शब्दको अर्थ दिँदा प्रविष्टि प्रकारान्तर कथन दिने, पर्याय, विपर्याय, बीजक, विवृत्ति, शब्दको प्रयोग, उदाहरण, उखान टुक्काले पुष्टि गर्ने कार्य भएको देखिन्छ । यस शब्दकोशमा नेपाली भाषाका तत्सम, तद्भव र आगन्तुक नाम, विशेषण, सर्वनाम, क्रियायोगी, क्रियापद शब्दको प्रयोग पक्षलाई देखाइएको पाइन्छ । यसबाट प्रस्तुत शोधकार्य सम्पन्न गर्न सैद्धान्तिक आधार प्रदान हुनेछ ।

पौडेल (२०७३) द्वारा *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू* नामक पुस्तक प्रकाशित छ । प्रस्तुत पुस्तकको अध्याय चारमा कोशविज्ञान शीर्षकभित्र कोशविज्ञानको परिचय, कोशका प्रकार र तिनका विशेषता, कोश निर्माण योजना र सामग्री सङ्कलन प्रक्रिया, कोशको स्वरूप र सम्पादन प्रक्रिया, नेपाली कोशको परम्परा र विकास, नेपाली कोश निर्माणका समस्या, कोश र भाषा शिक्षण शीर्षकहरूभित्र विभिन्न उपशीर्षकहरू समावेश गरी तिनको व्याख्या विश्लेषण गरिएको छ । कोशनिर्माण प्रक्रियाको सैद्धान्तिक एवम् व्यावहारिक पुस्तकको सङ्गम विन्दुका रूपमा यस पुस्तकलाई लिन सकिन्छ । यसले कोशनिर्माताहरूलाई कोशनिर्माण कार्यमा सहज र सरल तुल्याउँछ ।

पोखरेल र काफ्ले (२०७४) द्वारा *प्रायोगिक भाषाविज्ञान* नामक पुस्तक प्रकाशित छ । प्रस्तुत पुस्तकको अध्याय आठमा कोशविज्ञान शीर्षकभित्र कोशविज्ञानको परिचय, नेपाली कोशनिर्माणको परम्परा र विकास, शब्दकोशको स्वरूप, कोशसम्पादन प्रक्रिया, कोशीय सूचनाहरू, शैक्षणिक कोशको परिचय, कोशको प्रयोग गर्ने तरिका, नमुना कोशनिर्माण र अभ्यास, भाषाशिक्षणमा कोशको उपयोगिता जस्ता शीर्षकहरू समावेश गरी तिनको व्याख्या विश्लेषण गरिएको छ । प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि यसले सैद्धान्तिक आधार प्रदान गर्ने भएकाले यो पुस्तकको अध्ययन गर्नु जरुरी देखिएको छ ।

### २.१.२ शोधपत्रको अध्ययन

आचार्य (२०६९) द्वारा 'वर्तमान माध्यमिक नेपाली पाठ्यपुस्तकमा आधारित शब्दकोश निर्माण' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधपत्रमा वर्तमान माध्यमिक नेपाली पाठ्यपुस्तक (कक्षा १०) मा प्रयोग भएका शब्दहरूको सङ्कलन गर्नु, सङ्कलित शब्दहरूलाई वर्णानुक्रममा राखी प्रस्तुत गर्नु, शब्दहरूको उच्चारण, स्रोत, व्युत्पत्ति, व्याकरण निर्देश, अर्थ, उदाहरण आदि उद्देश्य निर्धारण गरिएको छ । यसमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । यसमा प्राथमिक स्रोतसामग्रीका रूपमा कक्षा १०

को नेपाली पाठ्यपुस्तकलाई लिइएको छ भने द्वितीय सामग्रीका रूपमा विभिन्न पाठ्यपुस्तक, सन्दर्भपुस्तक, शब्दकोश, पत्रपत्रिका तथा लेख रचना, शोधनिर्देशका सल्लाह सुझावलाई पनि उपयोग गरिएको छ । उक्त शोधकार्य शब्दकोश निर्माणसँग सम्बन्धित भएकाले प्रस्तुत शब्दकोश निर्माण कार्यलाई अगाडि बढाउन यसले सैद्धान्तिक आधार प्रदान गरेको छ ।

दाहाल (२०६९) द्वारा 'कक्षा छको नेपाली पाठ्यपुस्तकको नमुना कोशनिर्माण' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको पाइन्छ । उक्त शोधकार्यमा कक्षा छको नेपाली पाठ्यपुस्तकमा प्रयोग गरिएका ३५० वटा शब्दहरू प्रयोग सङ्कलन गरिएको पाइन्छ । यसमा शब्दको अर्थ, उच्चारण, पर्याय, विपर्याय, स्रोत, पदवर्ग आदि आधारमा नमुना कोश सम्पादन गर्ने उद्देश्य समावेश गरिएको पाइन्छ । मूल रूपमा पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको पाइन्छ । शोधपत्रमा सङ्कलित शब्दहरूको पहिचान गरी वर्णानुक्रममा कोश सम्पादन गर्ने कार्य गरिएको देखिन्छ । शोधपत्रमा सङ्कलित सामग्रीलाई व्याख्यात्मक र विश्लेषणात्मक प्रक्रियाबाट निष्कर्षमा पुगेको पाइन्छ । उक्र शोधकार्य कोशनिर्माणसँग सम्बन्धित भएकाले प्रस्तुत अध्ययनलाई अगाडि बढाउन यसले सैद्धान्तिक आधार प्रदान गरेको छ ।

गौतम (२०७०) द्वारा 'कक्षा १० को नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शैक्षणिक शब्दकोश निर्माण' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको पाइन्छ । शब्दनिर्माण, उच्चारण, अर्थ, पदवर्ग, स्रोत पर्याय, विपर्याय आदि पक्षबाट शब्दकोश शब्दकोश निर्माण गर्ने उद्देश्य राखिएको छ । उक्त शोधकार्यमा शब्दकोश निर्माण गर्दा कक्षागत, तहगत रूपमा प्रयोग गर्दा विद्यार्थीको स्तर, आवश्यकता र मनोवैज्ञानिक पक्षलाई सहयोग गर्ने कुरामा जोड दिइएको पाइन्छ । उक्त शोधकार्यमा पुस्तकालयीय अध्ययन प्रक्रियाको प्रयोग गरिएको पाइन्छ । प्राथमिक र द्वितीयक स्रोतबाट सामग्रीहरू सङ्कलन गरी व्याख्यात्मक र विश्लेषणात्मक प्रक्रियाबाट निष्कर्षमा पुगेको पाइन्छ । यसले प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि सैद्धान्तिक आधार प्रदान गरेको छ ।

शर्मा (२०७०) द्वारा 'कक्षा सातको नेपाली पाठ्यपुस्तकको नमुना शैक्षिक शब्दकोश निर्माण' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधकार्यको मुख्य उद्देश्य शब्दहरूको उच्चरण स्रोत, व्युत्पत्ति, पदवर्ग, अर्थ, उदाहरण र प्रयोग पक्षलाई स्पष्ट उल्लेख गर्नुमा केन्द्रित रहेको छ । पुस्तकालयीय अध्ययन प्रक्रियाको प्रयोग गरी तयार पारिएको

नमुना शब्दकोशमा ३०० वटा शब्दहरू समावेश गरिएको छ । साथै विविध पुस्तक, पत्रपत्रिका, लेख रचना आदिको समेत उपयोग गरिएको पाइन्छ । उक्त शोधपत्रको सैद्धान्तिक पुनरावलोकनबाट प्रस्तुत शोधकार्यका लागि सैद्धान्तिक आधार लिएको छ ।

न्यौपाने (२०७२) द्वारा 'कक्षा ११ को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको नमुना शब्दकोश निर्माण' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको पाइन्छ । उक्त शोधकार्यको प्रमुख उद्देश्य कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट शब्दहरूको सङ्कलन गर्नु, सङ्कलित शब्दलाई वर्णानुक्रममा राख्नु, ती शब्दहरूको उच्चारण, स्रोत, व्युत्पत्ति, अर्थ र प्रयोग स्पष्ट पारी नमुना शब्दकोश निर्माण गर्नु रहेको छ । प्राथमिक र द्वितीयक स्रोतका आधारमा सामग्री सङ्कलन गरिएको छ । २०० शब्दहरू सङ्कलन गरी तिनको उच्चारण, स्रोत, व्युत्पत्ति, व्याकरण निर्देश, अर्थ, प्रयोग सम्बन्धी जानकारी दिई शब्दकोश तयार पारिएकाले प्रस्तुत शोधकार्यका लागि उक्त शोधपत्रबाट सैद्धान्तिक आधार लिएको छ ।

श्रेष्ठ (२०७२) द्वारा 'नमुना बाल शब्दकोश निर्माण' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको पाइन्छ । बालशब्दकोशमा समावेश गर्न सकिने शब्दहरूको चयन गर्नु, सङ्कलित शब्दहरूलाई वर्णानुक्रममा राख्नु, ती शब्दहरूको उच्चारण अर्थ, पर्याय, विपर्याय, स्रोत, उदाहरण प्रयोग दिई नमुना बालशब्दकोश निर्माण गर्नु यस शोधपत्रको उद्देश्य रहेको देखिन्छ । उक्त शोधकार्यमा प्राथमिक तह कक्षा १-५ सम्मका नेपाली पाठ्यपुस्तकबाट ३०० वटा शब्दहरू सङ्कलन गरिएको पाइन्छ । पुस्तकालयीय विधिको प्रयोग गरिएको उक्त शोधकार्यमा सामग्री सङ्कलनका लागि प्राथमिक सामग्रीका रूपमा कक्षा १-५ सम्मका नेपाली  पाठ्यपुस्तकलाई लिइएको छ भने द्वितीय सामग्रीका रूपमा पाठ्यपुस्तक, शोधपत्र, लेखरचना, शब्दकोश आदिलाई लिइएको छ । उक्त शोधपत्रले प्रस्तुत शोधकार्यका लागि सैद्धान्तिक आधार प्रदान गरेको छ ।

खरेल (२०७३) द्वारा 'कक्षा आठका जीवनीहरूमा समाविष्ट शब्दहरूको नमुना शैक्षिक शब्दकोश निर्माण' शीर्षकमा शोधकार्य सम्पन्न  गरिएको पाइन्छ । उक्त शोधकार्यको उद्देश्य कक्षा आठको नेपाली पाठ्यपुस्तकका जीवनी विधाका पाठमा सङ्कलित शब्दहरूलाई वर्णानुक्रममा राखी प्रस्तुत गर्नु र वर्णानुक्रममा राखिएका शब्दहरूको स्रोत, व्युत्पत्ति र अर्थ निर्देश गर्नु रहेको छ । पुस्तकालयीय कार्य अवलम्बन गरिएको शोधपत्रमा ७२२ वटा

शब्दहरूलाई समावेश गरिएको छ । उक्त शोधपत्रको सैद्धान्तिक अध्ययनबाट प्रस्तुत शोधकार्यका लागि सैद्धान्तिक आधार लिएको छ ।

भण्डारी (२०७३) द्वारा 'कक्षा नौको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको पाइन्छ । उक्त शोधकार्यको उद्देश्य कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट शब्दहरूको सङ्कलन गरी तिनीहरूलाई वर्णानुक्रममा राख्नु, सङ्कलित शब्दहरूको उच्चारण, स्रोत, व्युत्पत्ति, शब्द वर्ग, अर्थ, उदाहरण र प्रयोग सहित नमुना शब्दकोश निर्माण गर्नु रहेको छ । पुस्तकालयीय विधि अवलम्बन गरिएको शोधपत्रमा ३७५ वटा शब्दहरूलाई समावेश गरिएको छ । उक्त शोधपत्रको सैद्धान्तिक पुनरावलोकनबाट प्रस्तुत शोधकार्यका लागि सैद्धान्तिक आधार लिएको छ ।

राई (२०७३) द्वारा 'चाम्लिङ भाषाको कक्षा ५ को चाम्लिङ ला चौखाम् ङा पाठ्यपुस्तकको नमुना शब्दकोश निर्माण' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको पाइन्छ । कक्षा ५ को चाम्लिङ ला चौखाम ङा  पाठ्यपुस्तकमा भएका शब्दहरू सङ्कलन गर्नु, ती शब्दहरूलाई वर्णानुक्रममा राख्नु, स्रोत, व्युत्पत्ति, उदाहरण र अर्थ प्रस्तुत गर्नु शोधकार्यको मुख्य उद्देश्य रहेको देखिन्छ । शोधकार्यमा पाथमिक सामग्रीका रूपमा कक्षा ५ को चाम्लिङ ला चौखाम ङा पाठ्यपुस्तकलाई लिइएको छ भने द्वितीय सामग्रीका रूपमा विभिन्न प्रकाशित पाठ्यपुस्तक, सन्दर्भपुस्तक र शब्दकोश आदिलाई लिइएको छ । उक्त शोधपत्रमा ३०५ शब्द समावेश गरिएको पाइन्छ । शोधपत्रमा ती शब्दहरूको चाम्लिङ नेपाली, अङ्ग्रेजी र प्रयोगात्मक नेपाली शब्दकोश अनुरूप स्रोत व्युत्पत्ति उदाहरण र अर्थ सहित प्रस्तुत गरिएको छ । उक्त शोधपत्रबाट प्रस्तुत शोधकार्यका लागि सैद्धान्तिक आधार लिएको छ ।

जोशी (२०७४) द्वारा 'कक्षा दशको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको पाइन्छ । उक्त शोधकार्यको प्रमुख उद्देश्य कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट शब्दहरूको वर्णानुक्रमका आधारमा तिनको स्रोत, उच्चारण, पदवर्ग, व्युत्पादन र अर्थसहित नमुना शब्दकोश निर्माण गर्नु, कोशका लागि वर्णानुक्रममा परेका शब्दहरूको सान्दर्भिक उदाहरण प्रस्तुत गरी नमुना शब्दकोश निर्माण गर्नु रहेको छ । पुस्तकालयीय अध्ययन प्रक्रियाको प्रयोग गरी तयार पारिएको नमुना शब्दकोशमा ३०० वटा शब्दहरू समावेश गरिएको छ । साथै विविध पुस्तक, पत्रपत्रिका,

लेखरचना आदिको समेत उपयोग गरिएका पाइन्छ । उक्त शोधपत्रको सैद्धान्तिक पुनरावलोकनबाट प्रस्तुत शोधकार्यका लागि सैद्धान्तिक आधार लिइएको छ ।

## २.२ सैद्धान्तिक अवधारणा

मानवीय जीवनका सम्पूर्ण क्रियाकलापहरूको सबभन्दा सशक्त माध्यम भाषा हो । भाषाले सामाजिक जीवनलाई गतिशील बनाउनुका साथै समग्र वाङ्मयलाई उचाइमा पुऱ्याउने काम गर्दछ । कुनै पनि भाषालाई जीवन्त बनाउनका लागि त्यस भाषाको व्यापक प्रयोग गरिनुपर्दछ । शब्द सम्पन्नता र अर्थवहन क्षमताले महत्त्वपूर्ण स्थान ओगट्नुपर्दछ । कुनै पनि भाषाको शब्दभण्डारको सूचक नै कोश हो । वर्तमान समयमा प्रायोगिक भाषाविज्ञानको महत्त्वपूर्ण शाखाका रूपमा कोशविज्ञान रहेको छ । कोशविज्ञानलाई कोश निर्माण गर्ने शाखाका रूपमा लिइन्छ । कोशविज्ञानले कोशको कसरी प्रयोग गर्ने भन्ने कुराको जानकारी गराउनुका  साथै कोशमा के कस्ता कुराहरू समावेश हुन्छन् भन्ने कुराको पनि अध्ययन गराउँदछ ।

कोशविज्ञान मूलतः ग्रीकबाट विकसित अङ्ग्रेजी शब्द 'लेक्सिकोलोजी' को रूपान्तरण हो । जसको व्युत्पत्तिगत अर्थ 'शब्दको अध्ययन गर्ने विज्ञान' भन्ने हुन्छ । यसरी व्युत्पत्तिका दृष्टिले शब्दको अध्ययनमा यसको अर्थ सीमित हुन्छ तापनि अहिले यस किसिमको सङ्कीर्ण अर्थमा यसको प्रयोग हुँदैन र 'शब्द' शब्दले अर्थ विस्तार गरी व्यापक सन्दर्भ लिएको छ । सामान्य धारणामा जसरी कोशलाई शब्दसूची मानिन्छ, त्यसरी नै कोशविज्ञानलाई शब्दसूचीसँग सम्बन्धित विधा मानिन्छ (लम्साल, २०५७, पृ. २) । कोशविज्ञानलाई शब्दको सङ्ग्रहको रूपमा मात्र बुझ्ने गरेको पाइए तापनि शब्दकोश वा कोशविज्ञान प्रायोगिक भाषाविज्ञानको एक महत्त्वपूर्ण शाखाको रूपमा रहेको छ ।

कोशका लागि कोश र कोष गरी पृथक् वर्णविन्यास तथा हिज्जे भएका दुईवटा शब्दहरू प्रचलित छन् । कोश शब्दको व्युत्पत्ति 'कुश' धातुमा 'धञ/अच्' प्रत्यय लागेर भएको हो । प्राचीनकालमा कोश र कोष शब्द पर्यायवाचीका रूपमा देखापरे पनि वर्तमान समयमा यी दुईका अर्थमा भिन्नता रहेको छ । कोष शब्दले धन सम्पत्ति वा खरखजानाको भण्डारलाई बुझाउँछ भने कोशशब्दले शब्दहरूको सङ्ग्रहलाई जनाउँदछ (लुइँटेल, २०५८, पृ. १) । कुनै पनि भाषामा रहेका शब्दहरूलाई एउटा निश्चित प्रक्रियाका आधारमा शब्दको

पदवर्ग, शब्द उच्चारण, स्रोत, अर्थ, पर्याय आदि दिई व्याख्या गरिएको शब्द नै शब्दकोश हो ।

समग्रमा शब्दकोश भनेको कुनै भाषाका शब्दहरूलाई व्यवस्थित तरिकाले प्रविष्टि दिएर ती शब्दहरूको व्युत्पत्ति, व्याकरण निर्देश, मूल स्रोत, पर्याय, विपर्याय, परिभाषा, व्याख्या, प्रयोग उदाहरण आदिको जानकारी दिइएको ग्रन्थ हो ।

### २.२.१ शब्दकोशको स्वरूप

कोशको स्वरूप भन्नाले कुनै पनि कोशले वरण गरेको समग्र आन्तरिक र बाह्य आकार, संरचना वा बनोट हो । यसले कोश कस्तो हुन्छ  अर्थात् कोश कसरी बन्दछ भन्ने कुरालाई सङ्केत गर्दछ । कोशको स्वरूपमा कोशीय विशेषताहरूको संयोजन गरी शब्दकोशलाई निर्देशन सूचना र प्रयोजनका दृष्टिले उपयोगी बनाएर त्यसमार्फत उपभोक्तालाई सहज सङ्क्षिप्त सामग्री उपलब्ध गराउने कार्य गरिन्छ । कोशलाई सङ्क्षिप्त, स्पष्ट र व्यवस्थित बनाउनका लागि यसको स्वरूपलाई मूलत : तिन भागमा विभाजन गरिएको छ :

#### २.२.१.१ पूर्व भाग

शब्दकोशको सबैभन्दा अगाडिको भागलाई पूर्व भागका रूपमा लिइन्छ । कोशीय मूल भागलाई केन्द्रबिन्दु मान्दा यो त्यसभन्दा पूर्ववर्ती भाग हो । यो प्रयोगका दृष्टिले मूल भागलाई सजिलैसँग उपयोगमा ल्याउन आवश्यक पर्ने पूर्वावधेय आधार सामग्री हो (लम्साल, २०५७, पृ. ५८) । यो शब्दकोशको बाह्य वा परिधीय भाग हो । यसमा शीर्षक, प्रकाशनसम्बन्धी सूचना, प्राक्कथन वा भूमिका, कोश निर्देशिका, कोशविधान प्रक्रियाको जानकारी, सङ्क्षेपसूची, सङ्केत वा चिह्नसूची आदि सूचनाहरू समावेश गरिएका हुन्छन् ।

कोशको प्रयोग तथा प्रकृति र त्यस अपेक्षित विषय प्रयोक्ताको तह र आवश्यकता स्तर, भाषिक प्रकृति (प्रथम भाषी वा द्वितीय भाषाभाषी), भाषिक भेद, उपभेद, प्रत्यक्ष, अप्रत्यक्ष शोधका सामग्रीहरू, शब्द (सामग्री) स्रोतको चयन, वर्णविन्यास, लेखन पद्धति, प्रविष्टि शब्दगत वा अर्थगत वैशिष्ट्य (परिभाषित शब्दको सम्बन्धमा थप सूचना), अर्थविधानको छोटो टिप्पणी, कोशीय एकाइको अन्तर्सम्बन्ध, शब्दको रूप र विकासक्रमको निरूपण, प्रासङ्गिक प्रयोग आदिका सूचनात्मक सन्दर्भलाई कोशको पूर्व भागअन्तर्गत राखिएको पाइन्छ (भण्डारी र अन्य, २०६९८, पृ. ६७) । शब्दकोशको पूर्व भाग एक

किसिमको औपचारिक भाग पनि हो । यसमा कोश सम्पादन प्रक्रियामा उत्पन्न भएका समस्याको समाधान कुन तरिकाबाट सम्पन्न गरिएको छ भन्ने कुरालाई उल्लेख गरिएको हुन्छ ।

### २.२.१.२ **मूल भाग**

यो विविध प्रविष्टि सम्मिलित कोशको वास्तविक भाग हो । यसलाई मूल भाग भन्नुको तात्पर्य कोशमा यो भाग नै साध्य हो यसैका लागि सम्पूर्ण योजना नियम, सामग्री, सङ्कलन, सम्पादन, श्रम, व्यय आदि साधन जुटेका हुन भनी सङ्केत गर्नु हो (लम्साल, २०५७, पृ. ६९) । यो शब्दकोशको प्राण वा सारमय भाग हो । यसमा कोशीय एकाइ र तत्सम्बन्धी सूचनाको भण्डार हुन्छ । कोशको वास्तविक पहिचान तथा मूल  मर्म समेटिएको यो भाग नै लक्ष्यसिद्ध तथा साध्यका रूपमा रहन्छ । मूल भाग कोशको जीवन भएकाले यसलाई केन्द्रीय वा नाभिकीय भागका रूपमा लिने गरिएको पाइन्छ ।

शब्दकोशको मूल भागभित्र उद्देश्य र विधेयसम्बन्धी सूचनाहरू समावेश गरिएका हुन्छन् । यसमा शीर्ष शब्द, हिज्जे, उच्चारण, व्याकरण निर्देश, व्युत्पत्ति, अर्थ, पर्याय, विपर्याय, उखान टुक्का, उदाहरण तथा प्रयोगलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको हुन्छ । पूर्व भाग र उत्तर भागभन्दा यो भाग विस्तृत र व्यापक हुन्छ ।

### २.२.१.३ **उत्तर भाग**

मूल भाग र त्यसको पूर्ववर्ती भागमा राख्न नमिल्ने वा कोशीय प्रविष्टिभन्दा विलक्षण तथा विशिष्ट रूप र शैलीमा गरिने सन्दर्भ सामग्रीहरू रहने पश्चवर्ती भाग नै कोशको उत्तर भाग हो (लम्साल, २०५७, पृ. ८४) । यस भागमा मूल भागका सामग्रीहरूलाई थप स्पष्ट पार्न पूरकका रूपमा दिनुपर्ने थप सूचनाहरू प्रस्तुत गरिएका हुन्छन् । यस भागमा सङ्क्षेप शब्दहरूको सूची, व्युत्पादक प्रत्ययहरू, नव प्राविधिक शब्दहरू, स्थान विशेष जनाउने नामहरू, विशिष्ट व्यक्तिका नामहरू, विभिन्न नाप तौलका एकाइहरू, राशि, नक्षत्र, थरगोत्र, विभिन्न मानपदवी, तक्मा, गणितशास्त्रका चिह्नहरू, प्रचलित उखान टुक्काहरूको सूची आदि सम्बन्धी सूचनाहरू समाविष्ट गरिएका हुन्छन् । यो कोशको अनिवार्य अङ्ग नभएकाले र मूल भागकै सम्पूरकका रूपमा रहने हुनाले यसलाई कोशको पश्चवर्ती र बाह्य अङ्ग पनि भनिन्छ ।

यसरी दृष्टिगत गर्दा कोशको सामान्य स्वरूपलाई मुख्यतः तिन भागमा बाँड्न सकिन्छ : पूर्व भाग, मूल भाग र उत्तर भाग । यिनमा कोशको मूलस्वरूप भने मूल भाग नै हो । मूल भाग कोशको मुटु हो भने पूर्व भाग र उत्तर भाग कोशको शरीर हुन् ।

### २.२.२ कोश सम्पादन प्रक्रिया

व्यवस्थित तरिकाले कोश बनाउने कार्यलाई नै कोश सम्पादन भनिन्छ । यसलाई कोश विधान पनि भनिन्छ । कोश सम्पादन अत्यन्त साधनामय गौरवमय र गम्भीर कार्य हो । यो अविरल, अविश्रान्त र त्यागमय तपस्याको परिणति हो (लम्साल, २०५७, पृ. ९५) । ज्ञान विज्ञानका विभिन्न क्षेत्रहरूलाई समेटेर कोश निर्माण गर्नु निकै जटिल कार्य हो । उक्त कठिन कार्यमा सफलता प्राप्त गर्न ज्ञानका साथै समय, श्रम र व्ययको बढी खाँचो पर्दछ । कोशलाई सफल र वैज्ञानिक बनाउनका लागि निश्चित विधि र प्रक्रियाको आवश्यकता पर्दछ । कोश सम्पादन प्रक्रियालाई मुख्यतः तिन चरणमा विभाजन गरी चर्चा गरिएको छ :

#### २.२.२.१ पहिलो चरण

यो कोश सम्पादन प्रक्रियाको मूल भाग हो । यसअन्तर्गत योजनाको निर्माण, सामग्री सङ्कलन र प्रविष्टि चयन जस्ता कार्यहरू पर्दछन् । यसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**(क) कोश निर्माण योजना**

कोशनिर्माण प्रक्रियामा सुरुदेखि अन्तिमसम्मका समग्र कार्यहरू के कसरी सम्पन्न गर्ने भन्ने सन्दर्भमा बनाइने एउटा पूर्व निश्चित खाका वा रूपरेखालाई नै कोशनिर्माण योजना भनिन्छ (लामिछाने, २०७०, पृ. ४६) । शब्दकोश निर्माणका सन्दर्भमा त्यसको प्रकृति, प्रयोजन, औचित्य, सामग्री सङ्कलन आदिका बारेमा गरिने प्रस्तावनालाई नै शब्दकोशको योजना मान्न सकिन्छ । योजनामा कार्य सम्पन्न गर्न आवश्यक पर्ने श्रम, समय, आर्थिक, भौतिक व्यवस्थापन, विभिन्न प्रकृतिको जनशक्ति, दक्ष जनशक्तिको संलग्नता र निरन्तरता, सैद्धान्तिक अवधारणा, कार्यविभाजन आदिका बारेमा स्पष्ट निर्देशन दिइनुपर्दछ (पोखरेल र काफ्ले, २०७४, पृ. १४७) ।

कोश निर्माण योजनाले नै कोशलाई व्यवस्थित र वैज्ञानिक बनाउँछ । निर्माण गर्न लागेको कोशको प्रकृति कस्तो बनाउने, कुन विधिबाट सामग्री सङ्कलन गर्ने, कसको नेतृत्वमा कोश निर्माण गर्ने, आर्थिक स्रोत कसरी जुटाउने, कोशमा कुन कुन सूचनाहरू

समावेश गर्ने कोशको आकार कत्रो बनाउने र कति समयावधिभित्र कोश निर्माण कार्य सम्पन्न गर्ने आदि जस्ता महत्त्वपूर्ण पक्षमा स्पष्ट हुनका लागि कोश निर्माण योजनाको आवश्यकता पर्दछ ।

**(ख) सामग्री सङ्कलन**

कोशको प्रकार र प्रयोजनअनुसार सामग्री सङ्कलनमा भिन्नता र विविधता पाइन्छ । भाषाको अवस्था हेरी सामग्री सङ्कलन लिखित र अलिखित स्रोतमा आधारित हुन्छ । जस्तैः

**(अ) लिखित सामग्री सङ्कलन**

लिखित सामग्री सङ्कलन गर्दा सर्वप्रथम आधिकारक र प्रामाणिक कृतिको छनोट गर्नुपर्दछ । कोशको स्वरूपअनुसार प्राचीन, समकालीन कस्तो सामग्री चयन गरिएको छ; त्यसलाई ३×४ साइजको अवतरण विधि वा टिपोटपत्ती बनाइ शब्द, अर्थ, स्रोत, प्रयोग जस्ता सूचना टिपी वर्णानुक्रममा मिलाएर राख्नुपर्दछ (पोखरेल र काफ्ले, २०७४, पृ. १४७) ।

**(आ) अलिखित सामग्री सङ्कलन**

कुनै लिखित स्रोत वा लिखित साहित्य नभएका कथ्य भाषाबाट सामग्री सङ्कलन गर्न क्षेत्रविधिको प्रयोग गरिन्छ । यस विधिबाट सामग्री सङ्कलन गर्दा मूल भाषाका वक्तालाई मुख्य सूचक मानी सामग्री सङ्कलन गरिन्छ । यसरी सामग्री सङ्कलन गर्दा छनोट गरिएको सूचक सबै खाले वर्ग र समूहको प्रतिनिधित्व गर्न सक्ने हुनुपर्दछ । अलिखित स्रोतबाट सामग्री सङ्कलन गर्दा टेपरेकर्डर, प्रश्नावली तथा शब्दपत्तीको प्रयोग गरिन्छ । समय, श्रमका दृष्टबोणबाट हेर्दा लिखित स्रोतबाट भन्दा अलिखित स्रोतबाट सामग्री सङ्कलन गर्नु अत्यन्त कठिन हुन्छ ।

**(ग) प्रविष्टि चयन**

कोशमा प्रवेश गराइएको मुख्य कोशीय एकाइलाई प्रविष्टि भनिन्छ । यसलाई शीर्ष वा मूल प्रविष्टि पनि भनिन्छ (लुइँटेल, २०५८, पृ. ६०) । कोश सम्पादनमा स्तरीयता, एकरूपता, सरलता र सुगमता ल्याउन वैज्ञानिक ढङ्गले शब्दहरूको चयन गरिनुपर्दछ । प्रविष्टिको चयनलाई सर्वप्रथम कोशको प्रकृति, प्रयोजन र आकारले सीमित, व्यापक वा विशिष्ट बनाउँदछ । प्रविष्टि चयनका सम्बन्धमा निम्नलिखित पक्षमा ध्यान दिनुपर्दछ :

**(अ) प्रचलित शब्द**

सम्बन्धित भाषाका बहुप्रचलित शब्दहरू भाषिक प्रयोगका क्रममा बढी आवृत्तिमूलक र प्रयोगशील हुन्छन् । यस्ता आधारभूत शब्दहरूले शब्दकोशको प्रविष्टि चयनमा एकभन्दा बढी प्राथमिकता पाउँछन् ।

**(आ) अप्रचलित शब्द**

पहिले कुनै समयमा बढी प्रचलनमा रहेका शब्दहरू समयको गतिसँगै हाल आएर चलनचल्तीमा कम प्रयोग हुने शब्दहरू नै अप्रचलित शब्द हुन् । जस्तैः माना, पाथी आदि । यस्ता शब्दहरूले समकालीन कोशमा भन्दा पनि ऐतिहासिक कोशमा बढी प्राथमिकता पाउँछन् ।

**(इ) अभिनव शब्द**

सिर्जनात्मक स्वरूप वा आदानात्मक प्रवृत्तिद्वारा विकसित भई सम्बन्धित वक्ताद्वारा नवीनता अनुभूत र अनुस्यूत शब्दलाई अभिनव शब्द भनिन्छ (लम्साल, २०५७, पृ. १०४) । जस्तैः मण्डले, उच्च माध्यमिक, राष्ट्रिय सहमति, जनादेश आदि ।

**(ई) प्राविधिक शब्द**

कुनै खास किसिमको विज्ञान, कला, शिल्प, प्रविधि आदि क्षेत्रसँग सम्बन्धित विशेष अर्थ भएका शब्दहरू नै प्राविधिक शब्द हुन् (लम्साल, २०५७, पृ. १०३) । प्रविष्टि चयनका दृष्टिले यस्ता शब्दहरूले दिने अर्थ साधारण भएमा सामान्य शब्दकोश र विशिष्ट अर्थ मात्र प्रदान गरेमा प्राविधिक कोशमा स्थान दिनुपर्दछ । जस्तैः रस, निकुञ्ज, सर्वेक्षण आदिजस्ता प्राविधिक शब्दका साधारण अर्थ पनि हुने हुँदा यस्ता शब्दलाई सामान्य शब्दकोशमा प्रविष्टि दिनुपर्दछ ।

**(उ) रिक्त शब्द**

कुनै शब्दहरू स्वतन्त्र रूपमा अलग्गै प्रयोग हुन नसक्ने तर कुनै भाषिक संरचनामा भने आउने शब्दलाई रिक्त शब्द भनिन्छ (लम्साल, २०५७, पृ. १०५) । जस्तैः 'पानीसानी' शब्दमा 'सानी र 'चराचुरुङ्गी' शब्दमा 'चुरुङ्गी' रिक्त शब्द हुन् । यस्ता शब्दलाई मूल प्रविष्टिमा राख्दा प्रतिनिर्देश गर्ने चलन छ ।

**(ऊ) सम्बन्धपरक शब्द**

कुनै विषयवस्तुलाई सङ्केत नगरी शब्दको पारस्परिक सम्बन्ध देखाउने वा विभिन्न शब्द पदावलीलाई जोड्ने शब्दलाई सम्बन्धपरक शब्द भनिन्छ । जस्तैः ले, बरु, तर, तैपनि आदि सम्बन्धपरक शब्द हुन् । यस्ता शब्दहरू वस्तुपरक भन्दा पनि प्रयोगपरक हुने भएकाले शब्दकोशमा प्रविष्टि दिने नदिने भन्ने कुरा कोशको स्वरूपका आधारमा हुन्छ ।

**(ए) समस्त शब्द**

समस्त प्रक्रियाबाट निर्मित शब्दमध्ये जुन शब्दले विग्रहले भन्दा पृथक् अर्थ दिन्छ, त्यसलाई शब्दकोशको मूल प्रविष्टिमा र बाँकीलाई उपप्रविष्टिमा समावेश गराइनुपर्दछ ( पोखरेल र काफ्ले, २०७४, पृ. १४९) । जस्तैः माछापुच्छ्रे, लामकाने जस्ता शब्दहरू मूल प्रविष्टिमा र गाईगोठ, खेतीकिसानी शब्दहरू उपप्रविष्टिमा राखिन्छन् ।

**(ऐ) व्यक्तिवाचक शब्द**

व्यक्तिवाचक नामहरू भाषाको शब्दभण्डारअन्तर्गत पर्दैनन् तापनि यस्ता केही नामहरूको ऐतिहासिक र महत्त्व हुने भएकाले यिनको प्रवेश कोशमा आवश्यक ठानिन्छ । जस्तैः जनक, सीता, भानुभक्त, लुम्बिनी, सगरमाथा आदि ।

**(ओ) सङ्क्षेप तथा परिवर्णी शब्द**

धेरै चलनचल्तीमा प्रयोग भएका सङ्घ संस्था र कार्यहरूको नाम र कतिपय सन्दर्भमा सरलता र सङ्केतका लागि सङ्क्षेप शब्दहरूको प्रयोग गरिन्छ । जस्तैः त्रि.वि., बि.एड., रा.स.स., युनेस्को आदि । सङ्क्षेप शब्दहरूलाई सामान्यतः परिशिष्टमा दिने प्रचलन भए पनि बहुप्रचलित मूल शब्दलाई भने मूल भागमा प्रविष्टि दिनुपर्दछ ।

**(औ) समुच्चयात्मक अभिव्यक्ति**

दुई वा सोभन्दा बढी शब्दहरू सम्मिलित भई एकीकृत अर्थ प्रदान गर्ने भाषिक संरचना नै समुच्चयात्मक अभिव्यक्ति हो (लम्साल, २०५७, पृ. १०६) । जस्तैः नेपाल सरकार, त्रिभुवन विश्वविद्यालय, सूचना तथा सञ्चार मन्त्रालय आदि ।

**(अं) सर्ग**

मूल शब्दको अगाडि वा पछाडि मिली अर्थ जाहेर गर्ने रूपलाई सर्ग भनिन्छ । यसअन्तर्गत पूर्वसर्ग र परसर्ग पर्दछन् । जस्तैः प्र, पस, बे, चान आइ आदि । यस्ता शब्दहरू शब्दकोशको मूल प्रविष्टिमा राखिन्छन् ।

**(अः) उखानटुक्का र उद्धरण**

कुनै पनि भाषाको मौलिकपनलाई अभिव्यक्त गर्ने शाब्दिक एकाइलाई उखानटुक्का भनिन्छ । कुनै भाषिक समुदायको सांस्कृतिक तत्व पनि निहित हुने हुँदा यसले सम्बन्धित भाषाको विशेष अर्थ प्रदान गर्दछ । जस्तैः मन पोल्नु, आँखा तर्नु आदि । उखान टुक्काहरू शब्दको वर्णानुक्रमअनुरूपता भन्दा अर्थमा केन्द्रित भएर समावेश गरिएका हुन्छन् ।

**(अ) निपात**

आफ्नो स्वतन्त्र अर्थ नभएका तर प्रोगका सन्दर्भमा विशेष अर्थ व्यक्त गर्ने शब्दहरू नै निपात हुन् । यस्ता शब्दहरूलाई शब्दकोशमा पृथक् प्रविष्टि दिनु आवश्यक हुन्छ ।

**(आ) वर्ण**

स्वर र व्यञ्जन वर्णलाई मूल प्रविष्टिमा स्थान दिनु राम्रो मानिन्छ ।

**(इ) वैकल्पिक प्रविष्टि**

शब्दले दिने अर्थ एउटै हुने तर ती शब्दहरू विकल्पको रूपमा आउने गर्छन् भने त्यस्ता शब्दलाई वैकल्पिक रूप मानिन्छ । यस्ता शब्दलाई भूल प्रविष्टिमा एकभन्दा बढी ठाउँमा वर्णानुक्रममा देखाउनुपर्दछ । जस्तैः सम्झनु/सम्झिनु, बिसौनी/बिसाउनी आदि ।

**२.२.२.२ दोस्रो चरण**

कोश सम्पादनको दोसो चरण प्रविष्टि विधानको चरण हो । यसमा कोशीय प्रविष्टि र त्यससम्बन्धी सूचना दिने काम गरिन्छ । यसलाई उद्देश्य खण्ड र विधेय खण्ड गरी दुई भागमा विभाजन गरिन्छ । जस्तैः

**(क) उद्देश्य खण्ड**

शीर्ष शब्दसँग सम्बन्धित सूचनाहरूलाई यस खण्डमा दिइन्छ । जुन यसप्रकार छन् :

**(अ) शीर्षक शब्द**

शब्दकोशमा प्रवेश गराइने मुख्य शब्दलाई शीर्ष भनिन्छ (पोखरेल र काफ्ले, २०७४, पृ. १५०) । यसमा शब्दको आधारभूत रूप दिइन्छ । कोशको मूल प्रविष्टिमा राखिने हुँदा यसलाई स्रोत शब्द पनि भन्न सकिन्छ । जस्तैः 'देव', 'देवऋण', 'देवकन्या', 'देवकर्म', 'देवकार्य', जस्ता शब्दमध्ये 'देव' शब्दलाई शीर्ष शब्द मानिन्छ ।

**(आ) हिज्जे**

हरेक शब्दमा रहने वर्णमालाको व्यवस्थित प्रयोगलाई हिज्जे भनिन्छ (पोखरेल र काफ्ले, २०७४, पृ. १५१) । भभाषाको लेख्य मानकलाई स्थिर  गर्नक्ष हिज्जेले सघाउँदछ । शीर्ष शब्दको वर्णविन्यास लेख्य भाषाको मानक वर्णविन्यासअनुसार हुन्छ । शीर्ष शब्दको उदाहरणमा आएको 'देव' शब्द नै हिज्जे हो ।

**(इ) उच्चारण**

कोशमा प्रविष्टि दिइएको शब्दको अधिकारिक वा मानक ध्वन्यात्मक रूप नै उच्चारण हो (लामिछाने, २०७०, पृ. ५५) । यसले शब्दको उच्चारणमा एकरूपता कायम गर्न सहयोग गर्दछ । विशेष गरी पहिलो भाषी वक्ताहरूका लागि भन्दा दोस्रो भाषी वक्ताहरूका लागि उच्चारण बढी आवश्यक रहेको छ । जस्तैः

संसार-सन्सार, कक्षा - कक्छ्या

**(ई) व्याकरण निर्देश**

शब्दकोशमा प्रविष्टि दिइएका शब्दहरूले दिने व्याकरणात्मक अर्थसम्बन्धी सूचनालाई सङ्क्षेपमा सङ्केत गर्नु व्याकरण निर्देश हो (लामिछाने, २०७०, पृ. ५५) । यसको मुख्य उद्देश्य पविष्टिमा दिइएका शब्दहरूको व्याकरणिक ज्ञान दिलाउनु हो । उद्देश्य र विधेय दुबै खण्डमा यस्ता सूचनाहरू पाइन्छन् । व्याकरण निर्देशले शीर्ष शब्दको स्वरूप पहिल्याउन मद्दत गर्दछ भने विधेय खण्डमा उल्लेख हुने अर्थसम्बन्धी सूचना पहिचान गर्न पनि मद्दत गर्दछ । जस्तैः छोरो - ना. (बहु./ति. छोरा, स्त्री, छोरी) ।

**(उ) स्रोत निर्देश**

प्रविष्टिमा दिइएको शीर्ष शब्द कुन भाषाको हो र त्यसको मूलस्रोत कुन हो भन्ने कुरा कोशमा उल्लेख गर्नु नै स्रोत निर्देश हो (लुइँटेल, २०५८, पृ. ६४) । शब्दको

मूलस्रोतसम्बन्धी ज्ञानका लागि यसको आवश्यकता पर्दछ । नेपाली भाषाको वर्णविन्यास कतिपय स्थितिमा शब्दको स्रोतमा आधारित रहेकाले स्रोत निर्देश सूचनाले नेपाली वर्णविन्यासको स्वरूपलाई पहिचान गर्न समेत मद्दत मिल्दछ । जस्तै :

अग्नि (तत्स.), पूर्वीय (तत्स.)

**(ऊ) व्युत्पत्ति**

व्युत्पत्ति भन्नाले रूप र अर्थका दृष्टिले कुनै शब्दको विकासक्रम निर्देश गर्नु हो (लम्साल, २०५७, पृ. ११६) । शब्दहरूको माउ रूप पहिल्याउनका निम्ति शब्दकोशमा व्युत्पत्तिको प्रमुख भूमिका रहन्छ । कोशमा व्युत्पत्ति दिदा कुनै शाब्दिक एकाइको विकास, मूलस्रोत, मूलघटक, ध्वन्यात्मक तथा अर्थात्मक विकास र अन्य भाषाको सहरूपसँग तुलना अङ्कित गरिन्छ र सामान्य प्रविष्टिको अर्थभन्दा अगाडि कोष्ठकभित्र राखिन्छ । व्युत्पत्तिलाई ऐतिहासिक र समकालिन गरी दुई तरिकाबाट देखाउन सकिन्छ । जस्तै :

**मिठो** – [ ? मिष्ट ]     **सिङ्गो** – [< सिङ्गल ]     (ऐतिहासिक व्युत्पत्ति)

**अत्यधिक** – [अति + अधिक] **घरेलु** – [घर + एलु] {समकालिन व्युत्पत्ति (सर्गको विच्छेद)}

**(ख) विधेय खण्ड**

यस खण्डमा प्रत्येक कोशीय एकाइको विभिन्न तरिकाले अर्थविधान गरिन्छ । जस्तैः

**(अ) अर्थविधान**

कोश निर्माणको दोस्रो चरणको यो महत्त्वपूर्ण पक्ष हो । विशेषतः शब्दको शब्दसम्बन्धी अर्थ प्राप्तिका लागि तयार गरिएको हुन्छ । कोशको विधेय भागमा प्रसङ्गतः अन्य कोशीय सूचनाहरू पनि स्वभाविक र आवश्यक उपलब्धका रूपमा आए पनि मूलतः यो भाग अर्थ विधानकै केन्द्रीयतामा निर्भर रहेको हुन्छ (पौडेल, २०७३, पृ. १०३) ।

**(आ) परिभाषीकरण**

कोशीय एकाइको व्याख्या, वर्णन, परिचय, विवेचना तथा परभाषाद्वारा अर्थ निर्धारण गर्ने एउटा महत्त्वपूर्ण युक्ति नै परिभाषीकरण हो (लम्साल, २०५७, पृ. ११८) । एउटा शब्दलाई विभिन्न अन्य शब्दद्वारा अर्थ्याउनु नै शब्दको परिभाषीकरण हो । जस्तैः

**दार्शनिक–** ना. (स.) दर्शनशास्त्र पढेको व्यक्ति । वि. दर्शनसम्बन्धी, दर्शनमा आधारित, वि. चिन्तक, विचारक ।

**(इ) पर्याय**

संरचना बेग्लै भएपनि समान वा उही अर्थ दिने भाषिक एकाइलाई पर्याय भनिन्छ ( पोखरेल र काफ्ले, २०७४, पृ. १५८) । शब्दकोशमा शीर्षशब्दको अर्थ स्पष्ट पार्न पर्यायवाची शब्दको विधान गरिन्छ । जस्तैः

**बहादुरी** – वि. [ तु. ] वीर; साहसी; पराक्रमी, आँटिलो ।

**(ई) विपर्याय**

विपरीत वा उल्टो किसिमको अर्थ व्यक्त गर्ने शब्दलाई विपर्याय भनिन्छ (लम्साल, २०५७, पृ. १२४) । कोशमा समावेश गरेका सबै शब्दहरूको पर्याय, उदाहरण वाक्यमा प्रयोग गर्न नसकेको अवस्थामा विपर्याय शब्दका माध्यमबाट अर्थ प्रस्ट पार्न उपयुक्त हुन्छ । जस्तैः

अँध्यारो – ना. उज्यालो          **राम्रो** – वि. नराम्रो

**(उ) उदाहरण**

कोशीय एकाइहरूको अर्थगत विशेषता व्यक्त गर्न शाब्दिक उदाहरणको रूपमा गरिने प्रासङ्गिक प्रयोगलाई उदाहरण भनिन्छ (लम्साल, २०५७, पृ. १३२) । कोशमा रहेका सबै शीर्ष शब्दहरूको उदाहरण दिन नसकिने भएतापनि उखान टुक्काजस्ता शब्दहरूमा भने उदाहरणको महत्त्व अनिवार्य रहेको हुन्छ । यस्ता उदाहरण दिँदा आफैँले निर्माण गरेका भन्दा कुनै सङ्कथनमा व्यक्तिएका उदाहरणलाई समावेश गर्नु राम्रो मानिन्छ । जस्तै :

**अनारदाना** – ना.१ अनार फलभित्रको रसदार स्वादिलो गेडो । वि.२ अनारको दानाजस्तो । (उदा. अनारदाना दाँतका लहर खोलेर हाँसन (मुनामदन– लक्ष्मीप्रसाद देवकोटा) ।

**(ऊ) चित्राङ्कन**

कोशीय एकाइको अर्थ प्रस्ट पार्न चित्र, रेखाचित्र, आदिको प्रयोग गर्ने तरिकालाई चित्राङ्कन भनिन्छ (लम्साल, २०५७, पृ. १३२) । शब्द र अर्थले स्पष्ट पार्न नसकेको अर्थलाई

चित्रले प्रसट पार्ने काम गर्दछ । कुनै विशेष ठाउँ, जनावर, पशुपंक्षी आदिको बारेमा जानकारी दिन चित्राङ्कनको प्रयोग गर्न सकिन्छ ।

**(ए) विवृत्ति**

शब्दकोशमा शीर्ष शब्दको अर्थलाई स्पष्ट पार्न गरिने व्याख्या विवेचना एवम् टिप्पणीजस्ता प्रयासलाई विवृत्ति भनिन्छ (पोखरेल र काफ्ले, २०७४, पृ. १५४) । यसलाई कोष्ठकमा जनाइन्छ । जस्तैः

**छोरो** – ना. ( बहु./ति. छोरा, स्त्री : छोरी ) ।

**(ऐ) बीजक**

कोशीय एकाइको कार्य विषय तथा स्तर र प्रयोग क्षेत्रलाई जनाउन प्रयोग गरिने कुनै शब्द वा पदावलीलाई बीजक भनिन्छ (लम्साल, २०५७, पृ. १२४) । कोशमा यसको मुख्य प्रयोजन न्यूनतम स्थानमा अधिकतम सुचना दिनु हो । बीजकले शब्दको प्रकार्यपरक (व्याकरणिक अर्थ), विषयपरक (कानुन, साहित्य, कृषि, विज्ञान आदि) र स्तरपरक (शिष्ट, ग्राम्य, गाली, भाषिका, स्थानिय भेगका नाम आदि) शब्दको प्रयोग क्षेत्रलाई सङ्केत गर्ने काम गर्दछ । जस्तै :

**कोश**– ना. **लेख्नु** – स. क्रि. (व्याकरण)

**इजलास**– ना. [ अ. ] मुद्दामामिलाको काम गर्ने न्यायिक निकाय, अदालत, सभा बैठक (कानुन)

**घिच्नु** – खानु (गाली) **सुपो** – नाङ्लो (भाषिका)

**(ओ) प्रतिनिर्देश**

कोशीय एकाइसँग अन्य शब्दको पारस्परिक सम्बन्ध देखाउनु नै प्रतिनिर्देश हो (लम्साल, २०५७, पृ. १२९) । यसले अर्थगत समानता, असमानता र पूरकताका आधारमा कोशीय एकाइहरूको अन्तर्सम्बन्धलाई निर्देश गर्छ । यसले कोशीय सूचनाहरूलाई सङ्गठित र संक्षिप्त बनाउँछ । जस्तै :

**अर्नी** – हे. खाजा (व्यक्त प्रतिनिर्देश) **अँध्यारो** – विप. उज्यालो (अव्यक्त प्रतिनिर्देश)

### २.२.२.३ तेस्रो चरण

कोश सम्पादनको तेस्रो चरण रूपविधानको चरण हो । यो कोशको अन्तिम चरण भएकाले यसमा कोशमा सम्बद्ध सबै सामग्रीहरूलाई प्रयोक्ताको आवश्यकता र कोशको प्रयोजनअनुसार सहज किसिमले समावेश गरी तिनलाई क्रमबद्ध तरिकाले व्यवस्थित गरेर मुद्रण गर्ने काम गरिन्छ । यस चरणका आधारभूत पक्षहरूलाई यसरी चर्चा गर्न सकिन्छ :

**(क) प्रविष्टि अनुक्रम**

कुनै निश्चित आधारअनुसार कोशमा उद्दिष्ट प्रविष्टिको क्रमिक विन्यास गर्नु प्रविष्टि अनुक्रम हो (लम्साल, २०५७ : १३५) । सामान्य रूपमा हेर्दा यो त्यति गहन विषयको रूपमा मानिँदैन तर कोशमा यसको महत्त्वपूर्ण भूमिका हुन्छ । यसका आधारमा कोशले वैज्ञानिकता ग्रहण गर्दछ । यस्ता अनुक्रम विशेषतः तीन किसिमका हुन्छन् । जस्तैः

**(अ) वर्णानुक्रम**

शब्दहरूको वर्णानुक्रमलाई सम्बन्धित भाषाको वर्णमालाअनुसार पहिलो, दोस्रो आदि वर्णानुक्रमबाट उठेका शब्दहरूलाई क्रमिक रूपमा शब्दकोशमा स्थान दिइन्छ । यसमा चन्द्रविन्दु, शिरविन्दु, विसर्गलाई क्रमशः वर्णक्रमको सबैभन्दा अगाडि राखिन्छ भने क्ष, त्र, ज्ञ लाइ क्रमशः क, त, ज वर्णक्रममा राखिन्छ । शब्दकोशको आदि, मध्य र अन्त्य भागसम्म वर्णानुक्रमको स्थिति भङ्ग हुन दिनु हुँदैन ।

**(आ) विषयानुक्रम**

विषयानुक्रमलाई विचारपरक, आर्थी वा वर्गात्मक अनुक्रम पनि भनिन्छ । यसमा कुनै ठाउँमा वनस्पति कुनै ठाउँमा शारीरिक अवयव अनि कुनै ठाउँमा जनावर जनाउने शब्दहरू राखी विषयानुरूप वर्गीकरण गरिन्छ (लम्साल, २०५७, पृ. १३६) । यस्ता कोशमा कुनै एक विषयका पछि अर्को विषयका शब्दहरूलाई क्रमशः अनुक्रम गरिन्छ ।

**(इ) विविध अनुक्रम**

यसमा वर्णानुक्रम र विषयानुक्रम बाहेकका अन्य सबै अनुक्रमलाई समावेश गरिएको हुन्छ । विचार, सुर, ताल, धातु, व्युत्पादन आदि जस्ता अनुक्रममा आधारित हुने कोश नै विविध अनुक्रम हो ।

**(ख) प्रविष्टि विन्यास**

कोशमा रहेका प्रत्येक कोशीय एकाइ र त्यससम्बन्धी विवरणको सङ्कलन गर्ने कार्यलाई नै प्रविष्टि विन्यास भनिन्छ (लम्साल, २०५७, पृ. १३७) । यो दुई प्रकारको हुन्छ :

**(अ) मूल प्रविष्टि**

कोशको बायाँ भागमा गाढा आकारमा लेखिएको शीर्षशब्दलाई नै मूलप्रविष्टि भनिन्छ (लम्साल, २०५७, पृ. १३७) । जस्तैः 'ज्यान'- ना. ।

**(आ) उपप्रविष्टि**

कुनै शीर्ष शब्दमा आधारित मूल प्रविष्टिको गर्भ वा पेट व्यहोरामा रहने भाग नै उपप्रविविष्टि हो (लम्साल, २०५७, पृ. १३८) । मूल प्रविष्टिको एक भागका रूपमा यसलाई लिइन्छ । यसले न्यूनतम स्थानमा अधिकतम सूचना दिन र सूचना प्रस्तुतमा सङ्क्षिप्तता ल्याउन सहयोग गर्दछ । जस्तैः

**नियुक्ति** - ना. (स.) कुनै कार्यमा वेतन वा पारिश्रमिक पाउने गरी भर्ना हुने काम, भर्ती, नियुक्ति हुने कार्य ।

**अधिकार** - ना. कुनै पदमा कर्मचारी भर्ना गर्न पाउने अधिकार । पत्र - ना. कर्जा भएको प्रमाणपत्र ।

**(ग) नीडन**

शब्दकोशमा शीर्ष शब्दसँग समास, द्वित्व, प्रत्यय, उखान-टुक्का, उपप्रविष्टिजस्ता आदिलाई जोड्न प्रयोग गरिने चिह्नलाई निडन भनिन्छ (पोखरेल र काफ्ले, २०७४, पृ. १५६) । शब्दकोशमा नीडनलाई जनाउन योजक र घुँघुरिएको धर्को वा अङ्कुसे चिह्नको प्रयोग गरिन्छ । जस्तैः

**नोकर ~ चाकर ~ साही**

**विवेक ~ पूर्ण ~ शील ~ शून्य ~ हीन आदि ।**

**(घ) संसक्त प्रविष्टि**

अर्थ, उदाहरण, टिप्पणी आदि समावेश नगरिएको कोशीय प्रविष्टिमा रहने उपप्रविष्टि र नीडन समानको भाग नै संसक्त प्रविष्टि हो (लम्साल, २०५७, पृ. १४३) । नेपाली भाषामा ता, नु, ने, न जस्ता प्रत्ययलाई जनाउन यसको प्रयोग गरिन्छ । जस्तै :

**सक्रिय**– वि. [सं.] लगनको काम गर्ने वा काममा दत्तचित्र भएको; क्रियात्मक रूपमा लागिरहने, गतिशील ~ ता ना. ।

**(ङ) चिह्नप्रयोग**

चिह्नहरूको सही प्रयोगले कोशलाई व्यवस्थित बनाउने काम गर्दछ । कोश सम्पादन गर्दा सामान्यतः यस किसिमका चिह्नहरूको प्रयोगमा सतर्कता अपनाउनु पर्दछ :

| | | | | | |
|---|---|---|---|---|---|
| पूर्णविराम | । | अल्पविराम | , | अर्धविराम | ; |
| प्रश्नवाचक | ? | योजक/निर्देशक | – | विस्मयादिबोधक | ! |
| नीडन | ~ | वाण | ← | विकल्प | / |
| सङ्क्षेपीकृत | . | समानान्तर | = | तारा | * |
| ठूलो कोष्ठक | [ ] | सानो कोष्ठक | ( ) | एकल उद्धरण | ‘ ’ |
| दोहोरो उद्धरण | “ ” | अगाडि देखाउने व्युत्पन्न | < | पछाडि देखाउने व्युत्पन्न | > |

**(च) पूर्वोत्तर भागको संयोजन**

यसमा कोशको पूर्व भागमा रहेका भूमिका, कृतज्ञताज्ञापन, परिचय, कोश निर्देशिका आदि पक्षलाई व्यवस्थापन गर्नुका साथै उत्तर भागको परिशिष्टमा रहेका पक्षहरूको समेत व्यवस्थापन गर्ने काम गरिन्छ । यो कार्यसँगै कोश सम्पादनको प्रक्रिया पनि समाप्त हुन्छ ।

प्रस्तुत लेख कोशको स्वरूपमा आधारित भएर लेखिएको लेख हो । यसमा कोशमा प्रयुक्त विभिन्न भागको अध्ययन गर्नु, विश्लेषणका सैद्धान्तिक आधारहरू पहिल्याउनु जस्ता यसका उद्देश्य रहेका छन् । यी उद्देश्य पूरा गर्नका लागि पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । विभिन्न पुस्तक, शोधपत्र र शब्दकोशबाट सामग्री सङ्कलन वा सिद्धान्तको अध्ययन गरिएकाले यसमा व्याख्यात्मक विधि अपनाएर विश्लेषण गरिएको छ । शब्दकोश

निर्माण गर्दा कुन भागमा के कुरा राख्नुपर्दछ र कोशलाई कसरी व्यवस्थित गरेर राख्न सकिन्छ भनेर अध्ययन गरिएको छ । कोशलाई तीन भागमा विभाजन गरिएको हुन्छ । पूर्व भागमा सामान्य जानकारी तथा कोशमा के कस्ता कुराहरू कुन कुन ठाउँमा राखिएको छ भन्ने जानकारी दिइएको हुन्छ । शब्दकोशको मूल भागमा शब्दको वर्णानुक्रम, उच्चारण, व्युत्पत्ति, अर्थ, प्रयोग आदि दिइएको हुन्छ भने अन्त्य भागमा सङ्क्षेप शब्द, व्युत्पादन, नियम, उदाहरण नियम, प्राविधिक शब्दका सूची आदि समसामयिक सामान्य कुराहरू राखिएको हुन्छ ।

अतः शब्दकोश निर्माण गर्दा विभिन्न प्रक्रिया र पद्धति अवलम्बन गर्ने गरिन्छ । कठिन परिश्रमका साथ निकै लामो समयपश्चात् निर्माण गरिने शब्दकोशलाई सम्पादन सम्पादन गर्ने जुनसुकै कोशकारलाई कोशको जानकारी हुनुपर्ने हुन्छ । व्यवस्थित र वैज्ञानिक तरिकाले कोशको सैद्धान्तिक अध्ययन विश्लेषण गरी शब्दकोशको निर्माण गर्नु अपरिहार्य मानिन्छ ।

# अध्याय तीन

# अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अध्ययनका लागि निम्नानुसारका विधि र प्रक्रिया अपनाइएको छ :

## ३.१ अध्ययन विधि

निश्चित समस्यामा आधारित शोधलाई उद्देश्यपूर्ण बनाउन शोधविधिको आवश्यकता पर्दछ । शोधकार्य प्रारम्भ गर्दा कस्तो विधि, प्रक्रिया र सामग्रीको उपयोग गरेर सम्पन्न गर्न सकिन्छ भन्ने कुराको खाका वा योजनालाई नै शोधविधि भनिन्छ । शोधविधिले शोधकार्यलाई सरल र व्यवस्थित ढङ्गले सम्पन्न गर्नमा सहयोग गर्दछ । प्रस्तुत शोधकार्य सैद्धान्तिक प्रकृतिको भएकाले निर्धारित लक्ष्य र उद्देश्य प्राप्तिका लागि मूल रूपमा पुस्तकालयीय अध्ययन प्रक्रियाको उपयोग गरिएको छ भने आवश्यकताअनुसार सामग्री सङ्कलन प्रक्रियाको समेत प्रयोग गरिएको छ । उक्त सामग्रीबाट सङ्कलन गरिएका शब्दहरूलाई वर्णानुक्रममा राखी नमुना शब्दकोश निर्माणका क्रममा व्याख्यात्मक तथा विश्लेषणात्मक विधिको पनि प्रयोग गरी निष्कर्षमा पुगिएको छ ।

## ३.२ जनसङ्ख्या र नमुना जनसङ्ख्या

काठमाडौँबाट दैनिक रूपमा प्रकाशित हुने राष्ट्रिय समाचार गोरखापत्रलाई जनसङ्ख्याको रूपमा लिइएको छ भने २०७५ सालका कार्तिक र मङ्सिर महिनाका ७, १४, २१ र २८ गते प्रकाशित भएका गोरखापत्रका सम्पादकीयलाई नमुना जनसङ्ख्याका रूपमा छनोट गरिएको छ ।

## ३.३ सामग्री सङ्कलनका स्रोत

प्रस्तुत अनुसन्धान कार्यलाई सम्पन्न गर्नका लागि अनुसन्धानलाई व्यवस्थित, वस्तुनिष्ठ र प्रामाणिक बनाउनका लागि शोधसँग सम्बन्धित सामग्रीहरूलाई दुई स्रोतबाट सङ्कलन गरिएको छ :

### ३.३.१ प्राथमिक स्रोत

प्रस्तुत शोधकार्यमा काठमाडौँबाट दैनिक प्रकाशित राष्ट्रिय समाचारको गोरखापत्रको सम्पादकीयलाई प्राथमिक स्रोतको सामग्रीको रूपमा उपयोग गरिएको छ ।

### ३.३.२ द्वितीयक स्रोत

प्रस्तुत शोधकार्यमा द्वितीयक स्रोत सामग्रीका रूपमा विभिन्न प्रकाशन गृहबाट प्रकाशित सैद्धान्तिक ग्रन्थ, पाठ्यपुस्तक, पत्रपत्रिका, लेख, रचना, शोध अनुसन्धान लगायत नेपाली बृहत् शब्दकोश र प्रयोगात्मक नेपाली शब्दकोशलाई विशेष उपयोगमा ल्याइएको छ । साथै शोधनिर्देशक र सहपाठीहरूबाट प्राप्त रायसुझाव सरसल्लाह तथा टीकाटिप्पणीलाई पनि उपयोग गरिएको छ ।

## ३.४ सामग्री सङ्कलन प्रक्रिया

(क) प्रस्तुत नमुना शब्दकोशमा शब्दहरू वर्णहरूको क्रमअनुसार राखिएको छ । शब्द खोज्नका लागि वर्णहरूको क्रम थाहा हुनुपर्दछ । सामान्य वर्णानुक्रमलाई निम्नानुसार देखाउन सकिन्छ :

स्वरवर्ण : अ, आ, इ, ई, उ, ऊ, ऋ, ए, ऐ, ओ, औ

व्यञ्जनवर्ण : क, ख, ग, घ, ङ, च, छ, ज, झ, ञ, ट, ठ, ड, ढ, ण, त, थ, द, ध, न, प, फ, ब, भ, म, य, र, ल, व, श, ष, स, ह

(ख) मात्रा लागेका वा नलागेका वर्णमा पनि चन्द्रविन्दु ( ँ ), शिरविन्दु ( ं ), विसर्ग/दवास विन्दु ( : ) लाग्दछ । जस्तैः अ, अँ, अँगार, अंश, अः, अचल

(ग) संयुक्त वर्ण क्ष, त्र, ज्ञलाई अलग्गै राखिएको छैन । क्+ष संयुक्त हुँदा क्ष, त्+र संयुक्त हुँदा त्र, ज्+ञ संयुक्त हुँदा ज्ञ हुने हुनाले क्रमशः, क, त, ज वर्णहरूमा आउने संयुक्त अक्षरको वर्णानुक्रममा राखिएको छ ।

(घ) शब्द खोज्दा वर्णानुक्रमसँगै बाह्रखरी अनुसारको मात्राको क्रमअनुसार खोज्नुपर्दछ । जस्तैः ा, ि, ी, ु, ू, े, ै, ो, ौ

(ङ) संयुक्त व्यञ्जन वर्ण भएका शब्दहरूलाई पनि वर्णानुक्रममा उल्लेख गरिएको छ । जस्तैः प्र, प्रा., प्रि . . .

(च) यसमा 'प' चाहिँ ऋकार भएकाले 'ऋ' जस्तै स्वरको मात्राको अनुक्रममा 'प' पछि नै राखिएको छ । जस्तैः पूर्व, पृथक्, पृष्ठ ।

(छ) पहिलो वर्णको मात्रापछि दोस्रो वर्ण र मात्राको वर्णानुक्रमअनुसार राखिएको छ । जस्तैः सन, सनई, सनक, सन्, सन्कनु ।

(ज) शीर्ष शब्दपछि छड्के ठाडा दुई धर्का // का बिच उच्चारणसम्बन्धी सूचना दिइएको छ । जस्तैः अग्रसर : /अग्रसर्/, अङ्गीकारः /अङ्गिकार्/, अडानः /अडान्/ ।

(झ) उच्चारणको सूचनापछि सादा कोष्ठक ( ) भित्र स्रोतसम्बन्धी सूचना दिइएको छ ।

(ञ) व्युत्पादनसम्बन्धी सूचना पनि समावेश गरिएको छ । यसलाई ठूलो कोष्ठक [ ] भित्र राखिएको छ ।

(ट) प्रत्ययबाट व्युत्पन्न भएको शब्दहरूको बिचमा आउने दीर्घ (स्त्रीलिङ्ग बाहेकका शब्दमा) सबैतिर ह्रस्व हुने गर्छ । जस्तैः खुसियाली, प्रभावकारिता, आज्ञाकारिता, प्रभावशालिता ।

(ठ) ऐतिहासिक व्युत्पत्तिका आधारमा संस्कृतबाट प्राकृत हुँदै क्षतिपूर्तिका रूपमा दीर्घ लेखिएका शब्दलाई पछिल्लो नियम अनुसार मूल प्रविष्टिमा ह्रस्व राखिएको छ । जस्तैः तितो, मिठो, सिप, रुखो ।

(ड) सङ्ख्या जनाउने सबै तद्भव शब्दहरूको अगाडि र बिचमा आउने वर्ण ह्रस्व लेखिएको छ । जस्तैः तिन, बिस, तिस ।

(ढ) तत्सम शब्दहरूमा तद्भव वा अन्य प्रत्यय लाग्दा र पहिले कथित क्षतिपूर्तिका रूपमा दीर्घ लेखिएका शब्दमा प्रत्यय लाग्दा पनि वर्णविन्यासमा तद्भव नियमको पालना गरिएको छ । जस्तैः स्विकार्नु, मिठाई, सिपालु ।

(ण) तत्सम शब्दहरूमा य, र, ल, व, श, ष, स, ह भन्दा अगिल्लो वर्णमा पञ्चम वर्णका लागि तत्समको नियमअनुसार नै शिरविन्दुको प्रयोग गरिएको छ । जस्तैः संयोग, संरक्षक, संलग्न ।

(त) तत्सम शब्दहरूमा पछिल्लो वर्ण अनुरूप अघिल्लो वर्णमा पञ्चम वर्ण (ङ्, ञ्, ण्, न्, म्) को प्रयोगलाई नै जोड दिइएको छ । जस्तैः अङ्ग, अञ्चल, कण्ठ, सन्तान, सम्बन्ध, सम्पन्न ।

(थ) कोशमा प्रविष्टि दिइएका शब्दहरूलाई स्रोतका आधारमा तत्समलाई (तत्स.), आगन्तुकलाई (आ.), अनुकरण मूलकलाई (अमू.) भनी सङ्केत गरिएको छ भने तद्भव शब्दलाई कुनै सङ्केत गरिएको छैन ।

(द) शीर्ष शब्दले वाक्यमा गर्ने कार्यअनुसार शब्दवर्गको सङ्केत गरिएको छ । जस्तैः नाम (ना.), सर्वनाम (सर्व.), विशेषण (वि.), सङ्ख्यावाचक (संवा), क्रियायोगी (क्रियो), नामयोगी (नायो.), संयोजक (संयो.), निपात (नि.) आदि उल्लेख गरिएको छ ।

(ध) शीर्ष शब्दको अर्थ स्पष्ट पार्न कतै वाक्यमा र कतै उदाहरणका रूपमा पदावली समेत राखिएको छ ।

## ३.५ सामग्री विश्लेषण प्रक्रिया

प्रस्तुत शोधकार्यका लागि काठमाडौँबाट प्रकाशित हुने गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकालाई प्राथमिक स्रोत सामग्रीका रूपमा लिएको छ । सैद्धान्तिक परिचय, पूर्वकार्यको समीक्षा, उपयोगिता र महत्त्वलाई स्पष्ट पार्नका लागि द्वितीयक सामग्रीको रूपमा विभिन्न सन्दर्भ पुस्तकहरू सैद्धान्तिक ग्रन्थ, शब्दकोश, पत्रपत्रिका, लेखरचना, शोधपत्रहरूका साथै शोधनिर्देशक तथा सहपाठीहरूबाट प्राप्त रायसुझावलाई उपयोग गरिएको छ ।

प्रस्तुत शोधकार्यलाई सम्पन्न गर्नका लागि पुस्तकालयीय कार्य, व्याख्यात्मक तथा विश्लेषणात्मक विधि उपयोगमा ल्याइएको छ । यस कार्यमा केन्द्रित रहेर अध्ययन अनुसन्धान गर्दा विशेषतः गोरखापत्र सम्पादकीयबाट शब्दहरू सङ्कलन गरी ती शब्दहरूलाई कोशमा प्रविष्टि दिई स्रोत, उच्चारण, व्युत्पत्ति, अर्थ, उदाहरण र प्रयोग आदि सूचनाहरूलाई हेर्ने काम गरिएको छ । यसका साथै कोशमा प्रविष्टि दिइएका शब्दहरूलाई वर्णानुक्रममा प्रस्तुत गरी ती शब्दहरूको स्रोत, उच्चारण, पदवर्ग, अर्थ र उदाहरण दिई बृहत् नेपाली शब्दकोश, प्रयोगात्मक नेपाली शब्दकोशका आधारमा शब्दकोश निर्माण गरिएको छ ।

शोधकार्यमा सामग्री सङ्कलनको प्रथम चरणमा गोरखापत्र सम्पादकीयमा समावेश भएका शब्दहरूलाई रेखाङ्कन गर्दै दोहोरिएका शब्दहरूलाई हटाई समाविष्ट शब्दहरूको सङ्कलन गरिएको छ । यसरी सङ्कलन गरिएका शब्दहरूलाई ‘नेपाली बृहत् शब्दकोश’ र ‘प्रयोगात्मक नेपाली शब्दकोश’का आधारमा वर्णानुक्रममा राखी अध्ययन गरिएको छ ।

# अध्याय चार

# गोरखापत्रको सम्पादकीयमा समाविष्ट शब्दहरू

## ४.१ विषयप्रवेश

यस अध्यायमा २०७५ कार्तिक र मङ्सिर महिनाका ७, १४, २१ र २८ गते प्रकाशित भएका गोरखापत्र सम्पादकीयबाट नदोहोरिने गरी शब्दहरू सङ्कलन गरिएको छ र ती शब्दहरूलाई नदोहोरिएकै आधारमा तालिकाद्वारा सङ्कलित शब्दहरूको सङ्ख्या उल्लेख गरिएको छ ।

### ४.१.१ २०७५/०७/०७ गते प्रकाशित गोरखापत्रको सम्पादकीयमा समाविष्ट शब्दहरू

| | | | |
|---|---|---|---|
| अधिकांश | कारण | जाँच | धार्मिक |
| अनुमान | कारबाही | जिल्ला | धेरै |
| अपराध | केही | झन्डै | ध्यान |
| आइतबार | को | टिकट | पक्ष |
| आइनु | खुसी | ट्याक्सी | परिचालित |
| आज | गत | तथा | परिवार |
| आपराधिक | गति | तथ्याङ्क | परिसर |
| आराम | गतिविधि | तर | पाँच |
| आवश्यक | घाइते | तुलना | पीडक |
| उच्च | चाड | थियो | पीडा |
| एक | चाप | दर्ता | फूल |
| ओसार्नु | चालक | दशैं | बढी |
| कति | चौथाई | दाबी | बिमा |
| करिब | छ | दिने | बुझाउनु |
| काठमाडौं | जना | दुर्घटना | बेला |

| | | | |
|---|---|---|---|
| भनाइ | मुलुक | वास्ता | सात |
| भन्दा | मृत्यु | विगत | साधन |
| भाडा | यकिन | व्यवस्था | सार्वजनिक |
| मनोरञ्जन | यस | सजग | सुरक्षा |
| मर्मत | यही | सडक | सेवन |
| मात्रै | र | समय | हिन्दु |
| मिटर | वटा | सय | हजार |
| मुख्य | वर्ष | सवारी | |

**व्याख्या तथा विश्लेषण**

प्रस्तुत शोधकार्यका लागि सामग्री सङ्कलन २०७५/७/७ गते को गोरखापत्र सम्पादकीयलाई प्राथमिक स्रोत सामग्रीका रूपमा लिएर प्रस्तुत गोरखापत्र सम्पादकीयबाट शब्दहरूको सङ्कलन गरिएको छ । यसमा सबैभन्दा बढी 'स' वर्णका १० वटा शब्दहरू र सबैभन्दा कम उ, ए, ओ, ख, घ, छ, झ, थ, फ, र वर्णका १/१ वटा शब्दहरू रहेका छन् । त्यसैगरी अ वर्णका ३ वटा, आ वर्णका ६ वटा, क वर्णका ७ वटा, ग वर्णका ३ वटा, च वर्णका ४ वटा, ज वर्णका ३ वटा, ट वर्णका २ वटा, त वर्णका ४ वटा, द वर्णका ५ वटा, ध वर्णका ३ वटा, प वर्णका ७ वटा, ब वर्णका ४ वटा, भ वर्णका ३ वटा, म वर्णका ७ वटा, य वर्णका ३ वटा, व वर्णका ५ वटा र ह वर्णका २ वटा शब्दहरू रहेका छन् भने इ, औ, ठ, ड, ढ, न, ल, श वर्णका शब्दहरूले यसमा प्रविष्टि पाएका छैनन् ।

**४.१.२ २०७५/७/१४ गते प्रकाशित गोरखापत्र सम्पादकीयमा समाविष्ट शब्दहरू**

| | | | |
|---|---|---|---|
| अडान | अन्ततः | आर्जन | कतार |
| अतिरिक्त | अन्य | आर्थिक | कम्पनी |
| अधिकार | अब | उचित | काम |
| अनुमान | अवस्था | एकतिहाइ | किटान |

| | | | |
|---|---|---|---|
| कुरा | भिसा | वैदेशिक | सम्बाधन |
| खर्च | भूमि | व्यक्ति | सम्भव |
| घर | भोग्नु | व्यवसायी | सरकार |
| तीन | मनोमानी | व्यापक | सामाजिक |
| थालनी | महत्त्व | शुल्क | सुरु |
| नियुक्ति | युवा | शोषण | सुविधा |
| नेपाल | राजनीतिक | संयुक्त | सेवा |
| नेपाली | रूप | संरक्षण | सोमवार |
| पत्र | रोजगार | सकारात्मक | स्पष्ट |
| परिवर्तन | लगायत | सबै | स्वास्थ्य |
| परीक्षण | लागि | समझदारी | हाराहारी |
| फिर्ता | विदेश | समस्या | हार्दिक |
| भार | विषय | सम्झौता | हित |

## व्याख्या तथा विश्लेषण

प्रस्तुत शोधकार्यका लागि सामग्री सङ्कलन २०७५ साल कार्तिक महिनाको १४ गतेको गोरखापत्र सम्पादकीयलाई प्राथमिक स्रोत सामग्रीका रूपमा लिएर प्रस्तुत गोरखापत्र सम्पादकीयबाट शब्दहरूको सङ्कलन गरिएको छ । यसमा सबैभन्दा बढी स वर्णका १७ वटा शब्दहरू रहेका छन् भने सबैभन्दा कम उ, ए, ख, घ, त, थ, फ, य वर्णका १/१ वटा शब्दहरू रहेका छन् । त्यसैगरी अ वर्णका ८ वटा आ वर्णका २ वटा, क वर्णका ५ वटा न वर्णका ३ वटा प, ३ वटा, भ वर्णका ४ वटा, म वर्णका २ वटा र वर्णका ३ वटा, ल वर्णका २ वटा, व वर्णका ६ वटा, श वर्णका २ वटा र ह वर्णका ३ वटा शब्दहरूले यसमा प्रविष्टि पाएका छन् । इ, ओ, औ, ग, च, छ, ज, झ, ट, ठ, ड, ढ, द, ध, ब वर्णका शब्दहरूले भने यसमा प्रविष्टि पाएका छैनन् ।

### ४.१.३ २०७५/०७/२१ गते प्रकाशित गोरखापत्र सम्पादकीयमा समाविष्ट शब्दहरू

| | | | |
|---|---|---|---|
| अन्न | गुणस्तर | नेपाली | विश्व |
| अभिन्न | चिरञ्जीवी | पटका | विश्वास |
| अवसर | चेतना | पशु | शान्ति |
| आतिथ्य | छन् | पूजा | शासन |
| आधुनिक | जीवन | प्रकट | शुक्ल |
| आराधना | टीका | फरक | शुभकामना |
| उज्यालो | ठूलो | बत्ति | संवत् |
| उत्सव | ढङ्ग | मानव | सद्भाव |
| उपलक्ष्य | तेल | मानिस | समस्त |
| काग | दानशील | यमदूत | समुदाय |
| कार्तिक | दियो | यमराज | सम्पन्न |
| कुकुर | दीपावली | यमुना | सम्बन्ध |
| कृतज्ञता | दीर्घायु | राजा | सांस्कृतिक |
| कृषि | देखासिकी | लक्ष्मी | साटासाट |
| कृष्ण | देवी | लापरबाही | सुख |
| गम्भीर | धन | विविध | हरेक |
| गाई | नाम | विशिष्ट | |

### व्याख्या तथा विश्लेषण

प्रस्तुत शोधकार्यका लागि सामग्री सङ्कलन २०७५/०७/२१ गतेको गोरखापत्र सम्पादकीयलाई प्राथमिक स्रोत सामग्रीका रूपमा लिएर प्रस्तुत गोरखापत्र सम्पादकीयबाट शब्दहरूको सङ्कलन गरिएको छ । यसमा सबैभन्दा बढी स वर्णका ९ वटा शब्दहरू रहेका छन् भने सबैभन्दा कम छ, ज, ट, ठ, ढ, त, ध, फ, ब, र, ह वर्णका १/१ वटा शब्दहरू रहेका छन् । त्यसैगरी अ, आ, उ वर्णका ३/३ वटा, क वर्णका ६ वटा, ग वर्णका ३ वटा, च वर्णका २ वटा, द वर्णका ६ वटा, न वर्णका २ वटा, प वर्णका ४ वटा म वर्णका २ वटा, य वर्णका ३ वटा, ल वर्णका २ वटा, व, श वर्णका ४/४ शब्दहरू रहेका छन् । इ, ए, ओ, औ, ख, घ, झ, ड, थ, भ वर्णका शब्दहरूले यसमा प्रविष्टि पाएका छैनन् ।

### ४.१.४ २०७५/०७/२८ गते प्रकाशित गोरखापत्र सम्पादकीयमा समाविष्ट शब्दहरू

| | | | |
|---|---|---|---|
| अध्ययन | उजुरी | छिटो | धम्की |
| अनियमितता | उल्लेख | जनता | नगरपालिका |
| अनुगमन | उहाँ | जनप्रतिनिधि | निर्देशन |
| अनुदान | कमी | जनशक्ति | निर्वाचित |
| अनुपात | कर्मचारी | जानकारी | परिकल्पना |
| अनुभव | कानुन | जिम्मेवारी | पूर्ण |
| अभाव | काम | जिल्ला | पूर्वाधार |
| अभ्यास | कार्य सम्पापदन | ठेक्का | प्रभावकारी |
| अवधि | कार्यान्वयन | डेढ | प्रभावित |
| अवलम्बन | गिट्टी | ढिलासुस्ती | बजेट |
| अविश्वास | घोषणा | ढुङ्गा | बाटो |
| असन्तुष्ट | चित्त | तह | भूमिका |
| आयोग | चिन्ता | दिवा | भ्रष्टाचार |
| आयोजन | छनोट | दोष | मुगु |

| | | | |
|---|---|---|---|
| योजना | विकास | सचेतना | सिर्जना |
| रुकुम | संयन्त्र | सञ्चालन | स्थानीय |
| वार्षिक | संविधान | समग्र | |

**व्याख्या तथा विश्लेषण**

प्रस्तुत शोधकार्यका लागि सामग्री सङ्कलन २०७५/०७/२८ गतेको गोरखापत्र सम्पादकीयबाट गरिएको छ । यसमा सबैभन्दा बढी अ वर्णका १२ वटा शब्दहरू रहेका छन् भने सबैभन्दा कम ग, घ, ठ, ड, त, ध, म, र वर्णका १/१ वटा शब्दहरू रहेका छन् । त्यसैगरी आ वर्णका २ वटा, ऊ वर्णका ३ वटा, क वर्णका छ वटा, च, छ, ढ, द, ब, भ, य, व वर्णका २/२ वटा, ज वर्णका ६ वटा, न वर्णका ३ वटा, प वर्णका ५ वटा, स वर्णका ७ वटा शब्दहरू रहेका छन् । इ, ए, ओ, औ, ख, झ, ट, थ, फ, ल, श, ह वर्णका शब्दहरूले यसमा प्रविष्टि पाएका छैनन् ।

**४.१.५ २०७५/०८/०७ गते प्रकाशित गोरखापत्र सम्पादकीयमा समाविष्ट शब्दहरू**

| | | | |
|---|---|---|---|
| अगाडि | कायम | निष्कर्ष | मेलमिलाप |
| अग्रसर | कार्यभार | परिपूरण | राज्य |
| अङ्गीकार | कुन | पीडित | राहत |
| अनुभूति | कोष | प्रशंसा | विस्तृत |
| अपाङ्ग | घाउ | बाँकी | विस्थापित |
| अवशेष | छानविन | बुद्धिमानी | शाही |
| उच्चस्तरीय | तत्काल | भन्ने | शिक्षा |
| उदाहरणीय | दल | भविष्य | सिद्धान्त |
| उन्मुक्ति | द्वन्द्व | माध्यम | हतियार |
| उपलब्धि | निर्वाचन | मुद्दा | हाम्रो |

### व्याख्या तथा विश्लेषण

प्रस्तुत शोधकार्यका लागि सामग्री सङ्कलन २०७५/८/७ गतेको गोरखापत्र सम्पादकीयबाट गरिएको छ । यसमा सबैभन्दा बढी अ वर्णका ६ वटा शब्दहरू रहेका छन् र सबैभन्दा कम घ, छ, त, स वर्णका १/१ वटा शब्दहरू रहेका छन् । त्यसैगरी उ वर्णका ४ वटा, क वर्णका ४ वटा, द, न, ब, भ, र, व, श, ह वर्णका २/२ वटा, प, म वर्णका ३/३ वटा शब्दहरू रहेका छन् । आ, इ, ए, ओ, औ, ख, ग, च, ज, झ, ट, ठ, ड, ढ, थ, ध, फ, य, ल, वर्णका शब्दहरूले यसमा प्रविष्टि पाएका छैनन् ।

### ४.१.६ २०७५/८/१४ गते प्रकाशित गोरखापत्र सम्पादकीयमा समाविष्ट शब्दहरू

| | | | |
|---|---|---|---|
| अशिक्षित | घाट | दिगो | मात्रा |
| आँखा | घुमफिर | नियन्त्रण | रकम |
| आकर्षण | चङ्गुल | पैसा | शरीर |
| कठिन | जागिर | प्रभाव | शिक्षित |
| कम्पनी | ठगी | प्रलोभन | स्वीकृत |
| करोड | तलब | बजार | हासिल |

### व्याख्या तथा विश्लेषण

प्रस्तुत शोधकार्यका लागि सामग्री सङ्कलन २०७५/८/१४ गतेको गोरखापत्र सम्पादकीयबाट गरिएको छ । यसमा सबभन्दा बढी क र प वर्णका ३/३ वटा शब्दहरू र सबभन्दा कम अ, च, ज, ठ, त, द, न, ब, म, र, स, ह वर्णका १/१ वटा शब्दहरू रहेका छन् । आ वर्णका २ वटा, घ, श वर्णका २/२ वटा शब्दहरू रहेका छन् । इ, उ, ए, ओ, औ, ख, ग, छ, झ, ट, ड, ढ, थ, ध, फ, भ, य, ल, व वर्णका शब्दहरूले यसमा प्रविष्टि पाएका छैनन् ।

### ४.१.७ २०७५/८/२१ गते प्रकाशित गोरखापत्र सम्पादकीयमा समाविष्ट शब्दहरू

| | | | |
|---|---|---|---|
| अध्यक्षता | आफ्नो | ओली | कार्यक्रम |
| आधार | उद्देश्य | औसत | कार्यालय |

| | | | |
|---|---|---|---|
| खरिद | प्रवृत्ति | लुम्बिनी | सम्बद्ध |
| चरण | बैठक | लोकमार्ग | साता |
| तराइ | मङ्सिर | वास्तविक | सिँचाइ |
| निकाय | मन्त्री | शर्मा | सुस्त |
| नीति | महिना | सचिव | हुलाकी |
| पटक | यति | सन्तोषजनक | |
| परिणाम | राष्ट्रिय | समिति | |
| पुस्ता | लक्षित | समीक्षा | |

## व्याख्या तथा विश्लेषण

प्रस्तुत शोधकार्यका लागि सामग्री सङ्कलन २०७५/०८/२१ गतेको गोरखापत्र सम्पादकीयबाट गरिएको छ । यसमा सबभन्दा बढी स वर्णका ८ वटा शब्दहरू रहेका छन् भने सबभन्दा कम अ, उ, ओ, औ, ख, च, त, ब, य, र, व, ह वर्णका १/१ वटा शब्दहरूले प्रविष्टि पाएका छन् । त्यसैगरी आ वर्णका २ वटा क वर्णका २ वटा, न वर्णका २ वटा, प वर्णका ४ वटा, म वर्णका ३ वटा, ल वर्णका ३ वटा शब्दहरू रहेका छन् । इ, ए, ग, घ, छ, ज, झ, ट, ठ, ड, ढ, थ, द, ध, फ, भ, वर्णका शब्दहरूले यसमा प्रविष्टि पाएका छैनन् ।

### ४.१.८ २०७५/८/२८ गते प्रकाशित गोरखापत्र सम्पादकीयमा समाविष्ट शब्दहरू

| | | | |
|---|---|---|---|
| अधिकारकर्मी | उमेर | डिसेम्बर | निकै |
| आधार | कुनै | दण्डित | निर्जीव |
| आवधिक | के | दबाब | पछिल्लो |
| आवाज | कोइराला | दर | पश्चिम |
| इज्जत | गरिब | दलाल | पुष्टि |
| उत्तरदायी | गल्ती | दुर्व्यवहार | पेदा |
| उद्योग | घरेलु | नारा | प्रयास |

| | | | |
|---|---|---|---|
| प्राथमिकता | लक्ष्य | वैधानिक | सो |
| प्रोत्साहन | लामो | शारीरिक | स्थापना |
| फलस्वरूप | लैङ्गिक | संशोधन | स्वदेश |
| मन | वा | समाचार | हक |
| मुक्त | विद्यार्थी | साढे | हाल |
| राष्ट्रपति | विभेद | सेना | |

**व्याख्या तथा विश्लेषण**

प्रस्तुत शोधकार्यका लागि सामग्री सङ्कलन २०७५/०८/२८ गतेको गोरखापत्र सम्पादकीयबाट गरिएको छ । यसमा सबभन्दा बढी प, स वर्णका ७/७ वटा शब्दहरू रहेका छन् भने सबभन्दा कम अ, इ, घ, ड, फ, र, श वर्णका १/१ वटा शब्दहरू रहेका छन् । त्यसैगरी आ, उ वर्णका ३/३ वटा, क, न, ल, वर्णका ३/३ वटा ग, म, ह वर्णका २/२ वटा, द, व वर्णका ५/५ वटा शब्दहरू रहेका छन् । ए, ओ, औ, ख, च, छ, ज, झ, ट, ठ, ढ, त, थ, ध, ब, भ, य वर्णका शब्दहरूले यसमा प्रविष्टि पाएका छैनन् ।

## ४.२ निष्कर्ष

प्रस्तुत शोधकार्यका लागि सामग्री सङ्कलन गोरखापत्र सम्पादकीयबाट लिइएको छ । यसबाट लिइएका शब्दहरूलाई तालिकाद्वारा निम्नानुसार प्रस्तुत गरी विश्लेषण गरिएको छ :

| वर्ण | ०७/०७ | ७/१४ | ७/२१ | ७/२८ | ८/७ | ८/१४ | ८/२१ | ८/२८ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| अ | ३ | ८ | ३ | १२ | ६ | १ | १ | १ | ३५ |
| आ | ६ | २ | ३ | २ | - | २ | २ | ३ | २० |
| इ | - | - | - | - | - | - | - | १ | १ |
| उ | १ | १ | ३ | ३ | ४ | - | १ | ३ | १६ |
| ए | १ | १ | - | - | - | - | - | - | २ |
| ओ | १ | - | - | - | - | - | १ | - | २ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| औ | – | – | – | – | – | – | १ | – | १ |
| क | ७ | ५ | ६ | ६ | ४ | ३ | २ | ३ | ३६ |
| ख | १ | १ | – | – | – | – | १ | – | ३ |
| ग | ३ | – | ३ | १ | – | – | – | २ | ९ |
| घ | १ | १ | – | १ | १ | २ | – | १ | ७ |
| च | ४ | – | २ | २ | – | १ | १ | – | १० |
| छ | १ | – | १ | २ | १ | – | – | – | ५ |
| ज | ३ | – | १ | ६ | – | १ | – | – | ११ |
| झ | १ | – | – | – | – | – | – | – | १ |
| ट | २ | – | १ | – | – | – | – | – | ३ |
| ठ | – | – | १ | १ | – | १ | – | – | ३ |
| ड | – | – | – | १ | – | – | – | १ | २ |
| ढ | – | – | १ | २ | – | – | – | – | ३ |
| त | ४ | १ | १ | १ | १ | १ | १ | – | १० |
| थ | १ | १ | – | – | – | – | – | – | २ |
| द | ५ | – | ६ | २ | २ | १ | – | ५ | २१ |
| ध | ३ | – | १ | १ | – | – | – | – | ५ |
| न | – | ३ | २ | ३ | २ | १ | २ | ३ | १६ |
| प | ७ | ३ | ४ | ५ | ३ | ३ | ४ | ७ | ३६ |
| फ | १ | १ | १ | – | – | – | – | १ | ४ |
| ब | ४ | – | १ | २ | २ | १ | १ | – | ११ |
| भ | ३ | ४ | – | २ | २ | – | – | – | ११ |
| म | ७ | २ | २ | १ | ३ | १ | ३ | २ | २१ |
| य | ३ | १ | ३ | २ | – | – | १ | – | १० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| र | १ | ३ | १ | १ | २ | १ | १ | १ | ११ |
| ल | - | २ | २ | - | - | - | ३ | ३ | १० |
| व | ५ | ६ | ४ | २ | २ | | १ | ५ | २५ |
| श | - | २ | ४ | - | २ | २ | १ | १ | १२ |
| स | १० | १७ | ९ | ७ | १ | १ | ८ | ७ | ६० |
| ह | २ | ३ | १ | - | २ | १ | १ | २ | १२ |

समग्रमा ८ वटै सम्पादकीयलाई तुलना गर्दा 'स' वर्णका ६० वटा शब्दहरू रहेका छन् र सबभन्दा कम 'इ', 'ओ' र 'झ' वर्णका १/१ वटा शब्दहरूले प्रविष्टि पाएका छन् भने स्वरवर्णका ई, ऊ, ऋ, ऐ र पञ्चम वर्णका 'ङ', 'ञ', 'ण' र 'ष' शब्दहरूले कुनै पनि सम्पादकीयमा प्रविष्टि पाएका छैनन् ।

# अध्याय पाँच

# गोरखापत्रको सम्पादकीयमा समाविष्ट शब्दहरूको नमुना शैक्षिक शब्दकोश निर्माण

यस अध्यायमा गोरखापत्रको सम्पादकीयमा समाविष्ट शब्दहरूको नमुना शब्दकोश निर्माण गरिएको छ । नमुना शब्दकोश निर्माण गर्दा पहिले शीर्ष शब्दलाई राखिएको छ र शीर्ष शब्दको उच्चारण, स्रोत, व्युत्पादन, शब्दवर्ग, उदाहरण र वाक्यमा प्रयोग गरी देखाइएको छ ।

## ५.१ गोरखापत्र सम्पादकीयमा समाविष्ट शब्दहरूको नमुना शैक्षिक शब्दकोश निर्माण

(अ)

अगाडि – /अगि+आडि/ नायो. १. सामुन्ने, अगिल्तिर । घर अगाडि चौर छ । क्रियो २. पहिले, सुरुमा, विप. पछाडि । अगाडि नै मैले तिमीलाई सम्झाएको थिएँ । ३. त्यसपछि । हिँड्दै जाऊ, अगाडि मूल बाटो भेटिन्छ ।

अग्रसर – /अग्ग्रसर्/ (तत्स.) [अग्र+सर] वि. कुनै काममा अगि बढ्ने, अगिसरा, अग्रणी । राम सभामा बोल्न अग्रसर भयो ।

अङ्गीकार – /अङ्गिकार्/ (तत्स.) [अङ्ग+ई+कार] ना. स्वीकार समर्थन, मन्जुरी । हरिले राखेको प्रस्तावलाई सबैले अङ्गीकार गरे ।

अडान – /अडान्/ [अड्+आन] ना. अड्ने वा अड्डी लिने काम, दृढता, स्थिरता । राष्ट्रिय हितका सवालमा जनताको अडानको समर्थन जायज छ ।

अतिरिक्त[1] – /अतिरिक्त/ (तत्स.) [अति+रिक्त] वि. १. रहेको वा भएकोमा थप (उदा. अतिरिक्त आय, अतिरिक्त कर, अतिरिक्त क्रियाकलाप, अतिरिक्त समय) २. अनिवार्य र ऐच्छिक बाहेकको । प्रवेशिका परीक्षामा अनिवार्य र ऐच्छिक विषयबाहेक अतिरिक्त विषय (पत्र) पनि लिन पाइन्छ ।

अतिरिक्त[२] – /अतिरिक्त/ (तत्स.) [अति+रिक्त] ना.यो. बाहेक, साथै । विद्यालयमा हुने अतिरिक्त क्रियाकलापहरूले विद्यार्थीहरूको मनोबल बढाउँछ ।

अधिकांश – /अधिकाम्स/ (तत्स.) [<अधिक+अंश] वि. धेरैजसो, बहु सङ्ख्यक, अधिकतर (उदा. अधिकांश क्षेत्र, अधिकांश जनता, अधिकांश केटाकेटी) । गत वर्षका चौथो सेमेस्टरका अधिकांश विद्यार्थीहरूको उत्तीर्ण ग्रेड बी रहेको थियो ।

अधिकार – /अधिकार्/ (तत्स.) [अधि+कारी] ना. हक., स्वामित्व । बाबुआमाको सम्पत्तिमा छोराछोरीको अधिकार हुन्छ । २. कानुनले तोकेको जिम्मेवारी, अख्तियार । प्रजिअलाई जिल्लाको शान्ति सुरक्षा सम्बन्धी अधिकार दिइएको हुन्छ । ३. दाबी, प्रभुत्व । रामले भोगचलन गरेको जग्गामा सुकुम्बासीले अधिकार जमाएका छन् ।

अधिकारकर्मी – (तत्स.) ना. मानव अधिकारसम्बन्धी विभिन्न मामिलामा काम गर्ने व्यक्ति, त्यस्तो काम या अभियानको कार्यकर्ता । नेपालमा महिला अधिकारकर्मीले महिला तथा बालबालिकाको संरक्षणमा जोड दिएका छन् ।

अध्यक्षता – (तत्स.) [अध्यक्ष+ता] ना. कुनै सभा, बैठक आदिको सभापतित्व, निर्देशकत्व । समितिको बैठक बयोवृद्ध सदस्यको अध्यक्षतामा बसेको थियो ।

अध्ययन – /अद्ध्ययन्/ (तत्स.) [<अधि+अन] ना. १. पढ्ने, काम, सिकाइको गतिविधि, पढाइ, पठन, ज्ञानार्जन । रमेश स्नातक तहमा अध्ययन गर्दछ । २. हेर्ने बुझ्ने काम, वस्तुस्थितिको अवलोकन, निरीक्षण । हेलिकप्टर दुर्घटनाको स्थलगत अध्ययन हुँदै छ । ३. छानविन, अनुसन्धान ।

अनियमितता – /अनियमित्ता/ (तत्स.) [अनियमित+ता] ना. १. नियमितता वा क्रमबद्धता नभएको स्थिति, बेनियम, विप. नियमितता । पढाइको अनियमितताले गर्दा धेरै विद्यार्थीहरूले स्कुल छाडे । २. तोकिए अनुसारको प्रक्रियामा भएको स्थिति, अव्यवस्थितता, बेथिति । सामान खरिदमा अनियमितता देखिएकाले शिक्षा कार्यालयका स्टोरकिपर पक्राउ परे ।

अनुगमन – /अनुगमन्/ (तत्स.) [अनु + गमन] ना. १. पछि लाग्ने काम, अनुसरण गर्ने काम, पछ्याइ, पिछा २. कुनै कार्यक्रम, योजना वा त्यसको कार्यान्वयनको प्रगति, रेखदेख, निरीक्षण, मूल्याङ्कन आदि गर्ने काम । गाउँपालिकाका लागि भवन निर्माणसम्बन्धी कामको प्रगति अनुगमन हुँदै छ ।

अनुदान – /अनुदान्/ (तत्स.) [अनु+दान] ना. खास कार्यको सञ्चालनका लागि कुनै सङ्घसंस्थालाई दिइने नियमित वा एकमुष्ट आर्थिक सहयोग । सरकारले सार्वजनिक विद्यालय सञ्चालनका लागि वार्षिक अनुदान दिने गर्छ ।

अनुपात – /अनुपात्/ (तत्स.) [अनु+पात] ना. १. कुनै वस्तुको अंश, मात्रा वा परिणाम (उदा. अनुपात मिलेको औषधी) २. दाँजो, तुलना, सापेक्षता । गत वर्षको अनुपातमा यसपालि धानबाली सप्रने लक्षण छ । ३. लगानीको अंशसँग मिल्दो परिमाण । लगानीको अनुपातमा उद्योगका अंसियारहरूलाई लाभ मिल्नुपर्छ ।

अनुभव – /अनुभद्/ (तत्स.) [अनु+भव] ना. १. देखेर वा भोगेर आर्जन गरिने ज्ञान, पढेर होइन परेर जानिएको कुरा, भोगाइ । बालकले आगोले पोल्छ भन्ने कुरा अनुभवबाट थाहा पाउँछ । २. इन्द्रियहरूले थाहा पाउने संवेदना, अनुभूति । पानी छुँदा जाडोको अनुभव भयो ।

३. स्वतः स्फूर्त हुने बोध, अन्तरात्माको अनुभूति, महसुस । सभामा प्रतिपक्षीले आफू अपमानित भएको अनुभव गरे । ४. आर्जित क्षमता, दक्षता, परिपक्वता । स्थायी नियुक्ति लिन कम्तीमा तिन वर्षको अनुभव आवश्यक हुन्छ ।

अनुभूति – /अनुभूति/ (तत्स.) [अनु+भूति] ना. १. इन्द्रियबाट ग्रहण हुने संवेदना, अनुभव, महसुस, बोध । गोकर्णका छोराछोरीलाई कहिल्यै अभावको अनुभूति भएन । २. मानसिक संवेदना, संवेग । वृद्धवृद्धाहरूका कुरा सुन्दा मलाई निराशाको अनुभूति भयो । ३. जीवन भोगाइका अनुभूतिलाई निबन्धमा व्यक्त गरिएको हुन्छ ।

अनुमान – /अनुमान्/ (तत्स.) [अनु+मान] ना. १. यस्तो उस्तो होला वा यति उति होला भनी गरिने अन्दाज, अड्कल । मेरो अनुमानमा यस रुखमा एक हजार दाना सुन्तला होलान् । २. कुनै वस्तु, विषय, घटना वा हिसाबबारे गरिने पूर्व कल्पना वा अन्दाज । मौसमविद्ले गरेको अनुमान सही ठहरियो ।

अनुसन्धान – /अनुसन्धान्/ (तत्स.) [अनु+सन्धान] ना. १. कुनै कुराको खोज, जाँचबुझ, छानबिन, जाँच पडताल । दोषी पत्ता लगाउन प्रहरीले अनुसन्धान गर्दै छ । २. खोजपूर्ण अध्ययन, अन्वेषण, शोध । भाषाविद्ले नेपलका भाषाहरूबारे अनुसन्धान गर्दै छन् ।

अन्ततः – /अन्तत/ (तत्स.) [अन्त+तः] क्रियो. अन्त्यमा, आखिरमा । अन्ततः फुटबल खेलमा नेपाली टिमको जित भयो ।

अन्न – /अन्न/ (तत्स.) ना. धान, मकै, गहुँ आदि खाद्य, गेडादार, खाद्यान्न, अनाज । साहिँला बाको पेटमा तिन दिनदेखि अन्न परेको छैन किनभने उहाँ विरामी हुनुहुन्छ ।

अन्य – /अन्न्य/ (तत्स.) वि. १. अर्को, अरू । एउटा काम सकेपछि मात्र अन्य काममा लाग्नु बेस हुन्छ । २. अन्यत्री, पराई । सर्व. ३. आफू बाहेक वा आफ्नो सरोकार बाहेकको कुनै, कोही । आफ्नो कुरा गर अन्यको कुरा नगर ।

अपराध – /अपराध्/ (तत्स.) [अप+राध] ना. कानुन विरुद्धको आचरण, सामाजिक, धार्मिक आदि मर्यादाबाट विपरीत मानिने कार्य, कसुर, कुकृत्य । अर्काको धनमाल चोर्नु अपराध हो ।

अपाङ्ग – /अपाङ्ग/ (तत्स.) [अप+अङ्ग] वि. / ना. अङ्गभङ्ग भएको, अङ्गविकृत भएको, विकलाङ्ग विप. सबलाङ्ग । विद्यालयमा अपाङ्गहरूलाई शिक्षा र तालिम दिइने व्यवस्थामा सुधार हुनु जरुरी छ ।

अब – /अब/ क्रियो. यसपछि, यसबखत, बजेकाले घन्टी बज्यो, अब कक्षामा जाऔँ ।

अभाव – /अभाब्/ (तत्स.) [अ+भाव] ना. १. कुनै वस्तु नहुँदाको स्थिति, शून्यता, लोप । २. खाद्यान्न वा उपभोग्य वस्तु नपाइएको अवस्था, अप्राप्ति, अनुपलब्धता । आजभोलि बजारमा चिनीको अभाव छ ।

अभिन्न – /अभिन्न/ (तत्स.) [अ+भिन्न] वि. १. भिन्न नहुने, नछुट्टिएको, अखण्डित, एकाकार । टाढाबाट हेर्दा ती दुई रुख अभिन्न जस्ता देखिन्छन् । २. साह्रै मिलेको, घनिष्ठ, अटुट, विप. भिन्न । रामदेव मेरा अभिन्न मित्र हुन् ।

अभ्यास – /अब्भ्यास्/ (तत्स.) [अभि+आस] वि. १. कुनै व्यवहार वा सिपलाई निरन्तर दोहोर्‍याएर सिक्ने काम, आवृत्ति, पुनरावृत्ति, विप. अनभ्यास । उनी साइकल सिक्ने अभ्यास गर्दै छन् । २. सिक्नका लागि पुनरावृत्ति गर्न दिइएको कार्य । पाठको अन्त्यमा राखिएका नमुना अभ्यासहरू गर ।

अवधि – /अबधि/ (तत्स.) [अव+धि] ना. समयको सीमा, तोकिएको समय, निर्धारित समय, हरू, म्याद । दुई वर्षको अवधिभित्र बाटो बनाउने योजना पूरा हुन्छ ।

अवलम्बन – /अबलम्बन्/ (तत्स.) [अव+लम्ब+अन] ना. १. भरोसा लिने काम, आड, आश्रय, टेवा, भर २. कुनै लिने वा अँगाल्ने काम, अङ्गीकार तथा स्वीकार (उदा. धर्मको अवलम्बन, सिद्धान्तको अवलम्बन)

अवशेष – /अबसेस्/ (तत्स.) [अव+शेष] ना. १. बचेको वस्तु, शेष, बाँकी । घरमा आगलागी भएपछि केही अवशेष उनीहरूले बटुलेका छन् । २. पुरानो र दुर्लभ सामग्री, भग्नावशेष । लुम्बिनीमा बुद्धकालीन अवशेषहरू भेटिएका छन् ।

अवसर – /अबसर्/ (तत्स.) [अव+सर] ना. १. कुनै काम गर्नका लागि अनुकूल मौका, मिल्दोजुल्दो परिस्थिति, सन्जोग, अनुकूलता । अवसर पाएमा श्यामले पनि प्रगति गर्न सक्छ । २. फुर्सद, खाली समय, अवकाश । अवसर नमिलेकाले मैले तिमीलाई भेट्न सकिनँ ।

अवस्था – /अबस्था/ (तत्स.) [अव+स्था] ना. १. कुनै कार्य, घटना आदिको स्थिति । त्यस घटनाको अवस्था बुझेर आऊ । २. कुनै व्यक्तिको हालचाल, हालत वा दशा । बस दुर्घटनामा परेका यात्रुहरू गम्भीर अवस्थामा छन् । ३. उमेर आदिको तह वा चरण । यौवन अवस्थामा व्यक्ति बढी भावुक हुन्छ । ४. कुनै स्थानको वातावरण वा परिवेश, अवस्थिति । नेपालको भौगोलिक अवस्था हिमाल, पहाड र तराईसँग सम्बन्धित छ ।

अविश्वास – /अबिस्स्वास्/ (तत्स.) [अ+विश्वास] ना. विश्वास नभएको स्थिति, विश्वासको अभाव, अपत्यार सन्देह, शङ्का विप. विश्वास । राजनीतिक दलहरूका बिचको अविश्वासबाट देशको विकास हुन सकेको छैन ।

अशिक्षित – (तत्स.) [अ+शिक्षित] वि. १. शिक्षा नपाएको, नपढेको, लेखपढ गर्न नजान्ने, अनपढ, विप. शिक्षित । (उदा. अशिक्षित व्यक्ति, अशिक्षित समाज) २. अज्ञानी, मूर्ख ।

असन्तुष्ट – /असन्तुस्ट/ (तत्स.) [अ+सन्तुष्ट] वि. १. सन्तोष नगर्ने, असन्तोषी, बेखुसी, अप्रसन्न, विप. सन्तुष्ट । २. तृप्त नभएको, अतृप्त । जति सम्झाए पनि अंशवन्डाको विषयलाई लिएर हरि असन्तुष्ट नै रहन्छ ।

आँखा – ना. (एक आँखो) १. बाहिरी जगत्लाई हेर्ने इन्द्रिय २. वस्तुको रूप, रङ्ग, आकृति आदिको ज्ञान गर्ने शरीरको अङ्ग, क्षेत्र । आँखामा धुलो परेकाले हेर्न कठिन भयो । ३. दृष्टि । सत्य कुरो थाहा पाउन भित्री आँखा चाहिन्छ ।

आइतबार – /आइतबार्/ ना. हप्ताको पहिलो दिन, आदित्य बार, रविवार 'नदिने बजै आइतबार बार्छिन्' (उखा.)

आइनु – [<आउ+इ+(नु)] भक्ति, आएको भइनु । घरबाट कतिखेर आइयो ?

आकर्षण – /आकर्सन्/ (तत्स.) [< आ+कृष्+अन] ना. कसैलाई आफूतिर खिच्न वा तान्न सक्ने स्थिति, खिचाइ, विप. विकर्षण । अनाकर्षण । नेताका भाषणले जनतालाई आकर्षण गऱ्यो । २. प्रभावित पार्ने क्षमता, प्रभाव । लीलाका अनुहारमा अनौठो आकर्षण छ । ३. मोह, मोहन (उदा. धनको आकर्षण)

आज – /आज/ क्रियो १. यो दिन, वर्तमान दिन, अहिले भइरहेको दिन, अद्य । २. वर्तमान समय, हाल । आज मुलुक विकासतर्फ लम्कँदै छ ।

आतिथ्य – /आतित्थ्य/ (तत्स.) [<अतिथि+य] ना. १. अतिथि हुनुको अवस्था वा भाव । २. अतिथिको सत्कार, पाहुनाको मनभाउ । वि. ३. अतिथिको अनुकूल, पाहुना सुहाउँदो । नेपालीहरूको आतिथ्य पाएर पर्यटकहरू खुसी भए ।

आधा – वि. कुनै वस्तुको बराबर दुई भागमध्ये एक अर्ध । (उदा. आधा भाग, आधा स्याउ । आमाले स्याउ काट्नुभयो र आधा मलाई दिनुभयो ।

आधार – /आधार्/ (तत्स.) [आ+धार्] ना. १. कुनै वस्तु अड्ने वा रहने ठाउँ, आश्रय, अडान, टेको । २. सहारा, आलम्बन । शिक्षा नै विकासको आधार हो ।

आधुनिक – /आधुनिक/ (तत्स.) [<अधुना+इक] वि. भर्खर निस्केको, चलेको वा अस्तित्वमा आएको, हालसालको, आजकालको, वर्तमान समयको, नयाँ । रवीन्द्रले आधुनिक शैलीको घर बनाएको छ ।

आपराधिक – /आपराधिक/ (तत्स.) [<अपराध+इक] वि. अपराधसँग सम्बन्धित, अपराधी प्रवृत्तिको (उदा( आपराधिक गतिविधि, आपराधिक कार्य, आपराधिक कार्य) वर्तमान सरकारले आपराधिक गतिविधिहरूलाई नियन्त्रण गर्न सकेको छैन ।

आफ्नो – [आफ्+नो] भेवि. (बहु/ति. आफ्ना, स्त्री, आफ्नी) आफ्नो, आफ्नो अधिकारको, निजी । आफ्नो सामानको सुरक्षा आफैं गर ।

आयोग – /आयोग्/ (तत्स.) [आ+योग] ना. १. कुनै निश्चित कार्यका निम्ति सरकारबाट गठित संस्था वा निकाय (उदा. निर्वाचन आयोग, लोकसेवा आयोग) २. सरकारी र अर्ध सरकारी विशेष कामका लागि स्थायी वा अस्थायी रूपमा खडा गरिएको एक वा अनेक व्यक्तिको समिति (प्रशासन सुधार आयोग, सेवा आयोग छ ।) अध्ययनमा जति दखल भए पनि आयोग उत्तीर्ण नगरी स्थायी रूपमा काम गर्न पाइँदैन ।

आयोजना – /आयोजना/ (तत्स.) [आयोजन+आ] ना. १. कुनै काम पूरा गर्नका निम्ति पहिलेदेखि गरिएको प्रबन्ध, इन्तजाम, बन्दोबस्त । २. कसैलाई कुनै काममा लगाउने काम, नियुक्ति । ३. मिलाउने वा जोड्ने प्रक्रिया । ४. उद्योग, उन्नति । ५. सामग्री, सामान । तामाकोसी जल विद्युत् आयोजनाबाट स्थानीय जनतालाई पनि लाभ पुग्ने बताइन्छ ।

आराधना – /आराधना/ (तत्स.) [आराधन+आ] ना. १. ईश्वरलाई प्रसन्न पार्न गरिने उपासना, पूजा, ध्यान । २. सम्मान, सेवा, टहल । शिवरात्रिका दिन भक्तहरू पशुपतिनाथको आराधना गर्छन् ।

आराम – /आराम्/ (तत्स.) [आ+राम्] ना. १. थकाइ मार्ने वा विश्राम गर्ने काम, सुस्ताउने क्रिया, श्रमशान्ति । २. सन्चो, सन्च, सुबिस्ता, निको, आनन्द, निकानन्द । ३. सुख, चैन । ४. उपवन, बगैंचा । हरि आरामसित जीवन बिताइरहेको छ ।

आर्जन – /आर्जन्/ (तत्स.) [आर्ज+अन] ना. खेतीपाती, उद्योग, श्रम आदिबाट हुने आर्थिक वा अन्य आय, कमाइ, आम्दानी । आर्जन भए भोजन मिल्छ (उखा.) । नेपालमा आर्जनको मुख्य स्रोत कृषि हो ।

आर्थिक – /आर्थिक/ (तत्स.) [<अर्थ+इक] वि. १. समाप्ति सम्बन्धी, वित्तीय । २. राजनीति तथा समाज शास्त्रका अनुसार धन तथा यसको आर्जन, उत्पादन, विभाजन, वितरण आदिसित सम्बन्ध राख्ने । ३. शब्द, वाक्य आदिको तात्पर्यसँग सम्बन्धि, अर्थसँग सम्बन्ध राख्ने । नयाँ बाटो खुलेपछि त्यस ठाउँको आर्थिक गतिविधि बढेको छ ।

आवधिक – /आबधिक्/ (तत्स.) [<अवधि+इक] वि. १. निर्धारित समय भित्रको, तोकिएका अवधिको । २. तोकिएको समय समयमा निस्कने वा पूरा हुने (पनिका, योजना ३.) रामले पुस्तिकाको अध्ययनका लागि आवधिक समय छुट्याएको छ ।

आवश्यक – /आबस्स्यक/ (तत्स.) [<अवश्य+क] वि. खाँचो परेको, चाहिएको, नभई नहुने, जरुरी । शोधपत्र तयारीका लागि गहन अध्ययन गर्नु आवश्यक छ ।

आवाज – /आवाज्/ (आ..) ना. आबाज । प्राथमिक तहका विद्यार्थीहरूलाई आवाज निकालेर पढ्न लगाउनुपर्दछ ।

इज्जत – /इज्जत्/ (आ.) ना. १. समाज वा सम्बन्धित क्षेत्रबाट दिइने आदर, मान, प्रतिष्ठा । २. हुर्मत, आबरु । शिक्षकहरूका माझमा प्रिज्माको ठुलो इज्जत छ ।

उचित – /उचित्/ (वि.) उपयुक्त, सुहाउँदो, मिल्दो, अनुकूल, ठीक, योग्य, विप. अनुचित । तिमीले उससँग ऋण लिनु उचित थिएन ।

उच्च – /उच्च/ (तत्स.) वि. १. अरूको अपेक्षा बढी उचाइ भएको, अग्लो, उँचो । २. असल, श्रेष्ठ, उत्तम, विशिष्ट । ३. सबभन्दा माथि रहेको, माथिल्लो । ४. उपल्लो तहको, स्तरीय । गोपाल उच्च तहका कर्मचारी हुन् ।

उच्चस्तरीय – (तत्स.) वि. १ माथिल्लो तहको, दर्जा, मान, प्रतिष्ठा, आदिका दृष्टिले नाम चलेको । २. कूल परम्परा, धन सम्पत्ति र सभ्यताका दृष्टिले प्रख्यात ।

उजुरी – /उजुरि/ (आ.) [उजुर + ई] ना. - उजुर

उज्यालो – वि. बहु ति. उज्याला, स्त्री उज्याली १. अँध्यारो नएको, प्रकाशयुक्त । २. उज्जर, चम्किलो । ३. सुहाउँदो, खुल्दो । ना. ४. प्रकाश, ज्योति । दिदीहरूले उज्यालामा नै बाहिरको काम सके ।

उत्तरदायी – /उत्तरदाइ/ (तत्स.) [उत्तर+दायी] वि. आफूले गरेका काम वा अभिभारको जिम्मेवारी लिने, जवाफदेही, जिम्मेवार, विप. अनुत्तरदायी । कार्यालयका कामकारबाहीको उत्तरदायी हाकिम हुने गर्छन् ।

उत्सव – /उत्सब्/ (तत्स.) [उत्+सव] ना. १. कुनै विशेष अवसरमा हुने खुसियाली, शुभकार्य, उल्लास । सरस्वती पूजाका दिन विद्यालयमा ठूलो उत्सव मनाइयो । २. मेला, चाडपर्व ।

उदाहरणीय – /उदाहरनिय/ (तत्स.) [उदाहरण+ईय] वि. उदाहरण दिन योग्य, दृष्टान्तका निम्ति उपयुक्त, नमुना योग्य (उदा. उदाहरणीय कार्य, उदाहरणीय व्यवहार, उदाहरणीय वस्तु) । शिक्षकले विद्यार्थीहरूको ध्यानाकर्षण गर्नका लागि पढाइसम्बन्धी उदाहरणहरू दिँदै कक्षा सुरु गर्नुहुन्छ ।

उद्देश्य – /उद्देस्स्य/ (तत्स.) [<उत्+दिश+य] ना. १. कुनै खास काममा प्रवृत्त गराउने मनोभाव, केही भन्न वा गर्न प्रवृत्त  गराउने भाव वा विचार, इच्छा, कामना । २. चाहना गरिएको काम, पदार्थ वा विषय, लक्ष्य, ध्येय । ३. केही काम कुरा भनिने वाक्यको पहिलो अंश वा खण्ड, वाक्यका दुई अङ्ग उद्देश्य र विधेय वा कर्तृपद र कर्मपदमध्ये पहिलो भाग । साझ पर्ने बेलामा श्याम बजार जानुको उद्देश्य के थियो ?

उद्योग – /उद्द्योग्/ (तत्स.) [<उत्+योग] ना. १. कुनै उद्देश्य वा कार्य सिद्धिका निम्ति परिश्रमपूर्वक लाग्ने काम, उद्यम । २. प्रयत्न, कोसिस, प्रयास । ३. परिश्रम, मिहिनेत । गाउँगाउँमा घरेलु उद्योग खुलेमा गाउँलेहरू आत्मनिर्भर हुन सक्छन् ।

उन्मुक्ति – (तत्स.) [<उत्+मुक्ति] ना. १. उन्मुक्त हुनाको भाव वा अवस्था । २. कुनै प्रकारको बन्धन, अभियोग आदिबाट छोड्ने काम, छुट्कारा । चन्द्र शमशेरको पालादेखि नेपालमा दासहरूले उन्मुक्ति पाए ।

उपलक्ष्य – /उपलक्छ्य, उपलच्छ्य/ (तत्स.) [उप+लक्ष्य] ना. १. कुनै कुराको लक्षण, चिह्न वा सङ्केत । २. लक्ष्य उद्देश्य । ३. भएको वा पछि हुने कुनै राम्रो कामको अवसर (पूजा, उत्सव, भोज इ.) सरस्वती पूजाको उपलक्ष्यमा विद्यार्थीहरूले नाटक प्रदर्शन गरे ।

उपलब्धि – /उपलब्धि/ (तत्स.) [उप+लब्धि] ना. १. उपलब्ध भएको वा प्राप्त भएको स्थिति, प्राप्ति । पैसा धेरै खर्च भए पनि त्यस कामबाट अपेक्षा अनुसार उपलब्धि भएन । २. फाइदा, उपयोगिता, महत्त्व र भ्रमणबाट प्रशस्त उपलब्धि भयो । ३. प्रतिफल, निष्कर्ष वा सार ( उदा अध्ययनको उपलब्धि)

उमेर – /उमेर्/ (आ.) ना. १ आफ्नो जन्मदेखि वर्तमान अवस्थासम्मको योग । जीवनको कुनै पनि अवस्था (बाल्य-काल, यौवन, वार्धक्य इ.) ३. तरुणावस्था, बैंस । उमेरमा केही गर्न सकिएन अब पछुताएर के गर्ने ?

उल्लेख – /उल्लेख्/ (तत्स.) [<उत्+लेख्] ना. १. तोकेर भन्ने वा लेख्ने कार्य २. वर्णन, चर्चा, विवरण । युवराजले भाषणमा व्यक्तिगत प्रसङ्गको उल्लेख गरे । ३. उद्धरण । ४. प्रसङ्ग । नेपालको संविधानमा महिलाको हक उल्लेख गरिएको छ ।

उहाँ – [ऊ +हाँ] सर्व.१. 'ऊ' को सम्मान सूचक शब्द, मान्यजनलाई सङ्केत गर्दा भनिने शब्द । उहाँ मेरा गुरु हुनुहुन्छ । क्रियो २. त्यस ठाउँमा, त्यहाँ, वहाँ ।

एक – /एक/ सेवा १. कुनै वस्तुको गणना गर्दा आउने पहिलो अङ्क वा सङ्ख्या २. (उदा. एक, दुई, तिन) । एक कान, दुई कान मैदान ( उखा.) । वि. ३. एउटा । भाइले मलाई एक रूपैयाँ दियो । ४. उस्तै, बराबर, समान । हामी एक हौँ ।

एकतिहाइ – ना. कुनै वस्तु कार्य आदिको तिन भागको एक भाग, एक तृतीयांश । सभामा गाउँका एक तिहाइ मान्छे जम्मा भएका थिए ।

ओली – /ओलि/ वि. १. प्रकार, थरी । ना. २. बाहुन क्षेत्रीको एक थर । नेपालका वर्तमान प्रधानमन्त्री केपी ओली हुन् ।

ओसार्नु – [ओसार् + (नु)] सक्रि. (कक्रि. ओसरिनु) कुनै वस्तु एक ठाउँबाट अर्को ठाउँमा लैजानु, सामान एक ठाउँबाट अर्को ठाउँमा बोकेर पुऱ्याउनु वा ल्याउनु । आमाले पल्ला घरका सामान ओल्ला घरमा ओसार्नुभयो ।

औसत – /औसत्/ (आ.) ना. १. सरदर, सालाखाला, करिब (उदा. औसत तापक्रम, औसत वर्षा) २. मध्यम, सामान्य (उदा. औसत आम्दानी) । नेपालीहरूको, औसत आयु ६० वर्ष छ ।

(क)

कठिन – /कठिन्/ (तत्स.) वि. १. सजिलोसित वा चाँडै गर्न नसकिने, गाह्रो, अप्ठ्यारो, भापाको, मुस्किल । २. कडा, कठोर, साह्रो । आज यो काम सिध्याउन कठिन भयो ।

कतार – /कतार्/ (आ.) ना. १. पङ्क्ति, श्रेणी, ताँती, लाइन, लहर, लाभ, लस्कर । २. ना. खाडीको सानो मुस्लिम देश । हजारौँ युवाहरू वैदेशिक रोजगारका लागि कतार गइरहेका छन् ।

कति – (तत्स.) सर्व / वि. १. वस्तुको सङ्ख्या वा मात्राको सूचनाका लागि प्रयोगमा आउने प्रश्न वाचक शब्द । त्यहाँ कति मान्छे छन् २. कतिपय, केही । कतिले हाम्रो सुभ्काब माने, कतिले मानेन् । क्रियो. ३. कुनै वस्तुको गुण क्रिया, अवस्था, आकृति आदिको मात्राको सूचनाका लागि प्रयोग हुने शब्द । आज तिमी कति हिँड्यौ ? यो हात्ती कति ठूलो ?

कमी – /कमि/ [कम+ई] ना. १. कुनै वस्तुको मात्रा, गुण आदि कम हुने अवस्था, चाहिएको भन्दा कम भएको स्थिति, अपर्याप्तता, न्यूनता (उदा. शरीरमा रगतका कमी, बर्सातको कमी, योग्यताको कमी) २. कमजोरी, खराबी ।

कम्पनी – /कम्पनि/ (आ.) ना. १. उद्योग, व्यापार आदि व्यवसाय सञ्चालन गर्ने व्यक्तिहरूको समूह वा त्यस्तो संस्था (उदा. कम्पनी ऐन, कम्पनी कानुन) । उनीहरूले कम्पनी खोलेका छन् । २. सैनिकहरूको एक एकाइ, गुल्म ४. अङ्ग्रेजहरूद्वारा भारतमा स्थापना गरिएको वा प्रचलनमा ल्याइएको (उदा. कम्पनी सरकार, कम्पनी मुद्रा)

करिब – /करिब्/ (आ.) क्रियो. १. पुग नपुग, लगभग, अन्दाजी, सालाखाला । सरस्वती माध्यमिक विद्यालयमा करिब सात सय विद्यार्थी होलान् । २. नजिक, नजिकै । उसको घर करिब आइ पुग्यो ।

करोड – /करोड्/ संवा सय लाखको सङ्ख्या, कोटि (उदा. एक करोडको सम्पत्ति, एक करोड रुपियाँ ।

कर्मचारी – /कर्मचारि/ (तत्स.) [कर्म+चारी] ना. सरकारी वा गैर सरकारी संस्थामा तलब पाउने गरी कुनै कामका लागि नियुक्त व्यक्ति, कारिन्दा । मेरो भाइ सरकारी कार्यालयको कर्मचारी हो ।

काग१ – /काग्/ (ना.) (स्त्री, कागिनी, सम्ब् को) परेवाभन्दा केही ठूलो, चिल्लो र काला पखेटा हुने एक जातको चरो । 'कागलाई बेल पाक्यो हर्ष न विस्मात', कागले कान लग्यो कान छाम्न छोडेर कागको पछि लाग्नु (उखा.)

काग२ – /काग्/ (आ.) ना. औषधीको सिसीमा बिर्को लगाउन उपयोग गरिने कमलो काठ आदिको वस्तु, बुजो, बिर्को । दुध जमाउँदा काग लगाउनुपर्दछ ।

काग३ /काग्/ (आ.) ना. मट्टीतेल खन्याउँदा प्रयोग गरिने एक प्रकारको चुच्चे भाँडो, सोली । तेल लेनदेन गर्दा कागको प्रयोग गरिन्छ ।

काठमाडौँ – [<काष्ठ मण्डप] ना. नेपालको राजधानी, कान्तिपुर ।

कानुन – /कानुन्/ (आ.) ना. १. राज्य व्यवस्थालाई राम्ररी सञ्चालन गर्न वा समाजमा अनुशासन कायम गर्नका लागि बनाइएको ऐन, नियम वा नियमावली । प्रजातन्त्रमा कानुनको शासन हुन्छ । २. सामाजिक परम्पराबाट चलिआएको विधि, विधान ।

काम१ – /काम्/ (तत्स.) ना १. हिँड्नु, खानु, देख्नु, बस्नु, सुत्नु आदि जुनसुकै कार्य । ऊ दौडने काम गर्छ । भाइ पढ्ने काम गर्छ । २. केही गर्ने प्रयास वा कोसिस । जेहोस् आज मैले केही काम गरेँ । ३ इलम, धन्दा, काज, रोजगार । हरि अफिसमा काम गर्छ । व्यस्तता, संलग्नता । मेरो घरमा काम छ । ५. शारीरिक, मानसिक वा बौद्धिक जुनसुकै गतिविधि तथा क्रियाकलाप । मैले उसलाई पढाउने काम गरेँ । ६. तोकिएको कार्य, कर्तव्य, कार्यभार, अभिभारा । जिम्मा लिएको काम सम्पन्न गरियो । ७. प्रयोजन, उद्देश्य । ऊ के कामले तिमी कहाँ आएको हो ? ८. स्वार्थ, स्वार्थ सिद्धि । आफ्नो काम बनेकाले राम दङ्ग छ ।

काम २ – /काम्/ (तत्स.) ना. १. मनुष्य जीवनका चार पुरुषार्थ (धर्म, अर्थ, काम, मोक्ष) मध्ये एक, इच्छापूर्ति, सुख सुविधा । २. भोग विलास, यौनिक सुख, मोजमज्जा (उदा. कामकला, काम सन्तुष्टि, कामेच्छा)

कायम – /कायम्/ (आ.) ना. १. जहाँको तहीँ रहेको; टसमस नभएको, स्थिर । २. पहिले जस्तो; जस्ताको तस्तो । ३. तोकिएको; मुकर्रर । ४. ठेगानामा आएको, सावित । पुरानो अवस्था कायम राख्दै राम प्रथम श्रेणीमा उत्तीर्ण भयो ।

कारण – /कारण्/ (तत्स.) [<कृ+अन] ना. १. प्रभाव वा परिणाम उत्पन्न गर्ने कुनै पनि मूल तत्व वा व्यक्ति, कुनै पनि कार्य, भावना आदिका निमित्तको हेतु, अभिप्रेरणा वा आधार, हेतु, तर्क, आधार, प्रयोजन, उद्देश्य । २. उपकरण, साधन । ३. काव्य वा नाटकको मूल वा कथावस्तु । ४. प्रमाण दस्तावेज । राष्ट्रपति विदेश जानुको कारण के रहेछ ? थाहा भएन ।

कारबाही – /कार्बाहि, कार्बाइ/ (आ.) [कार+बाही] ना. १. काम; काज । २. व्यवहार; कारबार । ३. गुप्त प्रयत्न; चाल । ४. कार्य तत्परता; कर्मण्यता । ५. अड्डा अदालतबाट कुनै समस्या, झगडा वा मुद्दाको छानविन गरी फैसला गर्दा अँगालिने प्रक्रिया; निर्णयका निम्ति गरिने त्यस्तो कार्य । अफिसको काम कारबाही कसरी चल्दै छ ?

कार्तिक – /कार्तिक्/ (तत्स.) ना. असोज र मङ्सिरका बिचको महिना; सातौँ महिना; कात्तिक । कार्तिक महिनामा हिन्दुहरूको महान चाड तिहार पर्दछ ।

कार्य – /कार्य/ (तत्स.) [<कृ+य] १. काम; कृत्य ; काज । २. कर्तव्य र ३. पेसा व्यवसाय । ४. धार्मिक कृत्य वा अनुष्ठान । ५. प्रयोजन उद्देश्य । ६. नाटकको उपसंहार । भक्तजनहरू धार्मिक कार्यमा जुटेका छन् ।

कार्यक्रम – /कार्यक्रम्/ (तत्स.) [कार्य+क्रम] ना. १. विशेष गतिविधि, समारोह, उत्सव । आजको रक्तदान कार्यक्रम धेरैले भाग लिए । २. समारोह, उत्सव, गतिविधि आदि सञ्चालन गर्नका लागि निर्धारित प्रक्रिया वा त्यसको क्रमबद्ध योजना, कार्यसूची वा कार्यतालिका । त्यस समारोहको कार्यक्रम पहिले नै प्रकाशित थियो । हाम्रो विद्यालयको सरस्वती पूजा कार्यक्रमको प्रसाद वितरण टोलीको संयोजक यमुना भइन् ।

कार्यभार – /कार्‌यभार्/ (तत्स.) [कार्य+भार] ना. कुनै पदमा रहँदाको सम्पूर्ण उत्तरदायित्व, सेवा अवधिको अभिभारा, आफूले गर्नुपर्ने कामको जिम्मेवारी । मुनाले अध्यक्षको कार्यभार समालिन् ।

कार्यसम्पादन – (तत्स.) ना तोकिएको काम वा उत्तरदायित्वलाई पूरा गर्ने कार्य; कामको कार्यान्वयन । कार्यसम्पादन हेरेर मात्र कर्मचारीलाई स्थायी गर्ने प्रक्रिया सुरु गरिनेछ ।

कार्यान्वयन – /कार्‌यान्वयन्/ (तत्स.) [<कार्य+अनु+अयन] ना. लिखित वा मौखिक रूपबाट गर्न ठहर भएको काम कारबाईलाई विधिपूर्वक व्यवहारमा ल्याउने कार्य । योजनाको कार्यान्वयन राम्ररी भागमा एक वर्षभित्र त्यस ठाउँमा मोटर बाटो पुग्छ ।

कार्यालय – /कार्‌यालय/ (तत्स.) [<कार्य+आलय] ना. १. कुनै विशेष काम वा व्यवसाय गर्ने घर; कारखाना घर । २. प्रशासनसम्बन्धी काम कुरा गर्ने निश्चित ठाउँ, अड्डा । गाउँमा कृषि बैङ्कको कार्यालय खुलेको छ ।

किटान – /किटान/ [<किट्+आन] ना. कुनै कामकुराका बारेमा यही नै हो भनी किट्ने वा तोक्ने काम; निश्चय; निधो । पसलेले कति सामान बिक्यो भनेर किटान गर्न सकेन ।

किसिम – /किसिम्/ (आ.) ना. १. एक थरीका वस्तु, गुण, कार्य, विचार आदिलाई अर्का थरीको तुलनामा भिन्न ठहऱ्याउने तत्व, प्रकार, ढाँचा, काइदा, तरिका, प्रणाली, चाला । सुमन हामीसँग राम्रो किसिमले बोल्दैन ।

कुकुर – /कुकुर्/ ना. स्याल, फ्याउरो, ब्वाँसो आदिका जातको प्रायः रखवारीका लागि पालिने घरपाला जनावर; श्वान; कुत्ता । कुकुर घरपालुवा जनावर हो ।

कुन१ – /कुन्/ सर्व. धेरै मध्ये कुनै एकलाई किट्नु पर्दा प्रयोग गरिने प्रश्न वाचक सर्वनाम; को, कै । उनीहरूमध्ये तिम्रो भाइ कुन हो ?

कुन२ – /कुन्/ वा. जौका बोटको तिखो टुप्पो; टुँडो । मेरी बहिनीका आँखामा कुन बिजेर दुःख दियो ।

कुनै – [कुन + ऐ] सर्व. अनिश्चय जनाउने शब्द; कोही केही । कुनै आए । कुनै गए । कुनै छन् । कुनै छैनन् ।

कुरा – ना. (एक. करो) कुरोको बहुवचन हुँदा बन्ने रूप; कुरो । खस कुरा, तामाङ कुरा, मगर कुरा । बैठकमा वडा अध्यक्षले गरिबहरूलाई सहयोग गर्नुपर्छ भन्ने कुरा उठाए ।

कृतज्ञता – (तत्स.) [कृतज्ञ+ता] ना. कृतज्ञ हुनाको काम, भाव वा अवस्था । अग्रज लेखकहरूप्रति कृतज्ञता ज्ञापन गरियो ।

कृषि – /क्रि.सि/ (तत्स.) [कृष्+इ] ना. खनजोत गर्नुपर्ने तथा बालीनाली लगाउनु पर्ने र तत्सम्बन्धी सबै काम, खेती; किसानी । हाम्रो देशमा ग्रामीण क्षेत्रको मुख्य व्यवसाय कृषि हो ।

कृष्ण – /क्रिस्ण, क्रिस्न/ (तत्स.) ना. १. विष्णुका दश अवतारमध्ये आठौँ अवतार लिएर वासुदेव र देवकीका पुत्र भई गोकुलमा जन्मेका द्वापर युगका प्रसिद्ध महापुरुष वा नेता । २. व्यास र अर्जुनको उपनाम । ३. केशव, गोविन्द, ज नार्दन, माधव, मुरलीधर, मुरारी, वासुदेव, श्याम इ. । वि. ४. कालो वर्णको; कालो; साँवलो । देवकी र वासुदेवका आठौँ सन्तान कृष्ण भगवान् हुन् ।

के – सर्व. १. कुनै वस्तु, विषय वा धारणाका बारेमा प्रश्न गर्दा प्रयोग हुने शब्द । झोलामा के छ ? तिमी के पढ्दै छौ । ऊ के गर्दै छ ? । नि २. सन्देह, आशङ्का आदि जनाउन प्रयोग हुने शब्द । नरेश सफल हुन्छ के ! हरिले हामीले भनेको मान्छ के !

केही – /केहि/ [के+ही] सर्व. १. वस्तु वा व्यक्तिहरूको अनिश्चय सङ्ख्या वा मात्रा जनाउने शब्द । केही आए, केही आएनन् । वि. २. थोरै, अलिकति । ३. कतिपय, कुनी केही पुस्तक झोलामा छन्, केही दराजमा छन् ।

को[1] – सर्व. (ति. कस) व्यक्तिको परिचय सोध्दा प्रयोग हुने प्रश्न वाचक वा अनिश्चय जनाउने शब्द । भित्र को छ ? को आयो, को गयो थाहा भएन ।

को[2] – विभ् / भेवि. (बहु/ति् का, स्त्री. को) १. सम्बन्ध जनाउने विभक्ति, षष्ठी विभक्ति (उदा. श्यामको किताब, घरको छानो, रुखको हाँगो २. विशेषण जनाउने एक प्रत्यय (उदा. अचम्मको मान्छे, घरखरको केटो, दुःख पर्दाको साथी, बिहेको भोज)

कोइराला – ना. (बहु/ति कोइराला) १. रातो र सेतो फुल फुल्ने कोपिला र फुलको तरकारी, अचार आदि खान हुने एक प्रकारको रुख वा त्यसको फुल (उदा. कोइरालाको अचार, कोइरालाको तरकारी ( २. कोइरालाको फूल जस्तै (रातो - सेता) रङको एक प्रकारको जङ्गली जन्तु । ३. बाहन, क्षेत्रीको एक थर । विश्वेश्वरप्रसाद कोइराला नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री हुन् ।

कोष – /कोस्/ (तत्स.) ना १. हे. कोश । २. पातलो झिल्ली बेरिएको र जीवन रसको केन्द्र समेत भएको शरीरमा रहने मांसपिण्ड वा कण । सरकारी कोषबाट कर्मचारीहरूले तलब लिन्छन् । मानव शरीरमा विभिन्न किसिमका कोषहरू पाइन्छन् ।

**'ख'**

खरिद – /खरिद्/ (आ.) ना. अर्काको अधिकारमा रहेको कुनै सामान मूल्य तिरेर आफ्नो अधिकारमा पार्ने काम, किन्ने काम; बेसाउने काम; किनमेल । बजारबाट सामान खरिद गरियो ।

खर्च – /खर्‌च/ (आ.) ना १. कुनै काम वा वस्तुका निम्ति दिइने वा मासिने पैसा; व्यथा २. कुनै कार्यका निम्ति उपयोग गरिने वा प्रयोगमा ल्याइने नगद रकम वा जिन्सी माल । पढाइमा उसलाई धेरै खर्च चाहियो ।

खुसी – /खुसि/ (आ.) [खुस+ई] ना. १. मनमा हुने सुखद अनुभूति; हर्ष; प्रसन्नता । २. मनको भाव; इच्छा । भाइले स्नातकोत्तर तह उत्तीर्ण गऱ्यो । म ज्यादै खुसी भएँ ।

'ग'

गत१ – /गत, गत/ (तत्स.) [<गम्+त] वि. १. गइसकेको हिँडेको, गएको । २. समाप्त भएको; बितेको । ३. जीवनबाट मुक्त भएको मरेको, मृत । भूकम्पमा परेर गत वर्ष धेरैको मृत्यु भयो ।

गत२ – /गत्/ ना. १. हालत, अवस्था, दयनीय स्थिति, दुर्गति । २. सङ्गति शास्त्रका अनुसार विभिन्न राग रागिनीका निर्धारित स्वर वा लय बजारमा उतार्ने काम । रमेश खर्च नलिई हिँडेको थियो, विचराको के गत भयो होला ?

गति – (तत्स.) [<गम्+ति] ना. १. स्थिति, रूप आदिबाट अर्को स्थिति, रूप आदिसम्मको परिवर्तन वा एक ठाउँदेखि अर्को ठाउँसम्मको गमन, चाल, हिँडाइ, सराइ, वेग । २. कुनै पनि वस्तु वा प्राणीको दशा, अवस्था । ३. सम्भावित प्रयासको सीमा, क्षमता शक्ति, तागत । ४. जीवात्माले मृत्युपछि प्राप्त गर्ने अवस्था । ५. मृतकको देहावसानपछि दाह संस्कारदेखि लिएर दश दिनसम्मको काजक्रिया । ६. ईश्वरीय स्वरूप, मोक्ष, मुक्ति । ७. प्रवेश पहुँच । ८. मार्ग बाटो । ९. वस्तु तथा मूर्तिकलामा तिस अङ्गुल वा प्रादुर्भावको तिन गुणा बराबरको नापो (तिस इन्च), नाडी । तीर्थस्थलमा मृत्यु भएकाले श्याम गति पऱ्यो ।

गतिविधि – /गतिबिधि/ (तत्स.) [गति+विधि] ना. १. कुनै पनि व्यक्ति, काम कुरा आदिको व्यवस्था वा स्थिति, प्रकृतिका सम्पूर्ण पक्षमा हेरफेर भइरहने रङ्गढङ्ग २. चाल चलन, हिँडाइ, चलाइ, हालचाल चेस्टा । अचेल तिम्रो गतिविधि के छ ?

गम्भीर – /गम्भिर्/ (तत्स.) वि. १ गहिरो, गहकिलो, गम्भीर । गम्भीर विषयमा छलफल हुँदै छ ।

गरिब – /गरिब्/ (आ.) ना. धन सम्पत्ति केही नभएको, निर्धन, निर्धो, दरिद्र, कङ्गाल, गरिपा २. दीनहीन, दुःखी । उनी गरिबको भलो हुने काममा लागेका छन् ।

गल्ली – /गल्ति/ (आ.) ना. १. प्रायः सहरभित्रका घरहरूका पङ्क्ति बिचमा रहेको साँघुरो बाटो । २. सानो र नराम्रो बाटो । गोठालाले गाईभैंसीलाई गल्लीबाट खेततिर लग्यो ।

गाई – /गाइ/ ना. (प्रा. गाअ < सं. गौ) स्थानभेदले विभिन्न छाँटका हुने, काँधमा जुरो र घाँटीमुनि माल भएको शाकाहारी तथा घरपाला प्रसिद्ध पशु गौ । दुग्ध पदार्थ र खेतीपातीका लागि गाई सबभन्दा उपयोगी जनावर हो ।

गिट्टी – /गिट्टि/ (आ.) ना. [सं. गिरिज, हि. गिट्टी] मेसिनमा टुक्र्याएर अथवा धनले हिर्काएर मसिना पारिएका ढुङ्गाका टुक्रा, रोडा, खण्डाश्म । राम गिट्टी कुटेर जीविका गर्छ ।

गुणस्तर – /गुण्स्तर्, गुणस्तर/ (तत्स.) [गुण+स्तर] ना. कुनै वस्तु वा पदार्थमा रहेको गुणको मात्रा, त्यस्तो गुणको मूल्याङ्कन गरी निर्धारण गरिने स्तर । नेपालमा सामुदायिक विद्यालयको गुणस्तर सुधारका प्रयासहरू सकारात्मक हुँदै छन् ।

## 'घ'

घर – /घर्/ ना. १. गारो लगाई छानो हालेर बनाएको मानिस बस्ने ठाउँ, गृह, आलय, भवन, निकेतन, निवास स्थान, आवास । २. खाना, कोठा (थर्की आदिको) । ३. कुण्डलीमा ग्रहको आफ्ना राशिको स्थान । ४. गृहस्थीको व्यवस्था, गृहस्थी । ५. पतिगृह । 'जान्छिन् आज शकुन्तला घर भनी उठ्तो छ चिन्ता अति' ।

घरेलु – /घर+एलु/ वि. १. घरको, घर सम्बन्धी, घरायसी । २. घरमा पालिने वा पालिएको, घर पालुवा । आफ्नै घरमा बसीबसी गर्न सकिने सानो खालको उद्योगलाई घरेलु उद्योग भनिन्छ ।

घाइते – [<घाउ+ते] वि. १. घाउ लागेको, घायल । २. कुवामा खालेले पैसा भरिएको (च्याँखे) । प्रतियोगितामा असफल भएकाले रामले आफूलाई घाइते ठानेको छ ।

घाउ – ना. १. रगत आउने गरी कुनै हतियारबाट लागेको वा कुटपिट, ठक्कर आदिबाट भउको चोट । २. फुटेको वा पिलिएको खटिरो । खुकुरीले काटिएर उसको हातमा घाउ भएको छ ।

घाट – /घाट्/ ना. नदीको दायाँबायाँको किनार, तीर्थस्थल । २. नदी वा जलाशयको पानी भएको ठाउँसम्म पुग्न सकिने सुगम स्थान । ३. जहाज, डुङ्गा आदिबाट ओर्लने वा तिनमा चढ्ने ठाउँ । ४. वनजाँचको चौकी ५. गाहकीहरूको भिड । ६. आवागमनका निम्ति सजिलो पर्ने ठाउँ । आमा तीर्थ गर्न देवघाट जानुभयो ।

घुमफिर – /घुम्फिर्/ [घुम्+फिर्] ना. यताउता घुम्ने फिर्ने काम, डुलफिर, हिँड्डुल । प्रधानमन्त्री तराईतिर घुमफिर गरेर फर्किए ।

घोषणा – /घोषणा/ (तत्स.) [घोषण+आ] ना. १. कुनै कुरो ठूलो स्वरले सुनाउने काम, केही कुराका बारेमा निश्चय साथको भनाइ । २. दलहरूले आगामी चुनावका लागि घोषणापत्र जारी गरे ।

## ‘च’

चङ्गुल – /चङ्गुल्/ (आ.) ना. १. पक्षीहरूको पन्जा । २. कुनै वस्तु उठाउँदा बन्ने औँलाको त्यस्तो आकार वा स्थिति । ३. कसैलाई फसाउन गरिएको जालसाज, फन्दा, पासो । रोहित शत्रुको चङ्गुलमा फस्यो ।

चरण – /चरण्/ (तत्स.) ना. १. पाद, पाउ, पयर, गोडा । २. श्लोकको एक पङ्क्ति, चौथाइ अंश । ३. वेदको एक शाखा वा सम्प्रदाय । राष्ट्रिय गानको पहिलो चरणमा बाह्र शब्द छन् ।

चाड – /चाड्/ ना. १. पूजाआजा, भोज, भतेर, खेल, तमासा आदिबाट गरिने मनोरञ्जन; खास खास प्रकारका धार्मिक कार्य वा पर्वोत्सव, पर्व । २. उत्सव मनाइने वा भोज खाइने समय वा दिन । नेपालीहरू दसैँ, तिहार, माघे सङ्क्रान्ति, वैशाख पूर्णिमा आदि चाड मनाउँछन् ।

चाप१ – /चाप्/ ना. १. दबाब, थिचाइ, पेलाइ । हावाको चाप बढेपछि बतास चल्छ । जाँच नजिकै आएकाले ऊ पढाइको चापमा पऱ्यो । २. चेपो ।

चाप२ – /चाप्/ ना. पाइला चाल्दा आउने ध्वनि, पाइलो, पाइलाको चिह्न, पदचिह्न (उदा. पदचाप) । सानी नानीको चापले घरनै रमाइलो बनायो ।

चाप३ – /चाप्/ ना. रेखा गणितमा वृत्तको परिधिभित्रको एक अंश ।

चालक – /चालक्/ (तत्स.) [<चाल्+अक] ना. १. मोटर आदि हाँक्ने वा चलाउने व्यक्ति, ड्राइभर, डाइभर, हँकुवा, गाडीवान, सारथि । २. विद्युत आदि सञ्चालन हुने पदार्थ (सुचालक, कुचालक इ.) राम अहिले बसको चालक बनेको छ ।

चित्त – /चित्त/ (तत्स.) ना. १. मन, हृदय, दिल । २. विचार, चिन्ता इच्छा । ३. बुद्धि, अन्तःकरण, तर्क, तर्कना शक्ति । ४. अभिप्राय, उद्देश्य । ५. बुद्धि । पशुपति शर्माको लुट्न सके लुट कान्छा भन्ने गीतले सबै नेपालीहरूको चित्त छोयो ।

चिन्ता – (तत्स.) [चिन्त+आ] ना. पिर, सुर्ता, फिक्री, परवाह, ध्याउन्न । २. चिन्रतन, विचार । ३. धामीले रोग वा दोष छुट्याउन ढ्याङ्ग्रो ठटाएर गर्ने क्रियाकलाप, धभेली । ४. साहित्यशास्त्रका अनुसार एक सञ्चारी भाव । छोरी अबेरसम्म घर नआएकाले आमालाई चिन्ता भयो ।

चिरञ्जीवी – /चिरन्जिबी/ (तत्स.) [<चिरम्+जीवी] वि. १. दीर्घजीवी ना. २ पुराण अनुसार अमर मानिएका आठ चिरञ्जीवी (अश्वत्थामा, मार्कण्डेय, बलि, व्यास, हनुमान विभीषण, कृपाचार्य र प रशुराम) । ३. विष्णु । ४. काग । हजुरआमाले चिरञ्जीवी भएस् भनी आशीर्वाद दिनुभयो ।

चेतना – /चेतना/ (तत्स.) [चेतन+आ] ना. १. प्राणीमा रहने भित्री ज्ञान, चैतन्य, चेतना २. सत् असत् छुट्याउन सक्ने बुद्धि, विवेक । ३. कुनै विषयका सम्बन्धमा रहने पूर्व ज्ञान । ४. जीवन शक्ति । शिक्षाले सामाजिक चेतना बढाउँछ ।

चौथाइ – [चौथो+आइ] ना. १. कुनै वस्तु वा विषयका चार भागको एक भाग । २. एक मानाका चार भागमध्ये एक भाग भर्ने सानो भाँडो । ३. मानाको चतुर्थांश (नाप) । चिनी रोग लागेपछि माइजूको जिउ एक चौथाइ घट्यो ।

## 'छ'

छ१ – ऐ वा. गन्ती गर्दा पाँचपछि आउने सङ्ख्या, ६ अङ्क । दश पूर्णाङ्कको परीक्षामा राधाले छ अङ्क ल्याइन् ।

छ२ – अक्रि. (भूत. थियो) वर्तमान कालमा स्थिति वा अस्तित्व अर्थ जनाउने योजक क्रिया । (उदा. किताब झोलामा छ । कलममा मसी छ ।)

छन् – अ.क्रि. (सं. सन्ति) १. 'हुनु' क्रियाका तृतीय पुरुषको बहुवचनको रूप, 'छ' क्रियापदका आदरार्थीमा प्रयोग हुने क्रियापद । पत्रिकामा नवीनतम सूचनाहरू प्रकाशित छन् ।

छनोट – /छनोट्/ [<छान्+ओट] ना. छान्ने वा रोज्ने काम, केलाउने काम, छनाइ । हाकिमले आफ्नो कार्यालयका लागि कर्मचारीको छनोट गरे ।

छानबिन – /छान्बिन्/ [छान्+बिन्] ना. १. छान्ने र बिन्ने काम, रोज्ने र रुचिको वस्तु ग्रहण गर्ने काम । २. खोज तलास गर्ने काम, राम्ररी तथ्य पत्तो लगाउने काम ३. तलासी लिएर कुनै कुरो केलाउने कार्य । समस्याको छानबिन गरेर मात्र निर्णय लिनुपर्छ ।

छिटो १ – ना. (बहु/ति. छिटा) १. बर्सिएर झर्ने वा उछिट्टिएर आउने पानीको थोपो, पानीका बुँद, जलकरण । हातमा पानीको छिटो पऱ्यो । २. तताएको घिउ, तेल आदि उछिट्टिएर आउने थोपो । तातो तेलको छिटाले हात पोल्यो । ३. चोखो थोपो । पण्डितले अपवित्र वस्तुमा सुनपानीको छिटो हाले ।

छिटो२ – वि. (बहु. /ति. छिटा, स्त्री. छिटी) १. काम चाँडो गर्ने, फुर्तिलो, विप. ढिलो । भुवन दौडमा छिटो छ । २. चाँडो पुगिने, छोटो, छरितो । राजन छिटो बाटो आयो । क्रियो. ३. चाँडो, तुरुन्त, झट्ट, हतार गरेर । शिव छिटो हिँड्छ ।

## 'ज'

जनता – (तत्स.) ना. कुनै देशमा बस्ने मानिसहरूको समष्टि, मान्छेको समूह, जनसमूह, लोक शिक्षाको अवसर बढेमा जनताको जीवनस्तर उठाउन सहयोग मिल्छ ।

जनप्रतिनिधि – (तत्स.) ना. जनताले भोट दिएर वा छानेर पठाएको व्यक्ति, निर्वाचित नेता । प्रतिनिधि सभा देशका विभिन्न क्षेत्रबाट निर्वाचित जनप्रतिनिधिको सभा हो ।

जनशक्ति – /जनसक्ति/ (तत्स.) [जन+शक्ति] ना. १. देशको विकास तथा निर्माणका लागि मानवमा आवश्यक हुने दक्षता, मानव शक्ति, मानव संसाधन (उदा.. औद्योगिक जनशक्ति, शैक्षिक जनशक्ति, प्राविधिक जनशक्ति) २. जनताको शक्ति, जन बल । नेपालमा दक्ष जनशक्तिको अभावमा विकास निर्माण ढिला हुन्छ ।

जनसाङ्ख्यिक – /जनसाङ्ख्यिक्/ (तत्स.) [<जनसङ्ख्या+इक] वि. जनसङ्ख्यासँग सम्बन्धित, जनसङ्ख्याको (उदा देशको जनसाङ्ख्यिक वितरण, जनसाङ्ख्यिक विवरण । नेपालमा जनसाङ्ख्यिक विवरण १०/१० वर्षमा लिने गरिन्छ ।

जना – [जन+आ] कोक १. मानिसको गणना गर्दा एकाइ बुझाउने शब्द ( उदा. चार जना मान्छे, सात जना शिक्षक) २. व्यक्तिहरू, मानिसहरू । मुनाको घरमा पाँच जनाको परिवार छ ।

जाँच – /जाँच्/ ना. ठिक-बेठिक, उचित-अनुचित वा योग्य अयोग्य, छुट्याउने काम, मूल्याङ्कन, पारख (उदा. यन्त्रजाँच, हाजिरी जाँच) । २. परीक्षा लिने काम, परीक्षा/विद्यार्थीहरू जाँच दिँदै छन् । ३. परीक्षण । उसले रोगीको जाँच गयो । ४. छानबिन, जाँचबुझ (उदा. जाँच आयोग) ।

जागिर – /जागिर्/ (आ.) ना. सरकारी वा गैरसरकारी सङ्घ, संस्था, कार्यालयमा काम गर्ने पेसा, नोकरी, सेवा । २. त्यसरी काम गरे बापत निश्चित अवधिमा पाउने गरी तोकिएको रकम, तलब, तनखा, वेतना । ३. मनोजले सरकारी जागिरमा नाम निकाल्यो ।

जानकारी – /जान्कारि/ [जानकार+ई] ना. थाहा वा ज्ञान हुनाको स्थिति, ज्ञानलाभ, ज्ञानार्जन । २. ज्ञान । शिक्षकले भोलि विद्यालय बिदा हुने कुराको जानकारी दिनुभयो ।

जिम्मेवारी – /जिम्मेवारि/ (आ.) [जिम्मेवार+ई] ना. कुनै कामको अभिभारा, जिम्मेवारी, उत्तरदायित्व, जवाफदेही । रोहितले आफूले जिम्मेवारी लिएको काम पुरा गऱ्यो ।

जिल्ला१ – (आ.) ना. देशमा इलाकाभन्दा ठूलो, अञ्चलभन्दा सानो प्रशासनिक क्षेत्र । नेपाललाई ७७ जिल्लामा बाँडिएको छ ।

जिल्ला२ – (आ) ना. नाता । कैलाली र कञ्चनपुर छिमेकी जिल्ला हुन् ।

जीवन – /जिबन्/ (तत्स.) [जीव+अन] ना. १. प्राणीको जन्मदेखि मृत्युसम्मको समय, जिन्दगी । २. शरीरमा प्राण रहेसम्मको अवस्था, प्राणीको जीवित अवस्था, प्राणवान् अवस्था । ३. बाँच्ने ढङ्ग वा बचाउने शक्ति (प्राणतत्व) । ४. जिउँदोपन । किसानको जीवन पो जीवन हो ।

**‘झ’**

झन्डै – क्रियो., पुग नपुग, लगभग, करिब । भाइ भऱ्याङबाट झन्डै लडेको ! झन्डै गाडी छुट्यो । देउसी खेलेर झन्डै बीस हजार जम्मा भयो ।

## 'ट'

टिकट – /टिकट्/ (आ.) ना. १. बस, रेल, जहाज आदिमा यात्रा गर्दा दिइएको भाडाको प्रभाव जनाइएको कागतको टुक्रो । २. चलचित्र, प्रदर्शनी आदिमा छिर्नका लागि तिरेको प्रवेश दस्तुरको प्रमाणपत्र । ३. हुलाकद्वारा चिठी पठाउँदा टाँसिने, सरकारी तवरमा निस्कासित चिह्न युक्त सानो कागज, हुलाक टिकट, टिकसा । मनिषले घर जानका लागि बसको टिकट काट्यो ।

टीका – ना. १ . कुनै पद, पदावली, वाक्य, अनुच्छेद र ग्रन्थहरूको अर्थ स्पष्ट गरी लेखिएको व्याख्या, अर्थ, भाष्य । २. निधारमा लगाइने चन्दन, अविर, सिँदुर आदि, टिको, तिलक । ३. थोप्लो । हिन्दु धर्मावलम्बीहरूले दशैँमा टीका लगाउँछन् ।

ट्याक्सी – /ट्याक्सि/ ना. १. स्वचालित रूपमा पैसा चढेको देखाउने भाडावाल मोट । २. भाडामा चलाइने सानो गाडी । नेपालमा महिला ट्याक्सी चालकहरू पनि छन् ।

## 'ठ'

ठगी – /ठगि/ [ठग्+ई] ना. १. ठग्ने काम, ठगको काम, ठगाइ । चटकेले ठगी गरेर मेरो पैसा धुत्यो । २. छकाइ, छलछाम, धोका । जग्गा कारोबारमा निकै ठूलो ठगी भएछ ।

ठुलो – /ठुलो/ वि. १. आकार प्रकार वा लमाइ चौडाइ र उचाइका हिसाबले बढी भएको, अजङ्को, दब्बु, विशाल । २. अरूभन्दा पहिले जन्मेको, जेठो । मेरो ठूलो दाइ सहयोगी हुनुहुन्छ ।

ठेक्का – [<ठेक्+आ] ना. जग्गा कमाए बापत बर्सेनी मोहीले तल्सिङलाई बुझाउनुपर्ने अन्नबाली वा कुत । २. कुनै अड्डाखाना वा संस्थालाई नियमित समयमा निश्चित परिमाणमा दिनुपर्ने कबुल अनुसारको खाद्य वस्तु वाव चिजबीज । ३. निश्चित दर वा रकममा निर्धारित समयभित्र पूरा गर्नुपर्ने कुनै निर्माणसम्बन्धी कामको कबुल । ४. बोल कबोलअनुसार गरिने कुनै पनि कामको जिममा, ठेक, ३. जहारा । ठेकदारले पुल निर्माण गर्ने ठेक्का पायो ।

'ड'

डिसेम्बर – /डिसेम्बर/ (आ.) ना. ग्रेगोरी पात्रो अनुसार मङ्सिर र पुस महिनाका बिचमा पर्ने एकतिस दिने, आखिर महिना । दक्षिण एसियाली क्षेत्रीय सहयोग सार्कको स्थापना ८ डिसेम्बर १९८५ मा भएको हो ।

डेढ – /डेढ्/ वि. एक र आधा, साढे एक (१.५) । राहुल डेढ बजे घुर पुग्यो ।

'ढ'

ढङ्ग – /ढङ्ग/ ना. कुनै काम गर्ने पद्धति, शैली, सिप तथा ढाँचा वा छाँट । २. कसैमा हुने असल वा खराब स्वभाव, बानी बेहोरा । ३. कुनै विषयको किसिम वा प्रकार । त्यो कस्तो ढङ्गको मान्छे हो ?

ढिलासुस्ती – /ढिलासुस्ति/ [ढिलो+सुस्ती] ना. गर्नुपर्ने कामकाज समयमा नभई ढिलो हुने चाल, ढिला र सुस्त । अफिसको ढिलासुस्तीले धेरै दिन बित्यो ।

ढुङ्गा – ना. [ढुङ्गो] १. सीमा वा सिमानामा गाडिएको चिनो । २. पत्थर, शिला, पाषाण, ढुङ्गो । मन्दिर  जाने बाटामा ढुङ्गा छापिएका छन् ।

तत्काल – /तत्काल्/ (तत्स.) [तत्+काल] क्रियो १. त्यस बेला, त्यतिबेला, त्यस बखतमा । अब राम तत्काल घरबाट फर्कँदैन । २. तुरुन्त, लगत्तै, अविलम्ब । कृष्ण तत्काल फाइदा हुने काममा लाग्न चाहन्छ ।

तथा – संयो. त्यस्तै, त्यो जस्तै भन्ने जनाउन संयोजकका रूपमा प्रयोगमा आउने शब्द, र, अनि, एवम् (उदा. बन्धु, बान्धव तथा इष्टमित्र, स्वच्छ तथा स्वस्थ वातावरण)

तथ्याङ्क – /तत्थ्याङ्क/ (तत्स.) [<तथ्य+अङ्क] ना. अनुसन्धानका लागि सङ्कलित सूचना, नीतिगत निर्णयका लागि विश्लेषण गरिने तथ्यहरूको सँगालो गाउँको शैक्षिक स्थितिबारे तथ्याङ्क सङ्कलन गरियो ।

तराई – /तराइ/ [<तरी/तली +आई] ना. पहाडमुनिको फराकिलो समतल भूभाग, मधेस । तराईमा भीषण हावाहुरीका कारण जनधनको क्षति भयो ।

तलब – /तलब्/ (आ.) ना. १. कुनै पनि कर्मचारीले सेवा गरे बापत सेवाको सर्त अनुसार निज रहेको पदमा प्रचलित वेतन वृद्धि क्रम अनुसार पाउने रकम वा सुविधा, महिनावारी, तनखा, बेतन । २. जवाफ दिनका निम्ति गरिने बोलावट वा भाग । त्यस कार्यालयमा कर्मचारीले मसान्तमा तलब बुझ्दछन् । काम सन्तोषजनक नभएकाले मुनाको तलब रोक्का गरिएको छ ।

तह – /तह/ (आ.) ना. १. कुनै क्रियाकलाप वा वस्तुको निर्धारित स्तर वा स्थान । २. कामको ठिक चाँजोपाँजो । ३. पूजातत्त्वका अनुसार उत्खनन गरेका कुण्डको गहिराइमा रहेको माटो आदि वस्तुको एकपछि अर्को खपिएर रहेको लहर, कुण्डमा रहेको तलदेखि माथिसम्म स्पष्ट देखिने जमिनको पत्रैपत्र । ४. खान, चाङ, पत्र । मेरी बहिनीले दश जोड दुई उत्तीर्ण गरिन् ।

तिन१ – /तिन्/ (सर्व.) [<ती] 'ती' शब्दको विभक्ति प्रत्यय लाग्दा हुने तिर्यक रूप, उन । (उदा. तिनले, तिनलाई, तिनको) । सिता आफ्नो घरमा बस्छिन् तिनको घर काठमाडौँ हो ।

तिन २ – /तिन्/ ना. १. दुईपछिको सङ्ख्या, दुई र एकको जोड । वि. २. दुई र एकका योगसङ्ख्याको । (उदा( तिन आँख्ला तिन गुणा, तिन घुम्ती)

तुलना – /तुलना/ (तत्स.) [तुल् + अन +आ] ना. १. गुण, मान, आकार आदिका दृष्टिले एकभन्दा बढी वस्तुमा पाइने समानता वा असमानताको परीक्षण गर्ने काम, दाँज्ने काम, दाँजो, तुल्यता । २. तौलने वा जोख्ने काम, निर्धारण गर्ने काम । त्यसका तुलनामा यो रुख अग्लो छ ।

तेल – /तेज्/ ना. तिल, तोरी इ. वा खनिज स्रोतबाट निकालिएको चिप्लो र दहनशील तरल पदार्थ, तैल । खानीबाट निकालेर इन्धनका रूपमा प्रयोग हुने तरल पदार्थ नै तेल हो ।

**'थ'**

थालनी – /थालनि/ [थाल्+अनी] ना. आरम्भ, सुरु, थाल्नी, श्रीगणेश, प्रारम्भ । घर बनाउने कामको थालनी भयो ।

थियो – अक्रि. [<छ+यो] 'छ' को भूतकालको तृतीय पुरुषको एकवचनको रूप (उदा थियो, थिए, थिइन्, थियौं) । गोपाल गम्भीर स्वभावको थियो ।

**'द'**

दण्डित – /दन्डित्/ (तत्स.) [दण्ड+इत] वि. दण्ड गरिएको, सजाय दिइएको, दण्ड पाएको (उदा. दण्डित व्यक्ति । विद्यार्थीहरू शिक्षकद्वारा दण्डित भए ।

दबाब – /दबाब्/ [दब्+आब] १. बल, प्रभाव, शक्ति आदिले अर्कालाई वशमा राख्ने काम, उन्नति र भलो हुन नदिने काम, दबाउ । २. थिच्ने काम, थिचाई । ३. च्याप्ने वा निचोर्ने काम, चेप । मजदुरहरूले उद्योगपतिलाई सुविधा बढाउन दबाब दिए ।

दर[1] – /दर्/ (आ.) ना. १. क्रय विक्रय गरिने वस्तुको निश्चित परिणाम वा एक प्रतिको निर्धारित मूल्य, रेट, भाउ ३. मोल, मूल्य, दाम । भाइले पाँच रुपियाँका दरले छ ओटा पेन्सिल किन्यो ।

दर[2] – /दर्/ ना. १. तिजका अघिल्ला रात स्त्रीहरूले खाने, दरिलो विशेष भोजन (दर खानु, दर खाने आदि) २. आइ । तीजमा दिदी बहिनीहरूले दर खाए ।

दर्ता – /दर्+ता/ ना. १. कुनै कार्यालयमा औपचारिक रूपमा आएका चिठी, कागजात आदि दर्ता किताबमा दर्ने वा चढाउने काम, दराइ । २. संघ, संस्था, पत्रपत्रिका आदि रजिष्ट्रेसन वा पञ्जीकृत गर्ने गराउने काम । उनीहरूले जिल्ला कार्यालयमा आफूले खोलेको संस्था दर्ता गरे ।

दल – /दल्/ (तत्स.) ना. १. अन्न, फल आदिको बिउ, बियाँ । सानीले बिरुवा उमार्न फूलको दल राखिन् । २. फुलको पत्र (उदा. राजनीतिक दल, कार्यदल) । राजनीतिक दलका नेताले भाषण जस्तै काम गरेको भए नेपाल समृद्ध बन्थ्यो ।

दलाल – /दलाल्/ (आ.) ना. कुनै वस्तु किनबेच गर्दा किन्ने र बेच्नेका बिचमा कुरा मिलाई नाफा खाने व्यक्ति । (उदा. जग्गाको दलाल, धितोपत्रको दलाल) । सेयर दलालको काम गरी रामले मनग्गे सम्पत्ति कमाएको छ ।

दशैं – /दसैं/ [<दशमी] - दसैं । हिन्दुहरूको महान चाड दशैं हो ।

दानशील – /दान्सिल्/ (तत्स.) [दान+शील] वि. अत्यन्त दानी स्वभावको, खुबै दान दिने, साह्रै ठूलो दानी । धुर्मुस सुन्तलीको जस्तो दानशील स्वभाव अरूको पनि हुन जरुरी छ ।

दाबी – /दाबि/ (आ.) ना. १. कुनै वस्तुमा आफ्नो हकको जिकिर गर्ने काम, दाबा । २. विपक्षीबाट भराउने बिगो वा धनमालको खास विवरण । न्यायालयमा क्षतिपूर्तिको दाबी पेस गरियो ।

दिगो – वि. (बहु/ति. दिगा) धेरै दिन टिक्ने तथा खप्ने, टिकाउ, खपाउ, अडिलो, चिरस्थायी (उदा. दिगो. विकास, दिगो काम, दिगो सोचाइ) । नेपालमा दिगो विकासका लागि प्रयास भइरहेको छ ।

दिने – [दिन+ए] वि. १. दिन सम्बन्धी, दिनको (पाँच दिने, दस दिने, पन्ध्र दिने इ.) । [दि+नु+ए] २. कुनै चिज प्रदान गर्ने । कृतिले प्रीतिलाई हरेक वर्ष उपहार दिने गर्छिन् ।

दियो – ना. (बहु/ति. दिया) १. तिल, तोरी आदिको तेल वा घिउ हाली धागोको सलेदीमा बली बाल्ने, माटो वा धातुबाट बनाइएको कचौरीका आकारको सानो भाँडो, दीपदान । २. बत्ती । मैले प्रत्येक दिन दियो बाल्छु ।

दिवा – /दिबा/ (तत्स.) ना. दिउँसो, दिन (उदा, दिवाभोज, दिवासेवा, दिवास्वप्न, दिवा कार्यक्रम । रामले दिवा खाजाका लागि चना भिजाएको छ ।

दीपावली – /दिपाबलि/ (तत्स.) [<दीप+आवली] ना. १. बलीहरूको पङ्क्ति, दीपमाला, दिवाली । २. कार्तिक कृष्णपक्षको औँसीको दिन लक्ष्मीको आराधनाका निम्ति घर घरमा बत्ती बालेर मनाइने उत्सव, लक्ष्मी पूजाका दिनको उत्सव । ३. तिहार । ४. खुसीयालीका बेलामा धेरै बत्ती बालेर मनाइने पर्व वा उत्सव । दीपावली पर्वमा भैलो खेलिन्छ ।

दीर्घायु – /दिरघायु/ (तत्स.) [दीर्घ+आयु] ना. १. लामो आयु, दीर्घ जीवन । जन्मदिनमा इष्टमित्रहरूले मेरो दीर्घायुको कामना गरे । वि. २. लामो आयु भएको, लामो समयसम्म बाँच्ने, चिरञ्जीवी, दीर्घजीव । ती बुढा त दीर्घायु रहेछन् ।

दुर्घटना – /दुर्घटना, दुर्घट्ना/ (तत्स.) [दुर्+घटना] ना.१. कुनै व्यक्ति वा वस्तुको नि वा क्षति हुने आकस्मिक घटना, अपरझ्र्फट आइपरेको कष्टपूर्ण वा अशुभ घटना । २. नोक्सानी, क्षति, नाश, मृत्यु । (उदा. मोटर दुर्घटना, हवाई दुर्घटना) । राधाको दुर्घटनामा परेर पनि ज्यान बच्यो ।

दुर्व्यवहार – /दुर्व्यवहार/ (तत्स.) [दुर्+व्यवहार] ना. खराब चाल चलन, अनुचित तथा अभद्र व्यवहार । २. नराम्रो कुराकानी । श्यामले मान्यजनप्रति दुर्व्यवहार गर्‍यो ।

देखासिकी – /देखासिकी/ [<देखा+सिको+ई] ना. अर्काले गरेको देखेर वा हेरेर आफूले पनि गर्न खोज्ने काम, अनुकरण, नकल, सिको, देखासिकी । देखासिकी गर्दागर्दै सानो बालक पनि जान्ने भयो ।

देवी – /देबि/ (तत्स.) [देव+ई] ना. १. स्त्री देवता, देवताकी स्त्री । २. दुर्गा, लक्ष्मी, सरस्वती आदि स्त्री देवताको नाम । ३. अत्यन्त सुन्दर शील स्वभाव एवं आचरण भएकी स्त्री । ४. स्त्री जातिका नाममा पछाडि गाँसिने एक उपाधि (उमादेवी, रमादेवी, विद्यादेवी इ.) ५. संसारमा रहेका दैविक शक्ति । दसैंमा देवीको पूजा गरिन्छ ।

दोष – /दोस्/ (तत्स.) [<दुष्] ना. १. कुनै वस्तु, व्यक्ति आदिमा हुने कमी, कमजोरी खराबी वा दुर्गुण, विप. गुण । २. कसैका विरुद्ध लगाइएको लाञ्छना, फत्तुर, अभियोग, अत्ते । दीपकले तँलाई पैसा चोरेको दोष लगायो । ३. कसुर, अपराध । दोष प्रभावित भएमा

साथी दण्ड तिर्नुपर्छ । ४. दाग, कलङ्क, खोट ५. अशुद्धि, जुटि, भुल, गल्ती (उदा.दोषपूर्ण कथन) ५. अशुद्धि, जुटि, भुल, गल्ती ( उदा( दोषपूर्णा कथन) ६. कसर, कस ७. शरीरमा वायु, कफ आदिबाट हुने विकार वा त्यस्तो प्रकोप । वायुदोष शमन गर्न उसले वैद्यको औषधी खायो । ८. काव्यको मुख्य भावलाई धमिल्याउने अवगुण (उदा. पदहोष, अर्थदोष, रसदोष)

द्वन्द्व – /द्वन्द्व- द्वन्द्व, द्वन्द/ (तत्स.) ना. १. कुनै दुई वस्तुको जोडा, युग्म, युगल । २. लोग्ने स्वास्नी, जोईपोइ, दम्पति । ३. परस्पर दुई विरोधी तत्वको जोडा । ४. दुई व्यक्तिका बिचको झगडा, द्वन्द्वयुद्ध, मल्लयुद्ध, कुस्ताकुस्ती । ५. कलह, सङ्घर्ष, उत्पात । ६. व्याकरणमा उभय पद प्रधान हुने समासको नाम (जस्तै : आमा बाबु) । ७. अल्झो, झन्झट । ८. कष्ट, दुःख । ९. द्विविधा, संशय । मसान नाटकमा कृष्ण र युवतिका बिचको द्वन्द्व कारुणिक छ ।

‘ध’

धन – /धन्/ (तत्स.) ना. १. जीवन निर्वाहमा सहायता पुऱ्याउने र कमाउन वा प्राप्तप गर्न परिश्रम, पुँजी, समय लगाउनु पर्ने मूल्यवान पदार्थ, सम्पत्ति (खेत, जमिन, घर, पैसा इ.) २. यथेष्ट मात्रामा रहने उक्त प्रकारको कुनै चिज (गोधन, अश्वधन इ.) । ३. कुनै वस्तुसँग विनिमय गर्न सकिने वा लगानी गरिने र लोक व्यवहारमा प्रचलित मुख्य रूपले चाँदी, तामा, पित्तल, सुन आदिको सिक्का, पैसा । ४. विद्या, बुद्धि, धर्म, कर्म आदि । ५. प्राण समान परमप्रिय व्यक्ति (उदा. आफ्ना जीवन धन नै बिलाएपछि बिचरी के गरुन् ।) ६. जन्म कुण्डलीमा जन्म लग्नबाट दोस्रो स्थान । ७. गणितमा जोड्ने वा मिलाउने चिह्न, जोड (+) । ८. हिसाब किताबमा कसैका नाउँमा जम्मा भएको रकम । हरि धन कमाउन विदेश गयो ।

धम्की१ – /धम्कि/ ना. कसैलाई बल, शक्ति, सङ्गठन आदिका आडमा त्रास देखाउने काम, धम्कीधम्की । मजदुरहरूले माग पुरा नभए हडताल गर्ने धम्की दिए ।

धम्की २ – /धम्कि/ ना. – दम

धार्मिक – /धार्मिक/ (तत्स.) [<धर्म+इक] वि. १. धर्मसँग सम्बन्धित, धर्म विषयक । २. धर्म गर्ने, धर्मप्रति आस्था राख्ने, धर्मात्मा, धर्मशील । मुना धार्मिक स्वभावको मान्छे हुन् ।

धेरै – [धेर+ऐ] वि./क्रियो प्रशस्त, ज्यादा, अथिक, बहुत । जलवायु परिवर्तनका कारण मानवीय स्वास्थ्यमा धेरै हानी पुगेको छ ।

ध्यान – /ध्यान्/ (तत्स.) [<ध्यै+न] ना. १. कुनै विषय वा कार्यमा रुचिपूर्वक भएको एकाग्रता, तन्मयता, तल्लीनता । २. मस्तिष्क एकाग्र भएको स्थिति, योग, साधन । ३. चिन्तन, सोच । ४. रुचि, चासो, ख्याल । ध्यानपूर्वक अध्ययन गरी बहिनीले सफलता प्राप्त गरिन् ।

**'न'**

नगरपालिका – (तत्स.) ना. नगरको बसोबास, सफाइ, सुविधा, सार्वजनिक स्थल, सांस्कृतिक सम्पदा आदिको व्यवस्थापन, सुधार, विकास योजना जस्ता जन सरोकारका कार्य गर्ने, जनप्रतिनिधिहरू मिलेर बनेको स्थानीय स्वायत्त संस्था । नेपालमा नगरपालिकाको सङ्ख्या पनि थपियो ।

नाम – /नाम्/ (तत्स.) ना. १. सृजित वा कल्पित कुनै पनि वस्तुलाई बुझाउने वा चिनाउने शब्द । २. मनुष्य वा गाइ, भैँसी, बाख्रा आदि पाल्तु जनावरलाई बोलाउने संज्ञा । ३. यश वा कीर्ति, प्रसिद्धि, सुनाम, ख्याति । भाइले पढेर ठूलो नाम कमायो ।

नारा१ – (आ.) १. कुनै संस्था वा व्यक्तिहरूले आफूले गरेको माग तथा अँगालेको विचार सिद्धान्त आदिको सार्वजनिक प्रचारका लागि गरिने उद्घोष । २. ठूलो आवाज, कुनै कुराको फलाको । 'सबैका लागि शिक्षा र रोजगार' उनीहरूको नारा थियो ।

नारा २ – ना. [नार् + आ] हल्लुँड ।

नारा३ – ना. हिउँ पग्लेका बेलामा नेपाल र भोटका बिच आवत जागत गर्ने, जुम्ला जिल्लाको १६, ०८६ फिट अग्लो एक भन्ज्याङ ।

निकाय – /निकाय/ (तत्स.) [नि+काय] ना. १. समूह, समुदाय । २. समुदाय अन्तर्गतको एक खण्ड, एकाइ ३. वासस्थान । ४. शरीर । ५. निशाना, लक्ष्य । ६. कुनै संस्था वा सदन । सम्बन्धित निकायले समस्या समाधानतर्फ ध्यान दिनुपर्‍यो ।

निकै – [निको+ऐ] वि. १. प्रशस्त मात्रामा भएको, धेरै, प्रशस्त, मनग्गे, आरामै, सञ्चै । कति उपचार गर्दा पनि टाउको दुख्ने रोग निकै भएन । क्रि.वि. ३. धेरै नै, प्रशस्त मात्रामा, खुबै, प्रशस्तै । हरि निकै बाठो छ । सनम निकै दौडन्छ ।

नियन्त्रण – /नियन्त्रण्/ (तत्स.) [<नि+यन्त्र+अन] ना. १. नियम वा बन्धनमा राख्ने काम, व्यवस्थित स्थिति वा अनुशासनको अधीनता । २. व्यक्ति प्रयोगबाट हुने वा गरिने अशान्त स्थितिको दमन । सरकारले चोरी लुटपाटका घटनालाई नियन्त्रण गर्नुपर्दछ ।

नियुक्ति – [नि+युक्ति] ना. कुनै कार्यमा वेतना वा पारिश्रमिक पाउने गरी भर्ना हुने वा गर्ने काम, भर्ती, नियुक्त हुने कार्य । योगराजलाई शिक्षक पदमा नियुक्ति गरियो ।

निर्जीव – /निर्जिब/ (तत्स.) [निर्+जीव] वि. १. जीव वा प्राण नभएको, भरेको, मृत । २. गतिहीन, जड । ३. स्थावर । ढुङ्गो निर्जीव वस्तु हो ।

निर्देशन – /निर्देसन्/ (तत्स.) [<निर्+दिश्+अन] ना. १. निर्देश गर्ने काम, कुनै काममा कुशलतापूर्वक प्रवृत्त गराउने कार्य । २. अहोट, आज्ञा । गुरुले शोधपत्र सुधार्न निर्देशन दिनुभयो ।

निर्वाचन – /निरबाचन्/ (तत्स.) [<निर्+वाचन] ना. संसद, सङ्घसंस्था आदिमा काम गर्ने प्रतिनिधिहरूको छनोटका लागि मतदान, त्यस्तो प्रक्रियाद्वारा गरिने प्रतिनिधिको चयन, चुनाब । सङ्घको निर्वाचन सम्पन्न भयो ।

निर्वाचित – /निरबाचित्/ (तत्स.) [निर्+वाच्+इत] वि. मतद्वारा छानिएको, निर्वाचित सदस्य, निर्वाचित प्रतिनिधि) । सरोज वडाध्यक्षमा निर्वाचित भयो ।

निष्कर्ष – /निस्कर्स/ (तत्स.) [निस्+कर्ष] ना. १. सारभूत अर्थ, निचोड, सार । २. विवादास्पद विषयमा आपसी विचार विमर्शबाट निस्केको ठहर, विचार मन्थनबाट निस्केको सारवस्तु । ३. परिणाम, नतिजा । ४. निर्णय, निधो, टुङ्गो । ५. निश्चय, जााचबुझ । त्यत्रो दौडधुपको निष्कर्ष के निस्कियो त ?

नीति – /निति/ (तत्स.) [नी+ति] ना. १. विभिन्न जाति, वर्ण, आश्रय, धर्म सम्प्रदायहरूका प्रवर्तकबाट लोक व्यवहारको सञ्चालनका लागि निर्धारित आचरण, आचार पद्धति, आचार संहिता । २. त्यस पद्धतिबाट हिँड्दा अँगाल्नु पर्ने नियम । ३. कुनै सरकार वा संस्था आदिले आफ्नो कार्य सञ्चालनका लागि अँगाल्ने आधारभूत सिद्धान्त । ४. उपाय, युक्ति । ५. राज्य सञ्चालनका चार प्रमुख उपाय - साम, दाम, दण्ड र भेदमध्ये कुनै एक । सरकार संवैधानिक नीतिअनुसार चल्छ ।

नेपाल – /नेपाल्/ ना. १. विश्व मानचित्रमा एसिया महादेवको एक भागमा रहेको, सर्वोच्च हिम शिखर सगरमाथा भएको, उत्तरमा चीनको तिब्बत र दक्षिणमा भारत, पूर्वमा मेची र पश्चिममा महाकालीसम्म फैलिएको एक सार्वभौम सत्ता सम्पन्न स्वतन्त्र राष्ट । २. नेपालीहरूको एक थर (थर अर्थमा) । नेपाल बहुजाति र बहुसंस्कृति सम्पन्न राष्ट्र हो ।

नेपाली – /नेपालि/ [नेपाल+ई] १. नेपाल सम्बन्धी, नेपालको, नेपालमा बनको । २. नेपालमा बसोबास गर्ने, नेपालको बासिन्दा, नेपाली नागरिकता प्राप्त गरेको । ना. ३. नेपालका जाति । ४. बहुसङ्ख्यक नेपालीले बोल्ने भाषा, नेपालको राष्ट्रभाषा । बहादुरिता नेपालीको पहिचान हो ।

नोभेम्बर – /नोभेम्बर्/ (आ.) ना. इस्वी संवत्को एघारौँ महिना । प्रथम विश्वयुद्ध ११ नोभेम्बर १९१८ मा टुङ्गिएको थियो ।

‘प’

पक्ष – /पक्छ्य, पच्छ्य/ (तत्स.) ना. १. उड्ने जीवजन्तुहरूको शरीरका दुबैपट्टि रहेका, उड्न मद्दत गर्ने प्रायः भुत्लावाल अङ्ग, पखेटा । २. ढोकाका फग्लैँटा वा खापा, द्वार । ३. कुनै वस्तुका दायाँ बायाँ रहने अवयव, पार्श्व । ४. कुनै विषयका अनेक तत्व वा दल । ८. सहायक वा समान वर्गको जमात । ९. वाणका फेदमा लागेको प्वाँख । १०. नदीको किनारा, तत । ११. जमिनको भिरालो भाग, पाखो । १२. छानाका दुई भिराला पाट । ना.यो. १३. तिर, तर्फ, पट्टि । शरदले मुनाको पक्षमा वकालत गरे ।

पछिल्लो – [<पछि+लो] वि. पछाडि पट्टिको, पछिल्तिरको, पिठिउँतिरको । तुलसीले पछिल्लोपटक सीतालाई पाँच हजार रुपैयाँ दिइन् ।

पटक – /पटक/ नायो. १. चोटि, पल्ट, बाजि, पालि । ऊ एकपटक मेरो घरमा आएको छ । ना. २. खेप, फेर (उदा. यस पटकको फुटबल खलमा हम्रो टिम विजयी भयो । पटकपटक  गरी उसले मबाट दश हजार रुपैयाँ सापटी लिएको छ ।

पटका – /पटका/ [<पट्ट+का] ना. १. बारुद र गन्धकबाट तयारर गरिएको, पट्याकपट्याक गरी पड्काइने वस्तु, पटाका । २. भुइँमा बजार्दा वा आगो सल्काउँदा बम, गोला आदि झैँ पड्कने एक किसिमको आतसबाजी । तिहारमा केटाकेटीले पटका पडकाए ।

पत्र – /पत्र/ (तत्स.) ना. १. बोट विरुवाको पात (उदा. विल्वपत्र, पत्रपुष्प) २. कागज, पुस्तक, कापी आदिको पाना, पातो पत्ती । ऊ पुस्तकका पत्र पल्टाउँदै छ । ३. अध्ययन गर्नु पर्ने कुनै एक विषय वा त्यसको पाठ्यांश (उदा. प्रथम पत्र, द्वितीय पत्र) ४. चिठी । उसले भाइलाई पत्र लेख्यो । ५. खान, तह दल (उदा. बिछ्यौनाको पत्र, जमिनको पत्र, फुलको पत्र, कमल पत्र) ६. खबर कागज, अखबार (उदा. समाचार पत्र, गोरखापत्र) ७. धातु, ढुङ्गो आदिको पातो (उदा. शिलापत्र, ताम्रपत्र) ८. बिहाको कार्यक्रम (लगन) आदि लेखिएको कागज र उपहारका सामग्री । बेहुला पक्षका व्यक्तिहरू बिहाको पत्र लिएर बेहुलीका घर गए । ९. कसैलाई निम्तो गर्न लेखिएको तथा छापिएको कागज वा त्यस्तो कार्ड (उदा. निमन्त्रणा पत्र) । सुशीलले रमालाई पत्र लेखे ।

परिकल्पना – (तत्स.) [परि+कल्पना] ना. १. पछि सिद्ध हुन सक्ने कुराको पहिले नै मनमा गरिने अड्कल वा धारणा । २. तर्कका लागि मात्र कुनै कुराको मान्यता । ३. बनाउने काम, निर्णय, रचना । ४. कुनै कुरा वा विषयप्रतिको निश्चय वा निर्णय । गोवर्द्धन सुखी परिवारको परिकल्पना गर्थ्यो, साकार भयो ।

परिचालित – /परिचालित्/ (तत्स.) [परि+चालित] वि. १. चालु राखिएको । २. हल्लाइएको, डोलाइएको, वरिपरि घुमाइएको । ३. हिँड्डुल गराइएको । बाटो खन्न गाउँलेहरूलाई परिचालित गरियो ।

परिणाम – /परिणाम्/ (तत्स.) [<परि+नी+अ] ना. १. कुनै काम वा विषयको निचोरमा हुने निष्कर्ष, फल, नतिजा । २. कुनै काम वा विषयलाई बदल्ने काम, परिवर्तन ३. एक रूपबाट अर्को रूपमा बदल्ने काम, परिवर्तन । ३. एक रूपबाट अर्को रूपमा बदल्ने काम, रूपान्तरण । ४. कुनै वस्तु वा विषयको वृद्धि हुने क्रिया, विकास । छलफलको परिणाम राम्रो भयो ।

परिपूरण – /परिपूरण्/ (तत्स.) [परि+पूरण] ना. १. पूरा गर्ने वा परिपूर्ण गर्ने क्रिया । २. राम्ररी भर्ने काम । ३. समाप्त गर्ने वा सिद्ध्याउने क्रिया ।

परिवर्तन – /परिबर्तन/ (तत्स.) [<परि+वृत्+अन] ना. १. एक थरी रूप, अवस्था, गुण आदिबाट अर्का थरी रूप, अवस्था, गुण आदिमा बदलिने वा रूपान्तरित हुने क्रिया, हेरफेर, अदलाबदली । २. उपयोगिताको विचार गरी कुनै वस्तुलाई बढाउने वा नयाँ रूप दिने काम सुधार्ने काम । ३. साटफेर, विनियमय । ४. फेरो, चक्कर, ५. चक्कर लगाउने काम, परिभ्रमण । ६. वर्किने फर्किने काम । ७. कुनै पुरानो युगको अन्त र नयाँ युगको आगमन । शिक्षा ऐनको नवौँ संशोधनले शिक्षामा केही परिवर्तनका कुरा ल्यायो ।

परिवार – /परिबार्/ (तत्स.) [परि+वार] ना. १. एउटै घरमा बसी एकै भान्सामा खाने एकै बाबुआमाका सन्तान, जहान । उनीहरूको परिवार नै बिहाको निम्तो मान्न गयो । २. नाता, सम्पर्क, काम आदिले निकट रहेर एकै ठाउँमा बस्ने व्यक्तिहरूको समूह । उनीहरूको परिवारमा ६ जना छन् । ३. एउटा वर्ग वा जातिको समूह (उदा. भट्टराई परिवार, थापा परिवार, गुरुङ परिवार) ४. कुनै एक व्यक्ति वा संस्थासँग आश्रित व्यक्तिहरूको समूह, परिजन (उदा. विद्यालय परिवार, राष्ट्र बैङ्क परिवार)

परिसर – /परिसर्/ (तत्स.) [परि+सर] ना. १. नदी, सहर, पर्वत आदिका आसपासमा रहेको जमिन । २. आसपास, छिमेक । ३. घेरा । ४. कम्पाउन्ड । विद्यालय परिसरमा बोटविरुवा लगाइएका छन् ।

परीक्षण – /परिक्छ्यण, परिच्छ्यण्/ (तत्स.) [<परि+ईक्षण] ना. १. परीक्षा लिने काम, सम्बन्धित विषयमा योग्य छ छैन भनी चौतर्फी मूल्याङ्कन गर्ने काम, जाँच गर्ने काम । २. पारख गर्ने काम । शिक्षकले विद्यार्थीका उत्तरपुस्तिका परीक्षण गरिसक्नु भएछ ।

पशु – /पसु/ (तत्स.) ना. १. चार खुट्टा हुने, पुच्छरधारी जन्तु, चौपाया, जनावर । २. बलि दिइने जनावर । वि. ३. मूर्ख, विवेकहीन (व्यक्ति) । यो मान्छे त कस्तो पशु रहेछ ।

पश्चिम – /पस्चिम्/ (तत्स.) [पश्च+इम] वि. १. सबैभन्दा पछिको, पछिल्लो । २. अन्तिम, आखिरी । ना. ३. सूर्य, तारा आदि अस्ताउने, दिशा, पूर्वको विपरीत दिशा, पच्छिम, पच्छिउँ ।

पाँच – /पाँच्/ ना. चारमा एक जोड्दाको सङ्ख्या, ५ अङ्क । वि. २. चार र एकका योगको । स्नातक तहको परीक्षामा नतिजामा बिनाको स्थान पाँचौँ आयो ।

पीडक – /पिडक/ (तत्स.) [पीड्+अक] वि. १. अरूलाई वा स्वयम्लाई कष्ट पुऱ्याउने वा दुःख दिने, पीडा पुऱ्याउने । ना. २. पीडा दिने व्यक्ति । प.स. ३ धेरैजसो अरू शब्दका पछाडि आउने र पीडा दिने भन्ने अर्थ बुझाउने प्रत्ययधर्मी शब्द (जस्तैः आत्मपीडक, परपीडक इ.) । नेपालमा पीडित अझ पीडित हुने र पीडक मौलाउने प्रथा कायमै छ ।

पीडा – /पिडा/ (तत्स.) [पीड+आ] ना. १. शरीरमा चोटपटक लाग्दा वा अन्य कुनै कारणले शारीरिक कष्ट हुँदा वा मानसिक आघात पर्दा सचेत व्यक्तिका मनमा हुने दुःखको अनुभूति, शारीरिक वा मानसिक दुःखको अनुभव, वेदना, व्यथा, तकलिफ, कष्ट । २. रोग व्याधि । ३. बाधा, अड्काउ । उसको मनमा पीडा छ ।

पीडित – /पीडित/ (तत्स.) [पीड्+इत] वि.१. पीडा भएको, दुःखित । उनीहरू पीडित व्यक्तिहरूको सहायतामा जुटेका छन् । २. विभिन्न घटनाबाट थिचोमिचोमा परेको तथा सताइएको (उदा. बाढी पीडित, अग्नि पीडित, भूकम्प पीडित) ३. ग्रस्त, आक्रान्त (उदा. रोग पीडित)

पुष्टि – /पुस्टि/ (तत्स.) [<पुष्+ति] ना. १. मोटो, बलियो हुने क्रिया वा भाव, पुष्ट हुने क्रिया वा भाव । २. पहिले भएको कुनै कुरालाई तर्क, प्रमाण आदिद्वारा बलियो बनाउने क्रिया वा भाव । दाजुको भनाइले मेरो विचारको पुष्टि भयो ।

पुस्ता – ना. बाबु, बाजे, बराजु आदि । छोरो, नाति, पनाति आदिको पूर्वापर क्रम, वंश परम्परा, पिँढी (जस्तै, सातौँ पुस्ता, आठौँ पुस्ता आदि । नयाँ पुस्ताका केटाकेटीले पुरानो पुस्ताका कुरा त्यति मन पराउँदैनन् ।

पूजा – /पूजा/ (तत्स.) [पूज्+आ] ना. १. देवी, देवता वा पूजनीय व्यक्तिलाई प्रसन्न पार्न, अनुकूल पार्न वा पुण्यार्जन गर्न श्रद्धा भक्तिपूर्वक गरिने कार्य । २. देवदेवी आदिलाई जल, फूल, अक्षता, नैवेद्य आदि चढाएर गरिने धार्मिक कार्य, अर्चा, अर्चना । सरस्वती पूजाका दिन विद्यारम्भ गर्नु राम्रो मानिन्छ । ३. आदर सत्कार, मान सम्मान । ४. कसैलाई प्रसन्न वा अनुकूल पार्नका निम्ति केही वस्तु दिने कम । ५. (व्यङ्ग्यार्थमा) पिट्ने काम, पिटाइ (उदा. प्रहरीले चोरको राम्ररी पूजा गऱ्यो ।

पूर्ण – /पुर्‌ण/ (तत्स.) [<पूर+न] वि. १. पूरा, विप. अपूर्ण । उदा. पूर्ण कलश, पूर्ण कार्य, पूर्ण विराम । २. त्यो भएको वा त्यसले युक्त भन्ने अर्थमा शब्दको पछाडि आउने शब्दांश (उदा. महत्त्वपूर्ण, सारपूर्ण, भावपूर्ण, त्रुटिपूर्ण ।

पूर्वाधार – /पूर्‌बाधार्/ (तत्स.) [<पूर्व+आधार] ना. १. विकास, निर्माण, उद्योग, आदिको स्थापनाका लागि आवश्यक पर्ने वस्तु, सिप, ज्ञान र भौतिक संरचना आदि । सडक निर्माणलाई देश विकासको पूर्वाधार मानिन्छ । दक्ष जनशक्तिको तयारीका लागि शिक्षा पूर्वाधार हो । २. मुख्य आधार, आधारशीला, जग ।

पैदा – (आ.) ना. १ जन्म, उत्पन्न, प्रकट । बालक पैदा भयो । मेरो मनमा अनौठो विचार पैदा भयो । २. तुल्याउने काम, उब्जनी, उपज । पोहोर गहिरी खेतमा साठी मुरी धान पैदा भएको थियो ।

पैसा – (आ.) ना. (एक/तुच्छ पैसो) १. रुपियाँको १०० भागको एक भाग २. धातुको मुद्रा वा सिक्का (उदा. पच्चिस पैसा, पचास पैसा) ३. नगद, रुपियाँ, धन । अनिल पैसा कमाउन विदेश गयो ।

प्रकट – /प्रकट्/ (तत्स.) [प्र+कट] वि. १. लुकेर बसेको कुरा बाहिर देखिएको, अगिल्तिर भएको, प्रत्यक्ष भएको । २. स्पष्ट, खुलस्त । सुनिलले सभामा सप्रमाण आफ्नो विचार प्रकट गर्‍यो ।

प्रभाव – /प्रभाब्/ (तत्स.) [प्र+भाव] ना. १. कुनै व्यक्ति, वस्तु, वातावरण, आदिको गुण वा दोषको अरूमा पर्ने असर वा छाप (उदा. जाडोको प्रभाव, औषधीको प्रभाव, व्यक्तित्वको प्रभाव) २. कुनै वस्तु, व्यक्ति घटना आदिको शक्ति, सामर्थ्य, दबाब वा महत्त्व (उदा. भूकम्पको प्रभाव, तपस्याको प्रभाव, हाकिमको प्रभाव) ३. परिणाम, प्रतिफल । औषधिको प्रभावले दिदीको स्वास्थ्यमा सुधार आएको छ ।

प्रभावकारी – /प्रभाब्कारी/ (तत्स.) [प्रभाव+कारी] वि. १. प्रभाव दिन सक्ने गुण भएको, असरदार (उदा. प्रभावकारी औषधी, प्रभावकारी भाषण, प्रभावकरी प्रचार) २. प्रखर, प्रबल । सरसफाइ व्यायाम स्वस्थ्यका लागि प्रभावकारी छ ।

प्रभावित – /प्रभाबित्/ (तत्स.) [प्रभाव+इत] वि. कुनै वस्तु, व्यक्ति, परिवेश आदिको प्रभाव परेको, असर भएको, प्रभावान्वित व(उदा. प्रभावित भएको, प्रभावान्वित उदा. प्रभावित व्यक्ति, प्रभावित विचार, प्रभावित वातावरण) । भूकम्प प्रभावितलाई राहत वितरणका कार्यमा व्यक्तिगत सहयोग पनि मिलेको छ ।

प्रयास – /प्रयास्/ (तत्स.) [प्र+यास] ना. १. आफूले चाहेको कुरो हासिल गर्न गरिने काम कारबाई, यत्न, कोसिस, जमर्को । २. परिश्रम, आभास । ३. उद्योग, उन्नति । साथीहरू हिमाल चढ्ने प्रयास गर्दै छन् ।

प्रलोभवन – /प्रलोभन्/ (तत्स.) [प्र+लोभन] ना. १. ज्यादै लोभ एवं लालच र्ने काम । २. लोभ्याउने प्रक्रिया । विकासले पैसाको प्रलोभन देखाएर छिमेकीलाई तर्साउँदै छ ।

प्रवृत्ति – /प्रिब्रित्ति/ (तत्स.) [प्र+वृत्ति] ना. १. कुनै कामप्रति झुकाव, आकर्षण, विप. निवृत्ति । पढाइमा उसको प्रवृत्ति बढेको छ । २. संलग्नता, लगाब, मोह । बाघ हिंस्रक प्रवृत्तिको जनावर हो ।

प्रशंसा – /प्रसम्सा/ (तत्स.) [प्र+शंस+आ] ना. १. केही राम्रा गुणहरूका आधारमा बढाइँ चढाइँ, अथवा यथार्थ रूपमा गरिएको कसैको राम्रो बखान, सहानी, तारिक । २. स्तुति, स्तुतिगान । ३. झूटो तारिफ, चाप्लुसी, बेसार घसाइ । रविले साथीको लगनशीलताको प्रशंसा गऱ्यो ।

प्राथमिकता – /प्राथमिकता/ (तत्स.) [प्राथमिक+ता] ना. कार्य, व्यक्ति वा वस्तुलाई प्राप्त हुने पहिलो स्थान वा अवसर, अग्रावसर, अग्राधिकार । कविले जागिरलाई भन्दा पढाइलाई प्राथमिकता दिएछ ।

प्रोत्साहन – /प्रोत्साहन्/ (तत्स.) [<प्र+उत्साह+अन] ना. कसैलाई कुनै कार्य विशेषप्रति उत्साह एवं हौसला बढाउने क्रिया प्रक्रिया, उत्साह । खेलकुदमा प्रोत्साहनका लागि पुरस्कार दिइन्छ ।

'फ'

फरक – /फरक/ (आ.) ना. १. कुनै वस्तुसँगको नमिल्दो हुने स्वरूप वा विषमता, भिन्नता, पार्थक्य । २. अन्तर, टाढा, दुरी । वि. ३. दुइटा वस्तुमा एउटाको अपेक्षा अर्को भिन्नै खालको, अलग, बेग्लो । तराई र पहाडको हावापानी फरक छ ।

फलस्वरूप – /फलस्वरूप/ (तत्स.) [फल+स्वरूप] क्रियो. कुनै कामको परिणाममा, फलत । हिजो दर्के पानी पर्‍यो, फलस्वरूप बाढी पनि आयो ।

फिर्ता – [फिर्+ता] ना. फर्कने वा फर्काउने काम, फिर्ती, फिराइ । यादवले अस्ति लगेका किताबहरू आजै फिर्ता गर्‍यो ।

फूल – /फूल्/ [<सं.फुल्ल] ना. - फुल १ । वसन्तमा फूलको सुगन्धले मनै रमाउँछ ।

'ब'

बजार – /बजार/ (आ.) ना. १. विभिन्न वस्तुहरूको पसल राखिएको ठाउँ, मालमत्ता वा चिजबीज खरिद विक्री हुने पसलहरूको समुदाय, हाट, हटिया । २. पसल, दोकान । ३. धेरै मान्छे बसेको वा धेरै सामान जताततै थुपारिएको ठाउँ । गाउँघरको उत्पादनलाई बढाउन बजारको आवश्यकता पर्छ ।

बजेट – /बजेट्/ (आ.) ना. आगामी समयका क्रमका निम्ति भिन्न भिन्न विभाग वा कार्यका लागि अन्जाम गरिएको आयव्ययको लेखा, भविष्यमा हुने आयव्ययको अनुमानित लेखा । अर्थमन्त्रीले संसदमा आर्थिक वर्षका लागि बजेट पेस गरे ।

बढी – /बढि/ [बढ्+ई] व. चाहिनेभन्दा धेरै, बढ्ता, अधिक, थुप्रै । रामसरण बढी कराउँछ । विकास निर्माणका कार्यहरु धमाधम बढि रहेका छन् ।

बत्ती – /बत्ति/ ना. १. घिउतेलमा भिजाएर बाल्नका निम्ति पिउरी कातेर वा धागो दोब्ब्याएर बनाइएको सलेदो । २. लालटिन, लम्फा, कुपी आदिको सलेदो वा फित्ता । ३. दियो, दीप । ४. चिराक, मसाल । ५. बिजुली, मैनबत्ती, लालटिन आदि प्रकाश उत्पन्न गर्ने साधन । ६. बाँस फोरेर बनाइएको पातलो चिरो, भाटो बत्ती गयो । बत्ती आयो ।

बाँकी – /बाँकि/ (आ.) वि. १. खर्च गरेर बचेको, बचत, शेष / २. हिसाब गर्दा घटाएर आएको (अङ्क) । ३. हिसाब मिलान हुन नसकेको वा फिर्ता दाखिल नभएको (पेस्की) । ना. ४ गणितमा घटाउने प्रक्रिया । ५. रकमीहरूले कामकाज गर्दा बेरुजु र गलफत भए बापत बुझाउनुपर्ने रकम । ६. समाचार पत्रको कुनै पृष्ठमा सामग्री नअटाई अर्को पृष्ठमा लागिएको अंश । रेनुले भर्ना गरेर बाँकी पैसाले कापी किनिन् ।

बाटो – ना. (बहु. / ति. बाटा, सम्ब. बाटो) १. हिँड्न, आवतजावत गर्न उपयोगी गोरेटो, सडक, मार्ग (उदा. उकालो बाटो, लामो बाटो फराकिलो बाटो) नजाने बाटोको नामै नसोध्नु । (उखा.) २. तरिका, उपाय, जुक्ती । उनले समस्या समाधानको बाटो पहिल्याए । जीविकाको बाटो फेला परेन । ३. सजिलो पार्न कुनै कामको आरम्भ । सानीले बहिनीलाई स्वेटर बुन्ने बाटो सिकाइन् ।

बिमा – (आ.) ना. कुनै क्षति वा दुर्घटना भएमा एकमुष्ट रकम पइने सर्तमा किस्ताबन्दी रूपमा बुझाइने धरौटी रकम (उदा. जीवन बिमा, दुर्घटना बिमा) । भविष्यमा आर्थिक भार कम गर्नका लागि बिमा गरिन्छ ।

बुझाउनु – [बुझ्+आउ+(नु)प्रेक्रि. ⁄सक्रि.] (कक्रि. बुझाउनु) १. स्पष्टसँग भन्नु, बुझ्ने गरी भन्नु, बोध गराउनु । तिमीले कविताको भाव राम्ररी बुझायौ । २. सामान आदि जिम्मा लगाउनु । विनोदले छिमेकीका सबै सामान बुझायो ।

बुद्धिमानी – ⁄बुद्धिमानि⁄ [बुद्धिमान+ई] ना. सोच पुर्‍याएर गरिएको काम, बुद्धिमता,समझदारी । बर्खायाममा छाता बोकेर हिँड्नु बुद्धिमानी हो ।

बेला – (आ.) ना. रेटेर बजाइने एक प्रकारको तार बाजा । आजभोलि बेला बजाएको सुन्न पाइँदैन ।

बैठक – ⁄बैठक⁄ ना. १. मानिसहरूसँग भेट्ने, कुरा गर्ने विशेष कोठा । २. सभा समिति आदिका सदस्यको एक पटकको बसाइ, सभा, कचहरी (मिटिङ) ३. देव प्रतिभाहरू बसाउने आसन । ४. भाँडाकुँडा आदिको भुईंमा टेकिने पिँधको घेरो । शिक्षा समितिको बैठक भोलि बस्दै छ ।

**'भ'**

भनाइ – [भन्+आइ] ना. १. भन्ने भाव, क्रिया वा प्रक्रिया । २. भन्नाको तात्पर्य, कथन, मतलब । ३. गाली, खप्की (जस्तैः भनाइ खानु) । काम बिराउँदा कामदारले मालिकको भनाइ खानुपर्‍यो ।

भन्दा – ⁄भन्+दा⁄ नायो. १. दुई वा दुईभन्दा बढी वस्तुको तुलना गर्दा प्रयोग हुने शब्द । तिमीभन्दा ऊ बाठो छ । क्रियो । २. भन्ने काम गर्दाप, बताउँदा । श्यामभन्दा राम धेरै चलाख र मेधावी छ ।

भन्ने – [भन्+ने] वि.१. भनिएको, त्यस्तो नाम भएको, नामक (उदा. राम भन्ने केटो, खप्तड भन्ने लेक) २. बताउने, कहने, वक्ता (उदा. कथा भन्ने मान्छे । संयोग ३. नाम उपवाक्यलाई जोड्न आउने एक संयोजक । भाइ पढाइमा अब्बल बनोस् भन्ने मेरो चाहना छ ।

भविष्य – /भबिस्स्य/ (तत्स.) [<भू+(इ)+स्य] ना. १. वर्तमान समयभन्दा पछिको सम्पूर्ण अथाह समय । २. पछि आउने समय, अहिलेभन्दा पछि । वि. ३. पछि हुने । कसको भविष्य कसले जान्न सक्छ र ?

भाडा – ना. अर्काको कुनै वस्तु प्रयोग गर्दा सो वस्तु प्रयोग गरेबापत नियमित वा पटकपटक गरी दिइने धनराशि, किराया, बहाल, महसुल । मैले प्रत्येक महिना घरको भाडा तिर्छु ।

भार – /भार्/ (तत्स.) [<भार] ना. १. बोक्दा भारी हुने वस्तु, बोझ, भारी, लोड । यो खाट दरो छ, धेरै मान्छेको भार थाम्न सक्छ । २. कुनै वस्तुको भारीपन, वजन, तौल । सामानको भार कति छ, जोख त । ३. खर्पन । रामले भारमा तरकारी बोकेको छ । ४. अगेनामाथि अन्न, दाउरा आदि सुकाउन बनाइएको टाँड, भाडा ५. अभिभारा, जिम्मेवारी (उदा. व्यवहारको भार, कार्यभार, पाठ्यभार)

भिसा – ना. विदेशमा जानका निम्ति सम्बनिध्त देशका अधिकारीद्वारा हुने, पासपोर्टको प्रमाणीकरण वा पृष्ठाङ्कन, प्रवेशाज्ञा । सुमनलाई अमेरिका जाने भिसा लाग्यो ।

भूमि – /भुमि/ (तत्स.) [भू+मि] ना. १. पृथ्वीको सतह, भुइँ, जमिन ( उदा. समथर भूमि, भूमिपूजा, भूमिदा) २. ठाउँ, स्थल, स्थान (उदा. जन्मभूमि, कर्मभूमि, मातृभूमि, पितृभूमि, पुण्यभूमि) ३. भूभाग, देश, प्रदेश (उदा. नेपाल भूमि, भारत भूमि) ४. खेतीयोग्य जगा, खेत, बारी आदि (उदा. भूमिको बेचविखन, भूमिकर) ५. कुनै वस्तु वा विषयको आधार वा जग (उदा. पृष्ठभूमि, पश्चभूमि) । हामीले जन्मभूमिलाई माया गर्नुपर्छ ।

भूमिका – /भूमिका/ (तत्स.) [भूमि+क+आ] ना. १. कुनै ग्रन्थका सम्बन्धमा ज्ञातव्य कुरा लेखिएको, त्यसै ग्रन्थका आरम्भको वक्तव्य, प्रस्तावना, प्राक्कथन, आमुख, उपोद्घात, मुखबन्ध । २. कुनै कुरा प्रस्तुत गर्नुभन्दा पहिले उठाइने प्रसङ्ग, आधार भूमि, पूर्व प्रसङ्ग । ३. कुनै व्यक्ति वा वस्तुको योगदान । ४. नाटक आदिमा पात्रको अभिनय वा कार्य । ५. रचना । ६. वेदान्त शास्त्रका अनुसार चित्तको पाँच अवस्था (क्षिप्त, मूढ, विक्षिप्त, एकाग्र र निरुढ) हरिले नाटकमा अमर सिंहको भूमिका खेलेका छन् ।

भोग्नु – नाधा [भोग+(नु)] सक्रि. .भक्ति. भोगिनु) १. जीवनमा विभिन्न प्रकारका अनुभव गर्नु, बेहोर्नु, खेप्नु । प्रमोदले जीवनमा धेरै सुख भोग्यो । २. उपभोग गर्नु, भोग चलन गर्नु भोग गर्नु (उदा. तिमीले भोगेको जग्गा । मेरो साइकल बहिनीले भोग गरेकी छिन् ।

भ्रष्टाचार – /भ्रस्टाचार्/ (तत्स.) [<भ्रष्ट+आचार] ना. १. बिग्रेको वा पतित आचरण, दूषित व्यवहार, २. पद वा दायित्वमा रहेको व्यक्तिले अनुचित ढङ्गबाट आर्थिक हिनामिना गर्ने काम, अख्तियारको दुरूपयोग गरी आफू वा अन्यलाई फाइदा हुने गरी गरिने गतिविधि, घुसखोरी । भ्रष्टाचार गरेकाले गोरेलाई अदालतले सजाय दियो । ३. विगार, बरबाद ।

**‘म’**

मङ्सिर – /मङ्सिर्/ ना. वर्षको आठौँ महिना, कालिक र पुसका बिचमा पर्ने महिना, मार्गमास । मङ्सिर महिनामा बिहेका धेरै लगन हुन्छन् ।

मन[1] – /मन, मन/ (तत्स.) [मनस्] ना. १. आँखा, कान आदि ज्ञानेन्द्रियका माध्यमले कुनै कुरा बुझ्ने तथा सम्झने अदृश्य तत्त्व, सुख, दुःख, डर, त्रास, हर्ष, शोक आदिको अनुभव गर्ने, त्यसबाट

सतर्क वा विचलित हुने मानवीय क्षमता, अन्तस्करण, चित, हृदय । तिमीले हप्काएकाले उसले मन दुखायो । २. इच्छा, चाहना, कामना, रुचि । उसले घर जाने मन गयो । ३. कसैको भित्री अभिप्राय वा इरादा । उसले तिम्रो मन बुझ्यो । ४. कसैको भावना, अनुभूति, संवेदना, चेतना (उदा. मन मिल्नु, मन मान्नु, मन माझ्नु, मन थामिनु, मन बहलाउनु, मन दुख्नु, मन भाँडिनु) ५. आत्मा (उदा. मनको दियो)

मन[२] – /मन्/ (आ.) ना. चालिस सेर बराबरको तौल वा परिमाण (उदा. एक मनको भारी) । आकाशले गतवर्ष एक मन धान बिक्री गऱ्यो ।

मनोमानी – /मनोमानि/ [<मनस् + मान+ई] ना. १. राजीखुसी, मनपरी, जथाभावी, मनमानी । संस्थाको सम्पत्ति मनोमानी गर्न पाइँदैन । वि. २. जे मन लाग्छ त्यही, आफूखुसी, मनलागी । तिमी यो जग्गा मनोमानी ढङ्गले बेच्न पाउँदैनौ ।

मनोरञ्जन – /मनोरन्जन्/ (तत्स.) [<मनस्+रञ्जन] ना. मन प्रसन्न हुने वा मन बहलाउने कार्य, मनोविनोद, आमोद प्रमोद । साथीहरूले नाटक हेरेर मनोरञ्जन गरे ।

मन्त्री – /मन्त्रि/ (तत्स.) [मन्त्र+ई] ना. १. सल्लहकार, परामर्शदाता, काजी, अमात्य, बजिर, प्रधान । २. राज्यका कुनै विभागको सञ्चालन गर्ने वा त्यसको व्यवस्था मिलाउने प्रमुख अधिकारी । ३. कुनै संस्था वा विभागको नियत रूपमा काम चलाउने अधिकारी, सचिव, सेक्रेटरी । नेपालकी पहिलो महिलामन्त्री द्वारिकादेवी ठकुरानी हुन् ।

मर्मत – /मर्मत्/ ना. बिग्रेको वा टुटेफुटेको वस्तुलाई फेरि ठिक पारेर राम्रो अवस्थामा ल्याउने काम । २. ठीक बाटामा ल्याउन गरिने मारपिट (लाक्षणिक अर्थमा) । विद्यालयका फर्निचर मर्मत गरेर चिटिक्क पारिएको छ ।

महत्त्व – /महत्त्व/ (तत्स.) [महत्+त्व] ना. १. कुनै कुराको विशेष उपयोगिता, आवश्यकता, महत्ता, जरुरत । गर्मीमा पङ्खाको महत्त्व बढ्छ । २. श्रेष्ठता, उच्चता, विशिष्टता (उदा. व्यक्तिको महत्त्व) ३. महिमा, विशेषता (उदा. औषधीको महत्त्व, विज्ञानको महत्त्व) ४. मूल्यवान् हुनुको स्थिति, मूल्यवत्ता । राष्ट्रिय महत्त्वको विषयलाई विशेष ख्याल गर्नुपर्दछ ।

महिना – ना. वर्षको बाह्र भागको एक भाग, प्रायः तिस दिन र घटबढ हुँदा उनन्तिसदेखि बत्तिस दिनसम्मको हुने अवधि । महिना मरेपछि बिनोदले तलब पायो ।

मात्रा – /मात्त्रा/ (तत्स.) ना. १. कुनै वस्तुको परिमाण, नाप । बजारमा सुन्तला प्रशस्त मात्रामा थियो । २. ओषधी, खाद्य वस्तु आदिको अड्कलिएको भाग वा अंश । बिरामीलाई मात्रा मिलाएर औषधी खुवाइयो । ३. उच्चारण गर्दा लाग्ने समय (उदा. ह्रस्व मात्रा, दीर्घ मात्रा, प्लुत मात्रा) ४. लेख्य वर्णमा आउने आकार, उकार आदि जनाउने चिह्न (उदा. ा ि ी ु ू े ै ो ौ)

मात्रै – /मात्त्रै/ [मात्र+ऐ] नि. – मात्र । शोधपत्रको फाराम भर्दा ३२००।- मात्रै लाग्यो ।

माध्यम – /माद्ध्यम्/ (तत्स.) [<मध्यम] ना. १. कुनै कामका लागि उपयोगी हुने साधन, उपकरण आदि (उदा. अभिव्यक्तिको माध्यम, सञ्चारको माध्यम, यातायातको माध्यम) २. काम सिद्ध गर्ने उपाय, युक्ति, तरिका, विधि । सिके राउत समूहलाई सहमत गराउन विभिन्न माध्यम अँगालियो । ३. मध्यस्थता गर्ने व्यक्ति वा संस्था, बिचौलिया । कार्यरत संस्थालाई माध्यम बनाएर हरिले बैङ्कबाट ऋण लियो ।

मानव – /मानब्/ (तत्स.) [<मनु] ना. १. मनुका सन्तति, मनुस्य । स्त्री. मानवी । वि. २. मनुसँग सम्बन्धित, मनको वंशमा उत्पन्न भएको, मनुप सम्बन्धी । स्त्री, मानवी । वनभोज कार्यक्रममा हरिले मानव भएर पनि दानवको व्यवहार देखायो ।

मानिस – /मानिस्/ ना. चेतना र बुद्धिले पृथ्वीले सर्वश्रेष्ठ प्राणी, चेतनशील र विचारशील प्राणी, मान्छे, मनुस्य, मानव । मानिस सर्वश्रेष्ठ प्राणी हो ।

मिटर – /मिटर्/ (आ.) ना. १. मेट्रिक प्रणाली अनुसार १०० सेन्टी मिटर बराबरको नाप वा त्यति परिणाम नाप्ने साधन, लमाइको नाप ( उदा. एकमिटर कपडा) २. प्रवाह र गति नाप्ने यन्त्र (उदा. पानीको मिटर, बिजुलीको मिटर, ट्याक्सीको मिटर) । मैले छोरीलाई एक मिटर कपडाको कुर्ता सिलाइ दिएँ ।

मुक्त – /मुक्त/ (तत्स.) [<मुच्+त] वि. १. स्वतन्त्र गरिएको, फुक्का छोडिएको, बन्धनमा नपारिएको, खुला । २. परित्यक्त, त्यागिएको । ३. मोक्ष प्राप्त गरेको । नेपालमा कमलहरी मुक्त घोषणा भए पनि त्यो प्रथा कैलाली कञ्चनपुरतिर कायम नै छ ।

मुख्य – /मुक्ख्य/ (तत्स.) [<मुख+य] वि. १. अरूभन्दा ठुलो वा महत्त्वपूर्ण, प्रधान, मूल । २. विशेष, खास । ३. वर्ग वा समाजको जेठो, प्रमुख (व्यक्ति) । ४. अगुवा, नेता । प्रदेश नं. ५ का मुख्य मन्त्री शङ्खर पोखेल हुन् ।

मुगु – ना. नेपालको कर्णाली अञ्चल अन्तर्गत पर्ने एक जिल्ला । नेपालको पिछडिएको क्षेत्रअन्तर्गत मुगु जिल्ला पर्दछ ।

मुद्दा – [मुद्द+आ] ना. झगडा, बाझो, तकराल, मुकदमा, कलह, विवाद, बझाइ । राष्ट्रिय मुद्दामा सबैको सहमति हुन सक्छ ।

मुलुक – /मुलुक/ (आ.) ना. देश, राष्ट्र (उदा. मुलुकको हित, मुकको समस्या) २. देश, देशान्तर, धेरै ठाउँ । उसले मुलुक डुलेको छ । ३. सबै ठाउँ, संसार, विश्व । मुलुकलाई समृद्ध बनाउन सरकारको मुख नताकी सबैले आ-आफ्नो काम गर्नुपर्छ ।

मृत्यु – /म्रित्त्यु/ (तत्स.) ना. १. मर्ने क्रिया, मरण, निधन, देहावसान, विप. जन्म /जीवन/ (उदा. मान्छेको मृत्यु) २. अवसान, समाप्ति ( उदा. इच्छाको मृत्यु) । भूकम्पमा परी धेरै मानिसको मृत्यु भयो ।

मेलमिलाप – ना. १. आपसमा हुने निकट सम्बन्ध, मित्रता, मिलजुल २. विभिन्न व्यक्ति वा समुदायका बिच हुने समझदारी, सहमति, मित्रता (उदा. राष्ट्रिय मेलमिलाप) । समाजमा मेलमिलाप गरेर बस्नुपर्छ ।

‘य’

यकिन – /यकिन्/ (आ.) ना. कुनै कामको निधो, पक्का, निश्चय । दिदी आज आउने वा नआउने यकिन भएन ।

यति१ – [<यो+ति] वि. १. नाप्दा, तौलँदा, गन्दा आउने परिमाण (उदा. यति लामो, यति गहिरो, यति गरुङ्गो, यति पैसा) २. धेरै वा थोरै मात्रा (उदा. यति भात, यति चामल, यति महिना) । मैले यति गहिरो ताल पहिलो पटक देखे ।

यति२ – (तत्स.) ना. पद्य वा गद्य पढ्दा, पद, पदावली, वाक्य आदिका बिचमा हुने छोटो अडान; विरामर वा त्यसको मात्रा । यति, गति र लय मिलाएर सुगमले कविता वाचन गऱ्यो ।

यति३ – (तत्स.) ना. – योगी

यथार्थ – /यथार्थ/ (तत्स.) [<यथा+अर्थ] वि. १. जस्तो छ त्यस्तो, त्यस अनुसारको, हुबहु, विप, अयथार्थ २. साँचो, सत्य, सही, वास्तविकता (उदा. यथार्थ घटना, यथार्थ ज्ञान, यथार्थ विवरण) । ना. ३. सत्य कुरो, वास्तविक स्थिति । आदर्शमा भन्दा यथार्थमा बाँच्न सिक्नुपर्छ ।

यमदूत – /यम्दुत्/ (तत्स.) [यम+दूत] ना. यमराजले खटाएको काम गर्ने तथा मर्ने बेलामा मान्छेलाई लिन आउने ठानिएको यमराजको दूत । तिहारमा यमदूतको रूपमा कागको पूजा गरिन्छ ।

यमराज – /यमराज्/ (तत्स.) [<यम+राज] ना. १. मृत्युका देवता, मृत्युपछि मानिसले गरेको कर्म अनुसार दण्ड वा पुरस्कार दिने विश्वास गरिएका देवता, यम । २. अर्कालाई दुःख दिने, ज्यादै सास्ती दिने व्यक्ति, ज्यानमारा (ला.) । हिन्दू धर्मअनुसार यमुनाका दाजु यमराज हुन् ।

यमुना – (तत्स.) ना. १. पश्चिमोत्तर भारतको यमुनोत्तरीबाट निस्केर प्रयागमा गङ्गामा  मिसिने एक प्रसिद्ध नदी २. यमराजकी बहिनी । यमुनाको बाहन कछुवा हो ।

यस – /यस्/ सर्व ‘यो’ को तिर्यक् रूप, विप. त्यस । (उदा. यसले, यसलाई, यसबाट यसको) । परीक्षामा जीवन अनुत्तीर्ण भयो । यस कुराले उसको परिवारमा दुःख फैलियो ।

यही – /यहि/ [<यो+ही] सर्व. वि. नजिकको धेरै वस्तुमध्ये छानेर देखाउँदा भनिने शब्द, यो नै, यो चाहिँ नै, विप. उही । यही सामान समीक्षालाई पनि चाहियो ।

युवा – /युवा/ (तत्स.) [<युवन्] ना. तरुण, जवानीले नछाडेको र बुढ्याइँले नछोएको व्यक्ति । युवा अवस्था मानिसहरूको सबभन्दा जाँगरिलो बेला हो ।

योजना – /योजना/ (तत्स.) [योजन+आ] ना. १. विशेष गतिविधि सञ्चालन वा कार्यान्वयनका लागि तयार पारिएको विस्तृत रूपरेखा, पूर्व तयारी, पूर्व निर्धारित कार्यक्रम (उदा. शैक्षिक योजना, विकास

योजना, पञ्चवर्षीय योजना) २. विकास तथा निर्माण सम्बन्धी खास गतिविधि, आयोजना (उदा. जलविद्युत योजना, सडक विस्तार योजना) ३. प्रबन्ध, बन्दोवस्त, चाँजोपाँजो, तयारी । उसले परदेश लाग्ने योजना मिलायो । ४. कसैलाई गर्न दिइएको अध्ययन, अनुसन्धान, सर्वेक्षण आदिको कार्य, सम्पादनीय कार्य (प्रोजेक्ट) ५. यसो गर्ने उसो गर्ने भनी सोचिएको कुरो, सोच, सोचाइ । मनको योजना मनमा नै रह्यो ।

'र'

र१ – /र/ संयो. १. पद, पदावली वा वाक्यहरूलाई जोड्न आउने शब्द, अनि, तथा, पनि (उदा. राम र श्याम, एउटा बुढो र तिन जना केटा, (उदा. राम घर गयो र खाजा खायो) २. त्यसैले, त्यसकारण, त्यसपछि । पानी पऱ्यो र बाटो हिलो भयो ।

र२ – /र/ नि. सन्देह वा आशङ्का जनाउन प्रयोग हुने शब्द । ऊ भोलि आउँछ र !

रकम – /रकम्/ (आ.) ना. १. रुपियाँ, पैसा । विद्यालय भवन निर्माणका लागि केही रकम जम्मा गरियो । २. सरकार वा संस्थालाई बुझाउनु पर्ने दस्तुर, शुल्क, कर । खेतको रकम बुझाइयो । ३. कागजातमा खण्ड वा फाँट छुट्याई लेखिने आर्थिक विवरण, स्याहास्रेस्ता, फाँटबारी (उदा. रकम कलम) ४. प्रकार, किसिम, भाँती । ऊ रकम रकमका कुरा गर्छ ।

राजनीतिक – /राज्नितिक/ (तत्स.) [राजनीति+क] वि. रजनीति सम्बन्धी, राजनीतिको (उदा. राजनीतिक मामिला, राजनीतिक दल, राजनीतिक गतिविधि) । मलाई देशको राजनीतिक अस्थिरता देखेर दु:ख लाग्छ ।

राजा – (तत्स.) ना. १. राजतन्त्र भएको देशको राष्ट्र प्रमुख, वंश परम्पराबाट पाएको शासनको अधिकार लिने राज, परिवारको मुख्य व्यक्ति, विप. प्रज्ञा । वि. २. उच्च, मुख्य उत्कृष्ट, रोज्जा । आँप फलहरूमा राजा फल हो । ३. प्रिय व्यक्ति (पुत्र, पति आदि) लाई सम्बोधन गर्दा भनिने शब्द (उदा. मेरो राजा !) । नेपालमा राजतन्त्र हटाएर गणतन्त्रको स्थापना गरियो । वसन्तलाई ऋतुहरूको राजा मानिन्छ ।

राज्य – /राज्ज्य/ (तत्स.) [राज्+य] ना. १. राज गरिने क्षेत्र, देश, राष्ट्र, मुलुक २. सङ्घीय शासन प्रणालीको राज्य व्यवस्था भएको देशभित्र रहेका पृथक् शासन व्यवस्था भएको प्रदेश वा प्रान्त (उदा. विहार राज्य, कर्णाटक राज्य) ३. शासन, राज, रजाइँ । नेपाल विकासोन्मुख राज्य हो ।

राष्ट्रपति – /रास्टपति/ (तत्स.) [राष्ट्र+पति] ना. गणतन्त्र भएको देशको राष्ट्र प्रमुख । नेपालको पहिलो महिला राष्ट्रपति विद्यादेवी भण्डारी हुन् ।

राष्ट्रिय – /रासट्रिय, रास्टिय/ (तत्स.) [राष्ट्र+इय] वि. १. राष्ट्र सम्बन्धी, राष्ट्रको, देशको (उदा. राष्ट्रिय स्वतन्त्रता, राष्ट्रि हित) २. राष्ट्रको स्तरको, उच्च स्तरको, राष्ट्र भरको (उदा. राष्ट्रिय सम्मेलन, राष्ट्रिय संस्था, राष्ट्रिय निकुञ्ज, राष्ट्रिय उत्सव, राष्ट्रिय विभूति) ३. राष्ट्रको हित हुने, राष्ट्रका निमित्त गरिने, विप. अराष्ट्रिय । नेपालको राष्ट्रिय गानका लेखक व्याकुल माइला हुन् ।

राहत – /राहत्/ (आ.) [राह+अत] ना. १. कुनै समस्या वा विपत्तिबाट पीडितहरूलाई गुजाराका लागि दिइने सहयोग (खाद्यान्न, कपडा आदि) बाढी पीडितलाई राहत बाँडियो । २. पीडितलाई आश्वासन दिने काम, सान्त्वना, ढाडस, विप. आहत । बारा पर्साका हावाहुरी पीडितलाई राहत वितरणको काम भइरहेको छ ।

रुकुम – ना. नेपालको रापती अञ्चलमा पर्ने एक जिल्ला । प्रदेश विभाजन गर्दा रुकुम जिल्ला टुक्रिएर पूर्वी र पश्चिम गरी दुई भागमा बाँडिए ।

रूप – /रूप्/ (तत्स.) ना. १. कुनै वस्तु, व्यक्ति आदिको बाहिरी स्वरूप, आकार, आकृति । उसको घरको रूप कस्तो छ ? २. अनुहार, चेहरा (उदा. मान्छेको रूपरङ) ३. पहिरन, वेशभूषा, बाह्य सौन्दर्य (उदा भव्य रूप) ४. वर्ण, रङ (उदा. रूपरङ) ५. उही अर्थ भए पनि प्रत्यय, विभक्ति आदि लागेर स्वरूपमा केही फरक भएको शब्द वा पद (उदा. पढ्छ, पढ्छन्, पढ्ला, पढ्यो / छोरो, छोरा, छोरी) ६. – रुपिम ७. प्रतिविम्ब, प्रतिमूर्ति, नमुना (उदा. कल्पित रूप)

रोजगार – /रोजगार/ (आ.) [रोज+गार] वि. १. कुनै इलममा लागेको, इलमी, पेसावाल, विप. बेरोलजगार (उदा. रोजगार युवक) । ना. २. जीवन निर्वाहका लागि गरिने काम, इलम वा व्यवसाय, रोजगारी । नेत्रले ग्लोबल बैंकमा रोजगार पायो ।

## ‘ल’

लक्षित – /लकछिन्, लच्छित्/ (तत्स.) [लक्ष+इत] वि. १. लक्ष्य गरिएको, उद्देश्य राखिएको, देखइएको, निर्देश गरिएको, निर्दिष्ट (उदा. लक्षित कुरो, लक्षित क्षेत्र, लक्षित समूह) २. दृष्ट, प्रत्यक्ष, टड्कारो, विप. अलक्षित ३. लक्षणा शक्तिद्वारा जनाइने वा व्यक्त हुने (उदा. लक्षित अर्थ) । नेपालमा गरिबी उन्मूलनका कार्यक्रमहरू ल्याइए पनि ती लक्षित समूहसम्म पुग्न सकेका छैन ।

लक्ष्मी – /लक्छ्मि, लच्छ्मि/ (तत्स.) ना. १. धनकी देवी, भगवान् विष्णुकी पत्नी २. सम्पत्ति, ऐश्वर्य, समृद्धि, श्रीसम्पत्ति । तिम्रो घरमा लक्ष्मीले बास गरुन् । ३. लच्छिन, शुभ, शोभा ४. गाईलाई आदर गर्दा भनिने शब्द ५. घरकी मालिक्नीलाई भनिने शब्द (उदा. गृहलक्ष्मी)

लक्ष्य – /लक्छ्य, लच्छ्य/ [लक्ष+य] ना. १. हासिल गर्नुपर्ने वा प्राप्त गर्नुपर्ने कुरा, जानुपर्ने ठाउँ, निश्चित गरिएको वा तोकिएको प्रयोजन, उद्देश्य, ध्येय । उच्च शिक्षा हासिल गर्नु मेरो जीवनको लक्ष्य हो । प्रदीपले सगरमाथा चढ्ने लक्ष्य लिएका छन् । २. गोली ताकिने ठाउँ, तारो, निसाना । अनुप बन्दुकबाट लक्ष्य साध्दै छ ।

लगायत – /लगायत्/ (आ.) नायो. समेत, सहित, पनि । समारोहमा शिक्षक लगायत सबै विद्यार्थीहरूको उपस्थिति थियो ।

लागि – नायो. निमित्त, निम्ति अर्थमा भेदक (षष्ठी विभक्ति) पछाडि आउने शब्द (उदा. भान्साका लागि खर्च, बिरामीका लागि औषधी, विरुवाका लागि पानी, विद्यार्थीका लागि पुस्तक) । अनुपमले विपिनको लागि किताब ल्याइदियो ।

लापरबाही – /लापर्बाहि/ (आ.) [लापरबाह+ई] ना. आफ्नो जिम्मेवारीको काममा गरिने बेवास्ता, असावधानी, बेवास्ता, विप. होसियाली । चालकको लापरवाहीले गाडी दुर्घटनामा पऱ्यो ।

लामो – वि. (बहु. /ति. लामा) लमाइ भएको, परसम्म पुग्ने, दीर्घ, लम्ब ( उदा. लामो लट्ठी, लामो बाटो, लामो कुरो लेग्रो) । लामो समयको प्रयासबाट नेपालमा संविधान सभाको निर्वाचन भई संविधान जारी भएको छ ।

लुम्बिनी – /लुम्बिनि/ ना. नेपालको रूपन्देही जिल्लामा पर्ने भगवान् गौतम बुद्धको जन्मस्थल वा सो आसपासको क्षेत्र । गौतम बुद्धको जन्मस्थल लुम्बिनी हो ।

लैङ्गिक – /लैङ्गिक/ (तत्स.) [<लिङ्ग+इक] वि. स्त्री र पुरुषसम्बन्धी, लिङ्गसम्बन्धी, लिङ्गको (उदा. लैङ्गिक समानता, लैङ्गिक भेदभाव) । नेपाल लगायत थुप्रै राष्ट्रमा लैङ्गिक समानताका कुरा उठाइएको छ ।

लोकमार्ग – /लोक्मार्ग/ (तत्स.) [लोक+मार्ग] ना. १. जनताले हिँड्ने बाटो २. राजमार्ग । नेपालको पहिलो लोकमार्ग त्रिभुवन लोकमार्ग हो ।

**'व'**

वटा – /वटा/ कोक. (स्त्री. वटी) प्रायः मानवेतर सन्दर्भमा सङ्ख्या वाचक शब्दसँग यति उति जनाउन आउने शब्द, ओटा, तुल. जना (उदा( पाँचवटा कलम, चार वटा खसी) । देवकाले माध्यमिक परीक्षामा सर्वोत्कृष्ट अङ्क ल्याएर चारवटा कपी पुरस्कार पाइन् ।

वर्ष – /बर्स/ (तत्स.) ना. १. १२ महिनाको समय वा सो अवधि, ३६५ दिनको समयावधि, साल, संवत । १०० वर्षको एक शताब्दी हुन्छ । २. कालको गुणनाको खास अवधि वा चक्र (उदा. सौर वर्ष, चान्द्र वर्ष) ३. कुनै वस्तु, प्राणी आदिले बिताएको समय, आयु वा उमेर । केटो पन्ध्र वर्षको भयो । यो जुत्ता दुई वर्षसम्म खप्यो ।

वा – /बा/ विबो. आश्चर्य, आनन्द, प्रशंसा आदि जनाउन प्रयोग हुने शब्द, वाहा वाः क्या राम्रो दृश्य ! वा !, तिमीले असल काम गऱ्यौ । वा !, नदीमा कत्रो बाढी ।

वार्षिक – /बार्सिक/ (तत्स.) [<वर्ष + इक] ि. १. प्रत्येक वर्षमा हुने, एक सालको (उदा. वार्षिक परीक्षा, वार्षिक कार्यक्रम, वार्षिक दिवस) २. वर्ष भरिको (उदा. वार्षिक प्रतिवेदन, वार्षिक योजना) ३. वर्षको अन्त्यमा हुने वर्षान्तको (उदा.) वार्षिक श्राद्ध) । विपिनको वार्षिक आम्दानी धेरै छ ।

वास्तविक – /बास्तबिक्/ (तत्स.) [<वस्तु+इक] वि. सत्यमा आधारित, अकाल्पनिक, यथार्थ, तथ्यपूर्ण, सही, विप. अवास्तविक (उदा. वास्तविकव कुरा, वास्तविक जीवन, वास्तविक परिस्थिति । बिनाले वास्तविक सत्यमा विश्वास गर्छिन् ।

वास्ता – /वास्ता/ (आ.) ना. १. मतलब, सरोकार, प्रयोजन । २. सम्बन्ध, चासो । आफूलाई अरूले वास्ता गरेन भन्दा पनि आफूले अरूलाई कति वास्ता गरे भन्ने कुरा महत्त्वपूर्ण हुन्छ ।

विकास – /बिकास्/ (तत्स.) [< वि+कास्] ना. १. कुनै व्यक्ति, समाज वा संस्थाको भौतिक, मानसिक, बौद्धिक आदि दृष्टिले उन्नति, आधुनिकीकरण (उदा. व्यक्तिको विकास, देशको विकास, विद्यालयको विकास) २. कुनै वस्तु बढ्ने तथा फैलने काम, सुधार, विसतार (उदा. वनको विकास, बाटोको विकास) ३. प्रवर्धन, वृद्धि ( उदा. बाल विकास) । शिक्षण पेसामा याग्य र सक्षम व्यक्तिले प्रवेश पाऊन् भन्ने उद्देश्यले अध्यापन अनुमतिपत्रको परीक्षा लिने व्यवस्था गरिएको हो ।

विगत – /बिगत्/ (तत्स.) [वि+गत] वि. १. गएको, बितेको, व्यतीत, गत, विप. आगत । (उदा. उदा. विगत काल, विगत घटना, विगत वर्ष) २. नभएको, रहित । ना. ३( पहिलेको वा बितेको कुरो । विगत हेरेर मात्र मानिसको मूल्याङ्कन गरिनु हुँदैन ।

विदेश – /बिदेस्/ (तत्स.) [वि+देश] ना. आफू जन्मे हुर्केको देशभन्दा भिन्न देश, अर्काकोदेश, पराइ मुलुक । युवाहरू धन कमाउन विदेश गएका छन् ।

विद्यार्थी – /विद्द्यार्थि/ (तत्स.) [<विध्या+अर्थी] ना. १. विद्याको चाहना राख्ने व्यक्ति, विद्याका लागि शिक्षालयमा गएर पढ्ने व्यक्ति, शिक्षार्थी, सिकारु, छात्र । प्रभात त्यस विद्यालयको विद्यार्थी हो । २. विद्या पढ्ने, अध्ययन तथा अनुसन्धानरत व्यक्ति (उदा. अर्थशास्त्रको विद्यार्थी) ३. शिष्य, चेलो । मुना विश्वविद्यालयकी विद्यार्थी हुन् ।

विभेद – /बिभेद्/ (तत्स.) [वि+भेद] ना. १. वस्तुहरूमा देखापर्ने आपसी भिन्नता, फरक, अन्तर (उदा. रङ्गको विभेद, वस्तुमा विभेद) २. धेरै प्रकार, अनेकौ वर्ग, अनेक थरी ३. कसैलाई रूप, गुण आदिबाट भेद गर्ने क्षमता । मानिसमा विवेक र विभेद गर्ने गुण हुनुपर्छ । ४. व्यक्तिहरूका बिच हुने आपसी मतभेद, मन मुटाव, फुट । दुई समूहका बिच अचेल विभेद बढेको छ ।

विविध – /बिबिध्/ (तत्स.) [<वि+विधा] वि. अनेक प्रकारको, भाँती भाँतीको, विभिन्न किसिमको, थरी थरीको । नेपाल विविध किसिमका जातजातिको फुलबारी हो ।

विशिष्ट – /बिसिस्ट/ (तत्स.) [वि+शिष्ट] वि. अरूभन्दा विशेष किसिमको विशेषता भएको, माथिल्लो तहको, असाधारण । मेरी बहिनी एस.ई.ई. मा विशिष्ट श्रेणीमा उत्तीर्ण भईन् ।

विशेष – /बिसेस्/ (तत्स.) [वि+शेष] वि. १. गुण, रूप, मात्रा आदिका आधारमा अरूभन्दा बढी महत्त्वको, अरूभन्दा भिन्न, विशिष्ट, विप. सामान्य (उदा. विशेष गुण, विशेष व्यवहार, विशेष अवस्था, विशेष काम, विशेष अधिकार) २. थप, अधिक (उदा. विशेष हेरचाह, विशेष योग्यता) ३. तोकिएको, निश्चित, वस्तुनिष्ठ (उदा. विशेष उद्देश्य) । ना. ४ थप कुरो, थपोट, विशेषता वा महत्त्व । तिमीले विशेष योग्यता के आर्जन गऱ्यौ त ?

विश्व – /बिस्स्व/ (तत्स.) ना. पृथ्वीको सम्पूर्ण भाग, संसार, जगत् (उदा. विश्वको भूगोल, विश्वको मानचित्र) । विश्वलाई सात महादेशमा विभाजन गरिएको छ ।

विश्वास – /बिस्स्वास्/ (तत्स.) [<वि+श्वास्] ना. १. कुनै व्यक्ति वा उसको काममा भर पर्ने स्थिति, पत्यार वा भरोसा, विप. अविश्वास । मलाई उसको कुरामा विश्वास छ । २. कसैको विचार, सिद्धान्त, नीति, मान्यता, प्रचलन आदिमा रहने निष्ठा वा आस्था (उदा. परम्पराप्रति विश्वास, धर्मप्रतिको विश्वास, लोकतन्त्रप्रति विश्वास) ३. श्रद्धा, भक्ति (उदा. ईश्वरप्रति विश्वास) ४. असल वा खराब होला भन्ने ठानेर मानि आएको प्रचलनप्रतिको पत्यार, लोकविश्वास (उदा. पूजा आजामा विश्वास, साइतमा विश्वास, कुनामुनामा विश्वास) । संसार विश्वासमा चलेको छ ।

विषय – /बिसय/ (तत्स.) [<वि+सय] ना. १. त्यस्तो कुरा जसको बारेमा बयान गरिन्छ, छलफल गरिन्छ, लेखिन्छ वा पढिन्छ, वर्णनीय वस्तु, पदार्थ, तत्व, कार्य वा व्यवहार, छलफल, वर्णन आदिको शीर्षक ( उदा. वाद विवादको विषय, वर्णनको विषय, निबन्धको विषय, निवेदनको विषय) २. अध्ययनको खास क्षेत्र (उदा. गणित विषय, विज्ञान विषय, भाषा विषय, साहित्य विषय ३. ज्ञानेन्द्रियले थाहा पाउने भौतिक वा आत्मिक अनुभव (सुख, दुःख, माया, रिस, आनन्द आदि) । (उदा. विषय सुख, विषय वासन) ४. सम्बन्ध, प्रसङ्ग । त्यस घटनाका विषयमा अनुलाई धेरै थाहा छ ।

विस्तृत – /विस्त्रित्/ (तत्स.) [< वि+ स्तृ +त] वि. फैलिएको, फिँजिएको, विस्तारित, विस्तीर्ण, व्यापक (उदा. विस्तृत विवतरण, विस्तृत वर्णन, विस्तृत भूभाग, विस्तृत विषय, विस्तृत अध्ययन) । राज्य र तत्कालीन माओवादीका बिच विस्तृत शान्ति सम्झौता २०६३/८/५ मा भएको हो ।

विस्थापित – /विस्थापित/ (तत्स.) [< वि+ स्था+इत] वि. आफ्नो देश, निवास स्थान आदिबाट बलैले अन्यत्र हटाइएको निष्कासित, उद्वासित, निकाला बास । भूकम्पले धेरै जनतालाई विस्थापित गरेको छ ।

वैदेशिक – /बैदेसिक्/ (तत्स.) [< विदेश + इक] वि. विदेश सम्बन्धी, विदेशको, विदेशी (उदा. वैदेशिक नीति, वैदेशिक व्यापार, वैदेशिक रोजगार, वैदेशिक हुलाक) । आस्था वैदेशिक रोजगारका लागि अरब गइन् ।

वैधानिक – /वैधानिक्/ (तत्स.) [< विधान + इक] वि. विधान अनुसारको कानुनमा आधारित, कानुनी, वैध, विपअवैधानिक । (उदा. वैधानिक उपाय, वैधानिक गतिविधि) । न्यायालयमा उजुरी दिएर उहाँहरूले विरोधको वैधानिक बाटो अँगाले ।

व्यक्ति – /ब्यकृति/ (तत्स.) [< वि+अञ्ज+ति] ना. १ पृथक् मान्छे, भिन्न मान्छे । व्यक्ति पिच्छे विचार भिन्न हुन्छ । २. प्रत्येक वा पृथक् सत्ता, व्यक्ति ३. प्रकट हुने स्थिति, प्रकटन (उदा. अभिव्यक्ति)

व्यवसायी – /व्यबसाइ/ (तत्स.) [व्यवसाय + ई] वि./न/. व्यवसायमा लागेको व्यक्ति, उद्योग, व्यापार, कृषि आदि विभिन्न विशेष क्षेत्रमा दक्षताका साथ लागेको मानिस ; इलमी, उद्यमी, पेसेवर (उदा. कानुन व्यवसायी), कृषि व्यवसायी , यातायात व्यवसाय) । नेपालमा बर्सेनि उखु व्यवसायीले उखु बिक्री नभएको गुनासो गर्छन् ।

व्यवस्था – /व्यवस्था/ (तत्स.) [< वि+ अवस्था] ना. १. कुनै कार्य वा गतिविधिलाई उपयुक्त अवस्थामा राख्ने काम , चाँजोपाँजो, प्रबन्ध, विप. अव्यवस्था भोजमा राम्रो व्यवस्था थियो । त्यहाँ खाने सुत्ने उचित व्यवस्था छ । २. निश्चित नियम सिद्धान्त, विधान, योजना आदिका आधारमा कुनै संस्थालाई सञ्चालन गर्ने विधि वा पद्धति, व्यवस्थापन (उदा. गोष्ठीको व्यवस्था, सङ्गठनको व्यवस्था, खर्चको व्यवस्था) ३. ऐन, कानुन, शास्त्र, परम्परा, चाल चलन आदिले तोकेको विधि विधान (उदा. सामाजिक व्यवस्था, आर्थिक

व्यवस्था, प्रशासनिक व्यवस्था) ४. उपयुक्त सुविधा भएको स्थिति, उचित प्रावधान । त्यसै विद्यालयमा पठन, पाठनको उपयुक्त व्यवस्था छ । ५. उपयुक्त उपाय । समस्याबाट छुट्कारा पाउने व्यवस्था के हुन सक्छ ?

व्यापक – /ब्यापक/ (तत्स.) [< वि+आपु+अक] वि. १. सबैतिर ढाकेर रहेको, फिँजिएको, २. फैलिएको (उदा. व्यापक क्षति, व्यापक वर्षा) २. फराकिलो, विस्तृत, उदार (उदा, व्यापक दृष्टिकोण, व्यापक सोचाइ) । सन्तोषले लोकसेवा आयोगको व्यापक तयारी गरेको छ ।

‘श’

शरीर – /सरिर्/ (तत्स.) ना. १. अङ्ग प्रत्यङ्ग मिलेर बनेको प्राणीको आकृति, जिउ, देउ, काया (उदा. मानिसको शरीर, हात्तीको शरीर) ३. कुनै वस्तुको बाहिरी आकार पुकार, कलेवर । सौन्दर्यका निम्ति शरीरको सफाई आवश्यक छ ।

शर्मा – /सर्आ/ (तत्स.) ना. १. ब्राह्मणहरूका नामको पछाडि रहने एक उपाधि (जस्तो- विष्णु शर्मा, बालचन्द्र शर्मा इ.) २. प्रसन्नता, आनन्द, खुशी । ३. आशीर्वाद ४. आधार घर (प्राय : वैदिक अर्थमा)। सम्झना शर्मा मेहनती र लगनशील विद्यार्थी हुन् ।

शान्ति – /सान्ति/ (तत्स.) [< शम् + ति] ना. १ हल्ला नहुँदाको स्थिति, सुनसान अवस्था, मौनता, सन्नाटा, विप. अशान्ति । भिड हटेपछि बल्ल शान्ति भयो । २. रिसराग, असन्तुष्टि वा तनाब नहुँदाको अवस्था (उदा. मनको शान्ति) ३. स्थिरता, एकाग्रता, धैर्य । यस केटाले एकछिन पनि शान्तिसँग बस्न दिएन । ४. बाधा, अवरोध, झगडा, उपद्रव, विद्रोह, युद्ध आदि  नहुँदाको स्थिति, अमन, चैन, आराम । त्यहाँ शान्ति कायम गर्ने प्रयास हुँदै छ । ५. वैराग्य, विरक्ति, उदासीनता/योगीहरू शान्तिको मार्ग अपनाउँछन् ।

शारीरिक – /सारिरिक/ (तत्स.) [< शरीर + इक] वि. १ शरीर सम्बन्धी, शरीरको, तुल, मानसिक । (उदा. शारीरिक व्यायाम, शारीरिक श्रम, शारीरिक शिक्षा) २. शरीरबाट उत्पन्न, शरीरमा हुने (उदा. शारीरिक रोग, शारीरिक विकार) । मानिसले स्वस्थ हुन शारीरिक व्यायाम गर्न जरुरी छ ।

शासन /सासन्/ (तत्स.) [< शास्+ अन्] ना. १. सरकारले जनतामाथि गर्ने नियन्त्रण वा नियमन, कानुन अनुसार देशमा अमन चैन कायम राख्ने काम २. दैनिक प्रशासन, राज्यको सञ्चालन, सत्ता (उदा. देशको शासन) ३. कसैको आदेश वा हुकुम ४. वशंमा राख्ने वा दबाउने काम, नियन्त्रण (उदा. केटाकेटीमाथि शासन) ५. कसैलाई दु:ख दिने काम, शासना, दण्ड, सजाय (उदा. अत्याचारीको शासन) ६. क्रिया, विभक्ति आदिले कुनै पक्षलाई आफ्नो अधीनस्थ बनाउने काम वा त्यसका आधारमा रूप परिवर्तन हुने व्याकरणात्मक स्थिति (व्या.) । (उदा. छोरो >छोरा लाई, त्यो केटो > त्यस केटाले) । नेपालमा १०४ वर्ष राणाहरूले शासन गरे ।

शाही – /साहि/ (आ.) [शाह + ई] वि. १. शाह सम्बन्धी, शाहको २. राजाको, राजकीय (उदा. शाही घोषणा, शाही रक्षक, शाही सम्बोधन, शाही सलामी) ३. राजसी (उदा. शाही ठाउँबाट शाही रबाफ) ४. शासकीय (उदा, राणा शाही) ना. ५. ठकुरीहरूको एक थर । मेरी साथी रमा शाही हुन् ।

शिक्षा – /सिक्छ्या, सिच्छ्या/ (तत्स.) [शिक्षा + आ] ना. १ देखेर, सुनेर, पढेर, सिकेर वा अनुभव गरेर प्राप्त हुने ज्ञान वा सिपा त्यस घटनाबाट मलाई ठूलो शिक्षा मिल्यो । आगोमा हात पर्दा बच्चाले आगोले हात पोल्दो रहेछ भन्ने शिक्षा पाउँछ । २. विद्यालय, महाविद्यालय आदिबाट प्राप्त हुने ज्ञान विद्या । त्यस विद्यालयबाट

१२ कक्षा सम्मको शिक्षा हासिल गरियो । ४. ठूलाबडा व्यक्तिको सङ्गतबाट मलाई ठूलो सुझ, अन्तदृष्टि । उनको सङ्गतबाट मलाई ठूलो शिक्षा मिल्यो । ५. अर्ती, उपदेश, सन्देश (उदा. वधू शिक्षा) ६. सिकाउने सिक्ने काम, शिक्षण उदा. भाषा शिक्षा, गणित शिक्षा, कला शिक्षा)

शिक्षित – /सिकुछिन्, सिचछित्/ (तत्स.) [शिक्ष+ इत] वि./ ना. १ . शिक्षा प्राप्त गरेको, पढेलेखेको (उदा. शिक्षित जनशक्ति, शिक्षित रोजगार) २. जान्ने सुन्ने, विद्वान/मलाई शिक्षितहरूका अगाडि बोल्न धक लाग्छ । शिक्षित व्यक्तिले संगतले आफ्नो जीवनमा सकारात्मक सुधार आउँछ ।

शुक्ल – /सुक्कल/ (तत्स.) [< शुच्+ ल] वि. सेतो, उज्यालो, स्वच्छ, ( उदा. शुक्ल वर्ण, शुक्ल पक्ष) । शुक्ल पूर्णिमाको जुन हेरेर रमाउन मन लाग्छ ।

शुभकामना – (तत्स.) ना. १. अरूको भलाइको चाहना, शुभेच्छा २. कुनै असल कामको आरम्भ, जन्मोत्सव, जन्म जयन्ती, विशेष पर्व वा उत्सव आदिको उपलक्ष्यमा दिइने मङ्गलको सन्देश, मुबारक (उदा.विजया दशमीको शुभकामना, जन्म दिनको शुभ कामना) । मैले अनुपमलाई जन्मदिनको शुभकामना दिए ।

शुल्क – /सुल्क/ (तत्स.) ना. १. कुनै संस्था दर्ता गर्दा, संस्थाको गतिविधि सञ्चालन गर्दा, व्यापार आदि लाभको काम गर्दा सरकारलाई तिर्नु पर्ने पैसा, दस्तुर, कर (उदा. सामान आयात- निर्यातको शुल्क, दर्ताको शुल्क) २. कुनै संस्था वा व्यक्तिले सेवा दिए बापत लिने रकम, दस्तुर, महसुल, फिस, भाडा (उदा. विद्यालयको शुल्क, परीक्षाको शुल्क, विलम्ब शुल्क, बिजुलीको शुल्क, पानीको शुल्क) । महँगो शुल्कको कारण गरिब विद्यार्थीहरूले चिकित्सा शिक्षामा प्रवेश गर्न सक्दैनन् ।

शोषण – /सोसण्/ (तत्स.) [< शुष् + अन]ना. १. निमुखा १) गरिबहरूको सम्पत्ति, जायजेथा आदि ल्यप्ने तथा धुत्ने काम ; थिचोमिथो (उदा. गरिबको शोषण) २. कसैको योग्ययता, क्षमता, श्रम आदिबाट अनुचित फाइदा लिने काम (उदा. श्रमको शोषण, बौद्धिक शोषण, यौन शोषण) ३. कुनै वस्तुमा रहेको पानी, तरल पदार्थ, आर्द्रता आदिलाई सोस्ने, चुस्ने वा सुकाउने काम (उदा. जल शोषण) । शोषणका विरुद्ध हामी सबै एकजुट भएर आवाज उठाउनुपर्छ ।

**'स'**

संयन्त्र – /सम्यन्त्र/ (तत्स.) [सम्+यन्त्र] ना. १. यन्त्र, इन्जिन वा मेसिन, २. खास कार्यका लागि जडान भएको यन्त्र, यन्त्रका अङ्ग प्रत्यङ्गहरूबाट बनेको संरचना (उदा. गोबर ग्यासको संयन्त्र) ३. खास उद्देश्य प्राप्त गर्नका लागि बनाइएको ढाँचा, पद्धति वा व्यवस्था (उदा. प्रशासनिक संयन्त्र, कानुनी संयन्त्र) । नेपालमा प्रशासनिक संयन्त्र चुस्त पार्ने प्रयास भइरहेको छ ।

संयुक्त /सम्युक्ता / (तत्स.) [सम्+ युक्त] वि. १. दुई वा दुई भन्दा बढी वस्तुको संयोग भएको, एकै साथ रहेको, जोडिएको, योग भएको, नछुट्टिएको, विप. असंयुक्त । (उदा. संयुक्त वाक्य, संयुक्त भेला,संयुक्त सरकार, संयुक्त वाक्य, संयुक्त क्रिया, संयुक्त व्यञ्जन) २. मिसिएको, टाँसिएको ३. दुई वा दुई भन्दा बढी व्यक्ति वा संस्था मिलेर चलाइएको (उदा. संयुक्त खाता, संयुक्त अभियान, संयुक्त प्रयास) । सहकारी संस्था सञ्चालन गर्न संयुक्त खाता खोलिन्छ ।

संरक्षण – /सम्रक्छ्यण, सम्रच्छ्यण्/ (तत्स.) [सम्+ रक्षण] ना. १ कुनै वस्तु, व्यक्ति आदिको रक्षा गर्ने काम, सुरक्षा, हिफाजत, जर्गेना ( उदा. बालकको संरक्षण, बिरुवाको संरक्ष)२. नोक्सानी हुनबाट बचाउने काम, रेखदेख, हेरचाह (उदा. वतावरणको संरक्षण । वातावरण संरक्षणका लागि देशमा विभिन्न कार्यक्रमहरू भइरहेका छन् ।

संवत् – /सम्बत्/ (तत्स.) [सम् +वत्] ना. १. बाऱ्ह महिनाको अवधि, साल, वर्ष/बैशाख १ गतेदेखि संवत् फेरिन्छ । २. विक्रम सवत् शक संवत्, नेपाल संवत्, इस्वी संवत् आदि ।

संविधान – /सम्विधान्/ (तत्स.) [सम् + विधान] ना. देशको सञ्चालनका लागि बनाइएको कानुन, देशको मूल कानुन/ संविधानलाई कानुनको मूलस्रोत भनिन्छ ।

संशोधन – /सम्सोधन्/ (तत्स.) [सम्+ शोधन] ना. १ लेखाइमा पाइने अशुद्धिलाई सच्याउने काम, त्रुटिहरूको निराकरण, अशुद्धिहरूको संशोधन २. काटछाँट, थपथाप आदि गरी सुधार्ने काम, परिस्कार, परिमार्जन, प्रशोधन (उदा. भाषाको संशोधन, जडीबुटीको संशोधन) । राष्ट्रिय शिक्षा पद्धतिको योजना नवौँ पटक संशोधन भइसकेको छ ।

सकारात्मक – /सकारात्मक्/ (तत्स.) [< सकार + आत्मक] वि. १. कसैको विचार, भनाइ आदिलार्य समर्थन गर्ने खालको; स्वीकृति जनाउने, समर्थनात्मक, विप. नकारात्मक । पुष्करले मेरो भनाइमा सकारात्मक प्रतिक्रिया दियो । २. कुनै कुराको असल पक्षलाई मात्र विचार गर्ने, त्यस्तो पक्षप्रति जोड दिने, रचनात्मकता (उदा. सकारात्मक सोचाइ, सकारात्मक धारणा, सकारात्मक विभेद, सकारात्मक दृष्टिकोण)

सचिव – /सचिब्/ (तत्स.) ना. १. मन्त्रालय अन्तर्गतका कमर्चचारीहरूको प्रमुख, सरकारको राजपजाङ्कित विशिष्ट श्रेणीको पद वा सो पदमा कार्यरत कर्मचारी (उदा. मन्त्रालयको सचिव) २. सङ्घ, संस्था, समिति आदिको कार्यालयीय गतिविधि, पत्राचार, अभिले सम्बन्धी जिम्मेवारी लिने कार्यकारी पद वा त्यसमा कार्यरत व्यक्ति (उदा. समितिको सचिव, सङ्गठनको सचिव) । अधिकांश सामुदायिक वनमा महिला सचिव हुन्छन् ।

सचेतना – /सचेतना/ (तत्स.) [सचेतन + आ] ना. १. विशेष चेतना, जागरुकता, जागृति, चेतना । गाउँघरमा सचेतना बढाउने कार्यक्रममा उनीहरू लागेका छन् । २. सतर्कता

सजग – /सजग्/ [< स+ जागा] वि. १. कुनै काममा पहिले नै सतर्क, होसियार, चनाखो, सचेत, सावधान । सर्प भेटिने डरले जेनिस झाडीमा सजग भएर हिँड्यो । २. जागेको, बिउँझो, जागा

सञ्चालन – /सन्चालन/ (तत्स.) [< सम्+ चाल्+ अन्] ना. १. सङ्घ, संस्था आदिलाई गति दिने वा चलाउने काम, गतिशील तथा क्रियाशील पार्ने काम (उदा. कार्यालयको सञ्चालन, विद्यालयको सञ्चालन) २. प्रबन्ध मिलाउने काम, व्यवस्थापन ३. यन्त्र आदि चलाउने काम ( उदा. अङ्क सञ्चालन, मेसिन सञ्चालन, बस सञ्चालन) ४. खास कार्यतथा त्यसको प्रक्रियालाई उपयुक्त ढङ्गले पुरा गर्ने काम, कार्यको सम्पादन (उदा. गोष्ठीको सञ्चालन, सभाको सञ्चालन) । राम र हरि मिली संस्थागत विद्यालय सञ्चालन गरेका छन् ।

सडक – /सडक्/ (आ.) मोटर, बस आदि चल्ने फराकिलो बाटो । कर्णाली क्षेत्रमा आवागमनको मुख्य माध्यम सडक नै हो ।

सद्भाव – /सद्भाव्/ (तत्स.) [< सत् + भाव] ना. १. असल भाक, भलो विचार, हितकारी कुरो २. असल भावना, मेलमिलाप, मित्रतना त्यस समुदायमा जातीय सदुभाव बढेको छ । समाजमा सद्भाव फैलाउनु पर्दछ ।

सन्तोषजनक – /सन्तोस्जनक/ (तत्स.) [सन्तोष+ जनक] वि. सन्तोष उत्पन्न गर्ने, उचित । कक्षा दशका विद्यार्थीले प्रश्नको उत्तर सन्तोषजनक दिए ।

सबै – [सब+ ऐ] बि. भएभरको, सम्पूर्ण, सब, सारा, जम्मै । उसले बजारमा सबै पैसा सिद्धियो । मेलामा परिवारका सबै जना आए ।

समग्र – /समग्र/ (तत्स.) [सम् + अग्र] वि. १. सबै, सम्पूर्ण, पूरा, पूर्ण ( उदा. समग्र विवरण, समग्र घटना, समग्र निष्कर्ष) । ना.२. समष्टि, निष्कर्ष । समग्रमा प्रधानमन्त्रीको भाषण प्रभावकारी थियो ।

समझदारी – /समझदारि/ [समझदारस+ ई] ना. १. सम्झदारमा हुने गुण वा विशेषता, विवेक २. हो सियारी, बुद्धिभानी । सन्जु समझदारीका साथ काम गऱ्यो । ३. आपसी जान, पहिचान, मेल मिलाप, हेलमेल, ३. आपसी, जान, पहिचान, मेलमिलाप, हेलमेल, मित्रतना, सद्भाव (उदा. पारस्परिक समझदारी, अन्तरराष्ट्रिय समझदारी, जातीय सम्झदारी)

समय – /समय/ (तत्स.) ना. १. मिनेत, घण्टा, दिन, रात, हप्ता, महिना, वर्ष, युग, आदिलाई जनाउने शब्द, काल) कति समय बित्यो ? २. घटना भएको बेला, बखता, रातको समयमा भूकम्प आयो । ३. मौका, अवसर । समय मिलेमा म उसलाई भेटुँला । फुर्सदको स्थिति, अवकास । ५. जमाना, परिस्थिति । समय विचार गरेर व्यवहार गर ।

समस्त – /समस्त/ (तत्स.) [सम् + अस्त] वि. १. एकै ठाउँमा जम्म गरिएको, सम्पूर्ण, समग्र (उदा. समस्त प्राणी, समस्त जनता) २. दुई वा दई भन्दा बढी शब्दलाई एकै ठाउँमा संयोजन गरिएको , समास गरिएको (उदा. समस्त शब्द) । स्नातकोत्तर तहमा समस्त विद्यार्थीले शोधपत्र पनि तयार गर्नुपर्दछ ।

समस्या – /समस्स्या/ (तत्स.) ना. १. समाधान गर्न गाह्रो कुनै विषय, जटिल कुरो, सामना गर्न अप्ठेरो वा असजिलो स्थिति । उकालो चढ्न समस्या पऱ्यो । २. गुत्थी सुल्झाउन कठिन, अप्ठेरो कुरो, अड्को, अल्झो (उदा. समस्याको समाधान, समस्याको पूर्ति, समस्याको पहाड) । आफ्नो समस्याको समाधान हामी आफैँले गर्नुपर्दछ ।

समाचार – /समाचार्/ (तत्स.) [ सम् + आचार] ना. १ कुनै घटना, गतिविधि, आदिसँग सम्बन्धित नयाँ कुरो, खबर, सूचाना, सन्देश । उसले घरतिरको समाचार सुनायो । २. सञ्चार माध्यम (पत्र पत्रिका, रेडियो, देलिभिजन) बाट विभिन्न घटना वा गतिनविधिबारे प्रसारित वा प्रकाशित विवरण/रेडियोबाट समाचार प्रसारण हुँदैछ ।

समिति – (तत्स.) [सम् + इ + ति] ना. १ कुनै विशेष उद्देश्यले गठन, गरिएका व्यक्तिहरूको सङ्गठन वा कार्यकारी समूह, कमिटी (उदा. गाउँ विकास समिति, राष्ट्रिय समाचार समिति) २. खास जिम्मेवारीका लागि नियुक्त गरिएको टोली, कार्यटोली, कार्यदल ( उदा. छानबिन समिति, टोल सुधार समिति) ३. परिषद्

समीक्षा – /समिक्छ्या, समिच्छ्या/ (तत्स.) [सम्+ ईक्षा] ना. १. कुनै कार्य, घटना, योजना आदिको राम्ररी गरिने अध्ययन, अनुसन्धान वा छान बिन राम्ररी योजनाको समीक्षा, प्रगतिको समीक्षा) २. भईसकेको कुनै गतिविधि लाई फेरि दोहोर्‍याएर हेर्ने काम, पुनरावलोकन ३. लेख, कृति आदिको विवेचना, समालोचना (उदा. कृतिको समीक्षा)

समुदाय – /समुदाय/ (तत्स.) [< सम् + उदाय] ना. १. खास क्षेत्र वर्ग, सामाजिक रीति, संस्कृति, व्यवस्था आदिमा आबद्ध मानिसहरूको समुह (उदा. धार्मिक समुदाय, ग्रामीण समुदाय, भाषिक समुदाय, कृषक समुदाय, गुरुङ समुदाय, थारु समुदाय) २. खास वर्ग, जाति, व्यवस्थासँग सम्बद्ध व्यक्तिहरूको सङ्घसंस्था । कैलाली जिल्लामा थारु समुदायको बसोबास छ ।

सम्झौता – [सम्झ+ औता] ना. १. कुनै व्यक्ति, समुह, देश आदिका बिचमा हुने समझदारी, सन्धि वा त्यसका लागि लेखिएको कागजाता दुई देशका बिच व्यापारिक सम्झौता भयो । २. परस्पर विरोधी व्यक्ति, समुह आदिका बिच हुने मेला मिलाप, मिलापत्र/ विरोधीहरूका बिच सम्झौता भयो ।

सम्पन्न – /सम्पन्न/ (तत्स.) [सम् + पद् + न् (<त)] वि. १. सम्पत्ति प्रशस्त भएको, धनी, समृद्ध, धनिक (उदा. सम्पन्न व्यक्ति, सम्पन्न परिवार) २. विकसित, उन्नति शील, उन्नत(उदा. सम्पन्न देश, सम्पन्न संस्था) ३. विभिन्न गुण, विशेषता आदिले युक्त, सूसज्जित (उदा. गुण सम्पन्न, प्रतिभा सम्पन्न) ४. सकिएको, पुरा भएको, पूर्ण । लक्ष्मीप्रसाद देवकोटा प्रतिभा सम्पन्न व्यक्ति हुन् ।

सम्बद्ध – /सम्बद्ध/ (तत्स.) [सम्+ बद्ध] नि. १. सम्बन्ध भएको, जोडिएको, गाँसिएको, मिलेको, सम्बन्धित, संलग्न, विप. असम्बद्ध । (उदा. सम्बद्ध वस्तु, सम्बद्ध विषय, सम्बद्ध अंश) २. सरोकार भएको (उदा. सम्बद्ध समस्या , सम्बद्ध संस्था) । म त्रिभुवन विश्वविद्यालयमा सम्बद्ध छु ।

सम्बन्ध – /सम्बन्ध/ (तत्स.) [सम्+ बन्ध] ना. १ कुनै वस्तुलाई अर्को वस्तुसँग जोड्ने काय, योग संयोग, संलग्नता (उदखा. अरू र हाँगाको सम्बन्ध, नङ र मासुको सम्बन्ध) २. सम्पर्क, सम्बद्धता, आबद्धता, सरोकार/घरसँग उसको सम्बन्घध टुट्यो । ३. नाता, सानो । तिम्रो उससँग के सम्बन्ध पर्छ ? ४. निकटता, मित्रता, आत्मीयता/ साथीसँग मेरो सम्बन्ध, बिग्रियो । ५. विषय, प्रसङ्ग त्यस सम्बन्धमा म उससँगको कुरा गरुँला । ६. एक वस्तु वा धारणाको अर्को वस्तु वा धारणासँग स्वामित्व, अङ्ग र अङ्गी, भेद र भेदक, नाता, विषय, सम्बद्धता आदि जनाउने व्याकरणात्मक कोटि, षगठी विभक्ति (को, का, की/रो, रा, रो/नी, ना, नी) । (उदा. रामको, भाइ, काठको, घर, रुखको फल) । मेरो र मुनाको सम्बन्ध सुमधुर छ ।

सम्बोधन – /सम्बोधन्/ (तत्स.) [सम् + बोधक] ना. १. कसैलाई बोलाउने काम, बेलाउनका लागि टाढाबाट गरिने पुकार । २. कसैलाई बोलाउन वा ध्यानाकर्षण गर्नका लागि प्रयोग हुने नाम, निपात,(ए, हे, ओ) : ए श्याम, यता आइजा । ३. सभा, समारोह आदिमा बोल्दा त्यहाँ उपस्थित व्यक्तिहरूको नाम, पद आदिको उल्लेख गर्ने काम । उनले भाषण गर्दा सभापतिज्यू, उपस्थित सज्जन बृन्द भद्र महिला भनी सम्बोधन गरे । विशिष्ट व्यक्तिद्वारा गरिएको विशेषण भाषण (उदा. सम्बोधन भाषण) । सभालाई प्रमुख अतिथिले सम्बोधन गर्नुभयो । ४. राम्ररी समेट्ने काम, अटाउने काम, समावेश, उल्लेख । यसपालिको बजेटमा सबै वर्गका समस्या सम्बोधन गर्ने प्रयास गरिएको छ ।

सम्भव – /सम्भव्/ (तत्स.) [सम+भव] वि. १ . सम्भावना भएको, हुन सक्ने, सम्भावित, सम्भाव्य । यो काम उसबाट सम्भव छैन । ना. २ सम्भावना । सम्भव छ ! भाइ भोलि आउला !

सय – /सय/ [< शतन] संवा, नब्बेमा दश जोड्दाको सङ्ख्या, दशलाई दशले गुणन गर्दा आउने सङ्ख्या, १०० अङ्क (उदा. सय वर्ष, सय दिन) । मेरी हजुरआमा सय वर्षसम्म बाँच्नुभयो ।

सरकार – /सर्कार्/ (आ.) ना. १. देशको शासन समाल्ने सर्वोच्च संस्था, कार्य पालिका, मन्त्री परिषद् वा त्यसको प्रतिनिधि । सरकारले विकासका काममा प्राथमिकता दिएको छ । २. देशको शासन, व्यवस्था, सत्ता ३, राजा वा राज परिवारलाई आदर, गर्दा भनिने शब्द (उदा. सरकारको जो हुकुम, सरकारको सबारी)

सवारी – /सवारी/ (आ.) [सवार+ई] ना. सबारी

सांस्कृतिक – /साम्स्क्रितिक्/ साँस्क्रितिक्/ (तत्स.) वि. सस्कृति सम्बन्धी, परम्परागत प्रचलनमा आधारित, संस्कृतिको (उदा. सांस्कृतिक परम्परा, सांस्कृति, कार्यक्रम, सांस्कृतिक वैभव) । नेपाल साँस्कृतिक सम्पदामा धनी देश हो ।

साटासाट – /साटासाट्/ [< साट्+आ+साट्] ना. आपसमा कुनै वस्तु साट्ने काम, साटफेर । सम्धीसम्धीले टोपी साटासाट गरे ।

साँढे – [< सार्ध] वि. कुनै सङ्ख्यामा एकको आधा अ.श जोड्दा हुने, आधार सहितको (उदा. साढे तिन, साढे सात)

सात – /सात्/ [< सात] संवा ६ मा एक जोड्दा हुने सङ्ख्या, ७ अङ्क । सात दिनको एक हप्ता हुन्छ ।

साता – [सात + आ] ना. १. सात दिनको समूह, हप्ता, सप्ताह । एक सातापछि भाइ घर फर्क्यो । २. छनोटमा सात गुनालाई जनाउने शब्द (उदा. दुई साता चौध, एघार साता सत हत्तर)

साधन – /साधन/ (तत्स.) [साध्+ अन] ना. १. कुनै काम गर्नका लागि आवश्यक समान, उपयोगी वस्तु, उपकरण वा औजार (उदा. खेत, खन्ने, साधन, काम गर्ने साधन) २. कुनै उद्देश्य पुरा गर्ने माध्यम वा उपाय, करण, कारण (उदा. यातायातको साधन, सञ्चारको साधन) । नेपालमा सञ्चारको मुख्य साधनका रूपमा रेडियोलाई लिइन्छ ।

सामाजिक – /सामाजिक/ (तत्स.) [< समाज + इक] वि. १. समजमा हुने, समाजमा पाइने समाजसँग सम्बन्धित, समाजमा आधारित (उदा. सामाजिक गतिविधि, सामाजिक सुरक्षा, समाजिक न्याय, सामाजिक चाल चलन, सामाजिक प्रतिष्ठा, सामाजिक समस्या) २. समाजमा घुलमलि भएर बस्ने, समाजमा मिलाजुल भएर रहने, विप. असामाजिक । मान्छे सामाजिक प्राणी हो ३. मिलनसार, सहयोगी । तिम्रो साथी सामाजिक छैन । ना. ४. - सामाजिक शिक्षा

सार्वजनिक – /सारुबजनिक / (तत्स.) [< सर्व+ जन+ इक] वि १. सबैले उपयोग गर्न पाउने, सबैलाई चाहिने, सबैका लागि उपयोगी (उदा. सार्वजनिक स्थल, सार्वजनिक बाटो, सार्वजनिक संस्थाप, सार्वजनिक, बिदा, सार्वजनिक सूचना, सार्वजनिक जग्गा, सार्वजनिक शौचालय) २. समुदायको, सामुदायिक, विप. निजी । (उदखा. सार्वजनिक, गुठी, सार्वजनिक सेवा) ३. सबैको हितका लागि हुने, सबै जनतासँग सम्बन्धित, सार्वजनीत (उदा. सार्वजनिक सम्पत्ति) ४. - सरकारी ५. सर्वसाधारणको जानकारीका लागि प्रकाशित तथा प्रचारित । सार्वजनिक स्थलको संरक्षण गर्नुपर्दछ ।

सिँचाइ – [सिँच् + आए] ना. कुलो, नहर आदिद्वारा जमिन सिच्ने काम वा ढङ्ग, पानी पटाइ, सिचाइ । नहर पुगेकाले खेतमा सिँचाइ राम्रो भएको छ ।

सिद्धान्त – /सिद्धान्त्/ (तत्स.) [< सिद्घ +अन्त] ना. १. तर्क, प्रमाण, प्रयोग, परीक्षण आदिद्वारा सिद्ध गरिएको नियम, सूत्र, विचार वा दर्शन, तुल, व्यवार । (उदा. गुरुत्वाकर्षणको सिद्धान्त, विकासवादी सिद्धान्त) २. कुनै विद्वाले प्रतिपादन गरेको विचार वा मत, वाद (उदा. राजनीतिक सिद्धान्त, आर्थिक सिद्धान्त, मार्क्सवादी सिद्धान्त) ३. कुनै विषय, शास्त्र आदिको आधारभूत नियम ४. प्रचलित तथा मान्य नियम, सामान्य नियम (उदा. प्राकृतिक न्यायको सिद्धान्त) ५. सार कुरा, निष्कर्ष । गुरुत्वाकर्षणको सिद्धान्त न्युटनले पत्ता लगाएका हुन् ।

सिर्जना – /सिर्जना/ [< सृजना] ना. १ नयाँ निर्माण, सृष्टि, रचना । २. सृष्टि, उत्पत्ति, सृजना ३. आरम्भ, सुरु

सुख – /सुख्, सुख/ (तत्स.) ना. १. मनमा हुने आनन्द, मनको शान्ति, खुसियाली, हर्ष) कुनै कुराको अभाव नभएकाले अहिले उसलाई सुख छ 'सुखमा नमालिनु दुःखमा नआतिनु' (लोको) २. सुविधा हुँदाको स्थिति, सुबिस्ता, सजिलो, आराम । ३) उन्नति, उदय ४. कल्याण, मङ्गल ) । जीवन सुख र दुःखको संगम हो ।

सुरक्षा – /सुरक्छ्या, सुरच्छ्या/ (तत्स.) [सु+ रक्षा] ना. १.( जोगाउने काम, बचाउने काम, रक्षा बचाउ (उदा. बनको सुरक्षा, घरको सुरक्षा, शान्ति सुरक्षा) २. रेखदेख, हेरचाह (उदा. बालबच्चाको सुरक्षा, सामानको सुरक्षा) । सबै जनतालाई सुरक्षाको प्रत्याभूति भयो भने विकास सम्भव छ ।

सुरु – ना. कुनै कामको थालनी , आरम्भ, सुरुआत, विप. अन्त्य । कामदारहरूले पर्खाल लगाउन सुरु गरे ।

सुविधा – /सुबिधा/ (तत्स.) [सु+ विधा] ना. १. आवश्यक, सामग्री सजिलै पाउँदाको अवस्था, सुबिस्ता । काठमाडौँमा यातायातको सुविधा राम्रो छ । २. सहजता, सजिलोपन ।

सुस्त – /सुस्त/ (आ.) वि. १. दुर्बल, कमजोर, शिथिल, (उदा. सुस्त मनस्थिति) २. उत्साह नभएको, ढिलो, अल्छी (उदा. सुस्त काम, सुस्त प्रक्रिया) । क्रियो ३. - सुस्तरी । भाइ सुस्त हिँड्दै छ ।

सेना (तत्स.) ना. १. विदेशी आक्रमणबाट देशलाई जोगाउने वा देशको अखण्डताको रक्षा गर्ने उद्देश्यले सङ्गठित सशस्त्र जवानहरूको समुदाय ; फौज, पल्टन । सेनाले विद्रोहरूको गठनका आक्रमण गऱ्यो । २. सैनिक सेवामा कार्यरत जापान, सिपाही, सैनिक (उदा. सेनाको कवाज)

सेवन – /सेवन्/ (तत्स.) [सेव्+ अन] ना. १. सेवा गर्ने काम, परिचर्या, सेवा, चाकरी २. देवताको पूजा, अर्चना वा आराधना ३. औषधी आदिको उपयोग गर्ने काम, ओखती खाने तथा लगाउने काम, उपयोग वा उपभोग (उदा. औषधी सेवन, लागु पदार्थको सेवन, मदिराको सेवन) । लागुपदार्थको सेवनले मानव स्वास्थ्यमा नकारात्मक प्रभाव पार्दछ ।

सेवा – /सेवा, सेवा/ (तत्स.) [सेव्+आ] ना. १. अशक्त, असहाय, बुद्ध, रोगी आदिलाई गरिने हेर विचार, दहल, शुश्रुषा २. मान्यजनलाई गरिने आदर, सत्कार ३. देवताको आरधना, पूजा , भक्ति (उदा. ईश्वरको सेवा) ४. सर्व साधारणको हित हुने काम, जनताका आवश्यकतना पूरा गर्न सरकारी वा गैर सरकारी तहबाट गरिने गतिविधि, सार्वजनिक सुविधा दिने काम (उदा. यातायात सेवा, सञ्चार सेवा, बैङ्गिङ सेवा) ५. सरकारी वा गैरसरकारी कार्यालयमा कुनै पदमा बसेर गरिने काम, नोकरी, जागिर (उदा. सरकारी सेवा) ६. नाफाको उद्देश्य नराखी जनताका लागि गरिने कार्य, त्यस्तो गतिविधि उदा. समाजको सेवा) । सबैले सेवा नै धर्म हो भन्ने भावनाको विकास गरेमा सुख प्राप्ति हुन्छ ।

सो – सर्व. १. पहिलो उल्लेख भएका वस्तुको नामको सुट्टामा प्रयोग हुने सर्वनाम, त्यो । वि. २. उक्त, त्यही, निज । (उदा. सो कुरो मैले बुझिनँ) ।

सोमवार – ना. सातोटा बारमध्ये दोस्रो, बार आइत बार र मङ्गल बार बिचको दिन, सौँबार ।

स्थानीय – /इस्थानिय/थानिय/ (तत्स.) [स्थान + ईय] वि. १. त्यस ठाउँमा बस्ने, खास ठाउँको, रैथाने । यस विषयमा थप जानकारीका लागि स्थानीय व्यक्तिलाई सोध्नु पर्छ । २. खास ठाउँमा पाइने वा हुने ( उदा. स्थानीय उत्पादन, स्थानीय हावापानी, स्थानीय प्रचलन, सथानीय भाषा) ३. गाउँ, जिल्ला आदिसँग सम्बन्धित, तुल, केन्द्रीया (उदा. स्थानीय प्रशासन, स्थानीय विकास, स्थानीय मामिला)

स्थापना – /स्थापना/ (तत्स.) [स्थापन + आ] ना. १. कुनै वस्तुलाई खास ठाउँमा मिलाएर राख्ने काम, विधिपूर्वक खडा गर्ने काम, संयोजक, निर्माण आदि । मन्दिरमा मूर्तिको स्थापना, गरियो । २. नयाँ सङ्घ, संस्था आदि खडा गर्ने काम (उदा. विद्यालयको स्थापना, सामाजिक संस्थाको स्थापना) ३. कुनै सिद्धान्त, मत आदिको प्रस्तुति वा उपस्थापन (उदा. सिद्धान्तको स्थापना)

स्पष्ट – /स्पस्ट/ (तत्स.) [< स्पश् +त] वि. १ देख्न सकिने, सुनिने, बुझिने, खुलस्त, छर्लङ्ङ, प्रस्ट, विप. अस्पष्पट । अञ्जलीको बोली स्पष्ट छैन । तिमीले लेखेको कुरा स्पष्ट छ । २. धमिलो पन नभएको, सफा, स्वच्छ, निर्माण (उदा. स्पस्ट दृष्टि)

स्वदेश – /स्वदेस्/ (तत्स.) [स्व+ देश] ना. आफ्नो मातृभूमि, आफ्नो देश, विप. विदेश । (उदा. स्वदेशको माया, स्वदेशको माटो) । हामीले स्वदेशको माया गर्नुपर्दछ ।

स्वास्थ्य – /स्वास्थ्य/ (तत्स.) [< स्वस्थ + य] ना. निरोगी हुँदाको अवस्था, शारीरिक तथा मानसिक स्वस्थता, आरोग्य, आराम, निरोगिता, तन्त्दुरुस्ती । तपाईंको स्वास्थ्य कस्तो छ ? बिरामीको स्वास्थ्यमा क्रमिक सुधार हुँदै छ ।

स्वीकृति – /स्विक्रिति/ (तत्स.) [स्व+ई +कृति] ना. १. स्वीकार गर्ने काम, ग्रहण, अङ्गीकार २. समर्थन, मन्जुरी, सहमति । विद्यालयका लागि रकम निकासाको स्वीकृति मिल्यो । ३. अनुमति । विनयले विद्यालय खोल्ने स्वीकृति पाए ।

‘ह’

हक – /हुक/ (आ.) ना. १. ऐन, कानुन, प्रचलन, परम्परा आदिले दिएको सुविधा, अधिकार । २. कसैको अधीनमा हुँदाको स्थिति, स्वामित्व । मेरो हकमा भएको सम्पत्ति यति नै हो । ३. सम्बन्ध, तरफ वा पक्ष । न्यायालयले उसको हकमा मुद्दाको फैसला गर्‍यो ।

हजार – /हजार्/ (आ.) संवा., दश सय जनाउने सङ्ख्या, १००० अङ्क ( उदा. हजार रुपैँया)

हतियार – /हतियार् / [< हात + इयार] ना. १. युद्ध गर्दा हातले लिएर विरोधी माथि प्रयोग गरिने साधन (खुकुरी) भाला, बन्दुक आदि) २. काट्ने, खन्ने, घोच्ने, खोप्ने आदिमा उपयोगी औजार (हँसिया, कोदालो, सुइको, बसिला, धन आदि) ३. उपकरण, ज्यावल, साधन, संयन्त्र । नेपालमा जनयुद्धको बेला माओवादी र नपाली सेना बिच भिडन्तमा हतियार उठाउने कार्य भयो ।

हरेक – /हरेक/ (आ.) [हर + एक] वि. - प्रत्येक (उदा. हरेक दिन, हरेक पटक) । म हरेक दिन भगवान्‌को आराधना गर्छु ।

हाम्रो – /हाम्म्रो/ (तत्स.) [< हामी + ऐ] भेवि. बहु. । वि. हाम्रा, स्त्री, हाम्री छिमेकी) २. आत्मीय सबै जनाको, आफ्नो पक्षका धेरै व्यक्ति वा समुहको (उदा. देश, हाम्रो संस्कृति, हाम्रो भाषा) । हाम्रो समाजमा बोक्सी, देउकी, झुमा जस्ता कुप्रथा कायमै रहेको पाइन्छ ।

हाराहारी – /हाराहारि/ [< हार+ हार + ई] ना. १. एउटै पङ्क्तिमा आउन सक्ने स्थिति, समान स्तर, समानान्तर । गाउँमा उनको हाराहारीको विद्वान् अर्को छैन । क्रियो. २. पङक्ति मिलाएर, समान दुरीमा । सामानहरू हाराहारी (मा) राख ।

हार्दिक – /हारदिक्/ (तत्स.) [<हृक्+ इक] वि. हृदय भित्रको, हृदयबाट आएको, मनको, आत्मीय उदा. हार्दिक अनुरोध, हार्दिक नमस्कार, हार्दिक स्वागत, हार्दिक शुभ कामना) । शोधपत्र लेखनमा सहयोग गर्नुहुने सम्पूर्णलाई हार्दिक स्वागत गर्दछु ।

हाल – /हाल्/ ना. १. परिस्थितिन, अवस्था, हालत, दशा । अहिले मायाको हाल ठिक छैन । २. समाचार, खबर । त्यतातिरको हाल कस्तो छ ? क्रियो. ३. वर्तमान समयमा, अहिले, भरखर । हाल हरि विद्यालयमा पढाउँछन् ।

हासिल – /हासिल्/ (आ.) ना. १. पाउने काम, प्राप्ति, उपलब्धि । यमनाथले जाँचमा सफलता हासिल गऱ्यो । वि. २. प्राप्त, उपलब्ध, पूर्ण, सिद्ध (उदा. हासिल ज्ञान, हासिल सिप)

हिंसा – /हिम्सा/ (तत्स.) [हिंस + आ] ना. १. प्राणीलाई मार्ने, काम, काटमार, हत्या, वध, विप. अहिंसा । हिंसा गर्नु पाप हो । २. अर्कालाई होच्याउने वा पीडा दिने व्यवहार, कुभलो, अपकार, निन्दा । परनिन्दा हिंसा हो ।

हित – /हित्/ (तत्स.) ना. १. कसैलाई भलाइ हुने काम, भलो, कल्याण, उपकार, विप. अहित/ समाज सेवीहरू समाजको हितमा लाग्छन् । २. फाइदा, लाभ । यस कामले उसलाई के हित हुन्छ ?

हिन्दु – [हिन्द+उ] ना. हिन्दु धर्म मान्ने व्यक्ति वा समुदाय, त्यसको सम्प्रदाय । नेपाल धर्म निरपेक्ष राष्ट्र भए तापनि यहाँका अधिकांश जनताले हिन्दू धर्म मान्दछन् ।

हुलाकी – /हुलाकि / (आ.) [हुलाक + ई] ना. १. हुलाकको सामान एउटा हुलाकबाट अर्को हुलाकसम्म लैजाने वा सम्बन्धित व्यक्ति कहाँ पुऱ्याउने कर्मचारी, हलकारा । हुलाकीले चिठी बुझायो । वि. २. हुलाक सम्बन्धी, हुलाकको (उदा. हुलाकी सामान)

## ५.२ नमुना शैक्षिक शब्दकोशमा प्रयुक्त शब्दहरूको विश्लेषण

प्रस्तुत शोधकार्यमा ४४७ वटा शब्दहरूलाई प्रविष्टि दिइएको छ । यसमा प्रविष्टि पाएका शब्दहरूलाई विभिन्न आधारमा तालिकाबाट प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ :

### ५.२.१ स्रोतका आधारमा शब्दहरूको विश्लेषण

प्रस्तुत शोधकार्य नमुना शब्दकोश निर्माणमा केन्द्रित रहेको छ । कोशमा प्रविष्टि दिइएका शब्दहरूलाई स्रोतका आधारमा तत्समलाई (तत्स.) आगन्तुकलाई (आ.) अनुकरणमूलकलाई (अमू.) भनी सङ्केत गरिएको छ भने तद्भव शब्दलाई कुनै सङ्केत गरिएको छैन । स्रोतका आधारमा शब्दहरूको विश्लेषण गर्नका लागि नमुना शब्दकोशमा प्रविष्टि पाएका शब्दहरूको सङ्ख्यालाई तालिका नं. १ मा निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका नं. १**

**स्रोतका आधारमा शब्दहरूको वर्गीकरण**

| शब्दको प्रकार | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|
| तत्सम | २४९ | ५५.८० |
| तद्भव | १३७ | ३०.५८ |
| आगन्तुक | ६१ | १३.६१ |
| अनुकरणमूलक | × | × |
| जम्मा | ४४७ | १०० |

उल्लिखित तालिका अनुसार प्रस्तुत शोधमा समावेश गरिएका शब्नदहरूमध्ये सबैभन्दा बढी तत्सम शब्दहरू रहेका छन् । त्यसपछि क्रमशः तद्भव र आगन्तुक शब्दहरू रहेका छन् । अनुकरणमूलक शब्दको सङ्ख्या भने शून्य रहेको छ । जम्मा ४४९ वटा शब्दहरूलाई नमुना शब्दकोशमा प्रविष्टि दिइएकामा जसमध्ये २४९ वटा तत्सम (५५.८० प्रतिशत), १३७ वटा तद्भव (३०.५८ प्रतिशत) र ६१ वटा आगन्तुक (१३.६१ प्रतिशत) शब्दहरू रहेका छन् ।

### ५.२.२ पदवर्गका आधारमा शब्दहरूको विश्लेषण

शब्दपहिचानको एक महत्त्वपूर्ण आधार पदवर्ग पनि हो । यसले वाक्यमा प्रयोग हुँदा गर्ने व्याकरणात्मक कार्यलाई जनाउँछ । पदवर्ग अन्तर्गत नाम, सर्वनाम, विशेषण, क्रियाविशेषण, नामयोगी, द्वित्व, संयोजन, विस्मयादिबोधक र निपात पर्दछन् । प्रस्तुत अध्ययनमा यी सबै वर्गका शब्दहरू समावेश नभएकाले उल्लिखित शब्दहरूलाई तालिकामा निम्नानुसार वर्गीकरण गरी विश्लेषण गरिएको छ :

**तालिका नं. २**

**पदवर्गका आधारमा शब्दहरूको वर्गीकरण**

| पदवर्ग | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|
| नाम | ३११ | ६९.५७ |
| सर्वनाम | १२ | २.६८ |
| विशेषण | ९६ | २१.४७ |
| सङ्ख्यावाचक | ६ | १.३४ |
| क्रियायोगी | १० | २.२३ |
| नामयोगी | ६ | १.३४ |
| संयोजक | ३ | ०.६७ |
| निपात | ३ | ०.६७ |
| जम्मा | ४४७ | १०० |

उल्लिखित तालिका अनुसार शब्दहरूलाई व्याकरणिक कोटिका आधारमा गणना गरिएको छ । व्याकरणिक कोटि धेरै भए पनि प्रस्तुत शोधपत्रमा नाम, सर्वनाम, विशेषण, सङ्ख्यावाचक, क्रियायोगी, नामयोगी, संयोजक र निपात जस्ता कोटिका शब्दहरूले प्रविष्टि पाएका छन् । त्यसमा पनि सबैभन्दा बढी नाम वर्गका ६९.५७ प्रतिशत र सबैभन्दा कम संयोजक र निपात वर्गका ०.६७ प्रतिशत शब्दहरू रहेका छन् ।

### ५.२.३ उच्चारण र व्युत्पादनका आधारमा शब्दहरूको विश्लेषण

प्रस्तुत अध्ययन शब्दहरूको उच्चारण र व्युत्पादन देखाउनामा समेत केन्द्रित छ । यसलाई तालिकामा निम्नानुसार प्रस्तुत गरी विश्लेषण गरिएको छ :

तालिका नं. ३

उच्चारण र व्युत्पादनका आधारमा शब्दहरूको वर्गीकरण

| उच्चारण र व्युत्पादन | शब्द सङ्ख्या |
| --- | --- |
| उच्चारण दिइएका शब्द | ४४७ |
| व्युत्पत्ति दिइएका शब्द | २७० |
| व्युत्पत्ति नदिइएका शब्द | १७७ |

प्रस्तुत अध्ययनमा जम्मा ४४७ वटा शब्दहरूलाई प्रविष्टि दिइएको छ । जसमा सबै शब्दहरूको उच्चारण दिइएको छ भने २७० वटा शब्दहरूको व्युत्पत्ति दिइएको छ र १७७ वटा शब्दहरूको व्युत्पत्ति दिइएको छैन ।

## ५.३ निष्कर्ष

प्रस्तुत अध्ययन उपयुक्त वर्गका शब्दलाई प्रविष्टि दिई उच्चारण, स्रोत, व्युत्पत्ति, पदवर्ग, अर्थ र उदाहरणका साथै प्रयोगमा केन्द्रित रहेको छ । यहाँ समाविष्ट ४४७ वटा शब्दहरूलाई अकारादि वर्णानुक्रममा प्रस्तुत गरिएको छ । शब्दहरूको रखाइक्रम नेपाली बृहत् शब्दकोश र प्रयोगात्मक नेपाली शब्दकोशमा आधारित छ । यसमा सबैभन्दा बढी 'स' वर्णका ६० वटा शब्दहरू र सबैभन्दा कम 'इ', 'औ' र 'झ' वर्णका १/१ वटा शब्दले मात्र प्रविष्टि पाएका छन् भने 'ई', 'ऊ', 'ऋ', 'ऐ', 'ङ', 'ण' र 'ष' वर्णका शब्दहरूले यसमा प्रविष्टि पाएका छैनन् । यसमा प्रविष्टि पाएका शब्दहरूलाई विभिन्न आधारमा तालिकाबाट प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ । जस्तैः स्रोतका आधारमा तत्सम, तद्भव र आगन्तुक शब्दहरूको शब्द सङ्ख्या र प्रतिशतलाई तालिकामा देखाइएको छ । त्यसैगरी पदवर्गका आधारमा नाम, सर्वनाम, विशेषण, सङ्ख्यावाचक, क्रियायोगी, नामयोगी, संयोजक, निपात शब्दहरूलाई वर्गीकरण गरी तिनीहरूको शब्द सङ्ख्या र प्रतिशतलाई पनि तालिकाद्वारा प्रस्ट पारिएको छ । उच्चारण र व्युत्पादनका आधारमरा पनि शब्दहरूलाई वर्गीकरण गरिएको छ । जस्तैः उच्चारण दिइएका शब्द, व्युत्पत्ति दिइएका शब्द र व्युत्पत्ति नदिइएका शब्द सङ्ख्यालाई तालिकामा देखाइएको छ ।

# अध्याय – छ

# सारांश, निष्कर्ष र उपयोगिता

## ६.१ सारांश

प्रस्तुत शोधकार्य 'गोरखापत्रको सम्पादकीयमा आधारित नमुना शब्दकोश निर्माण' भन्ने शीर्षकमा केन्द्रित रहेको छ । यस शीर्षकमा आधारित भएर अध्ययन गर्ने क्रममा नमुना शब्दकोशलाई छ अध्यायमा विभाजन गरी विभिन्न शीर्षक, उपशीर्षक राखी प्रस्ट पारिएको छ । जस अन्तर्गत पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमि, समस्याकथन, शोधकार्यको उद्देश्य, महत्त्व, सिमाङ्कन र रूपरेखा जस्ता शीर्षक राखिएको छ । सैद्धान्तिक अवधारणा अन्तर्गत पूर्वकार्यको अध्ययनअन्तर्गत पुस्तक समीक्षा, शब्दकोशसँग सम्बन्धित शोधकार्यको पुनरावलोकन, सैद्धान्तिक अवधारणा, शब्दकोशको स्वरूप जसमा पूर्वभाग, मध्यभाग र उत्तरभाग शब्दकोशका प्रकार आदि कुराहरू राखी प्रस्ट पारिएको छ । त्यसै गरी शब्दकोश सम्पादन प्रक्रियाअन्तर्गत रही पहिलो चरण, दोस्रो चरण, तेस्रो चरण गरी तिन भागमा विभाजन गरिएको छ । पहिलो चरणमा योजना, सामग्री सङ्कलन, प्रविष्टि शब्द, प्रचलित शब्द, अप्रचलित शब्द, अभिनव शब्द, प्राविधिक शब्द, रिक्त शब्द, सम्बन्धपरक शब्द, समस्त शब्द, व्यक्तिवाचक शब्द, संक्षेप तथा परिवर्णी शब्द, समुच्चयात्मक अभिव्यक्ति, सर्ग, उखान टुक्का र उद्धरण, निपात, वर्ण, वैकल्पिक प्रविष्टि पर्दछन् ।

दोस्रो चरणमा शीर्ष शब्द, हिज्जे, उच्चारण, व्याकरण निर्देश, स्रोत निर्देश, व्युत्पत्ति, विधेय खण्ड, अर्थविधान, परिभाषीकरण, पर्याय, विपर्याय, उदाहरण चित्राङ्कन, विवृत्ति, बीजक, प्रतिनिर्देश पर्दछन् र तेस्रो चरणमा प्रविष्टि अनुक्रम, वर्णानुक्रम, विषयानुक्रम, विविध अनुक्रम, प्रविष्टि विन्यास, मूल प्रविष्टि, उपप्रविष्टि, नीड्न, संयुक्त प्रविष्टि, चिह्न प्रयोग, पूर्वोतर भागको संयोजन पर्दछन् । अध्याय तिनमा अध्ययन विधि राखिएको छ । जसमा जनसङ्ख्या र नमुना जनसङ्ख्या, प्राथमिक सामग्री, द्वितीय सामग्री, सामाग्री सङ्कलन प्रक्रिया र सामग्री विश्लेषण प्रक्रिया राखी चर्चा गरिएको छ ।

अध्याय चारमा गोरखापत्र सम्पादकीयमा समाविष्ट शब्दहरूको सङ्कलन गरिएको छ र ती शब्दहरूलाई नदोहोरिएको आधारमा तालिकाद्वारा शब्दहरूको सङ्ख्या उल्लेख गरिएको छ भने अध्याय पाँचमा गोरखापत्र सम्पादकीयमा समाविष्ट शब्दहरूको नुमना शैक्षिक शब्दकोश निर्माण शीर्षक दिएर कोशनिर्माण तयार पारिएको छ । जसमा समाविष्ट

शब्दहरूको उच्चारण, स्रोत व्युत्पत्ति, पदवर्ग र अर्थका साथै उदाहरण दिई वाक्यमा प्रयोग समेत गरी वर्णानुक्रम अनुसार राखी कोश निर्माण गरिएको छ । त्यसै गरी अन्तिम

अध्ययमा सारांश, निष्कर्ष, र उपयोगिता राखेर कोशनिर्माणको प्रक्रियालाई अन्तिम रूप दिइएको छ ।

## ६.२ निष्कर्ष

'शब्दकोश' तल्लो तहदेखि माथिल्लो तहसम्मका विद्यार्थी शिक्षक लगायतका सम्पूर्ण प्रकारका पाठहरूको सन्दर्भ सामग्री भएको हुनाले यो एउटा अत्यन्त उपयोगी र सान्दर्भिक सामग्रीका रूपमा रहेको छ । आगामी दिनहरूमा पत्रपत्रिका सम्बन्धी शब्दकोश तयार पार्नका लागि अनुसन्धानकर्तालाई यसले प्रत्यक्ष रूपमा सहयोग गर्नेछ । साथै यो अत्यन्त उपयोगी सन्दर्भ सामग्री हुनेछ ।

यस अध्ययनबाट प्राप्त निष्कर्षलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) मिति २०७५/७/७ गते को गोरखापत्र सम्पादकीय सबैभन्दा बढी 'स' वर्णका १० वटा शब्दहरू र सबैभन्दा कम उ, ए, ओ, ख, घ, छ, झ, थ, फ, र वर्णका १/१ वटा शब्दहरू रहेका छन् । त्यसैगरी अ वर्णका ३ वटा, आ वर्णका ६ वटा, क वर्णका ७ वटा, ग वर्णका ३ वटा, च वर्णका ४ वटा, ज वर्णका ३ वटा, ट वर्णका २ वटा, त वर्णका ४ वटा, द वर्णका ५ वटा, ध वर्णका ३ वटा, प वर्णका ७ वटा, ब वर्णका ४ वटा, भ वर्णका ३ वटा, म वर्णका ७ वटा, य वर्णका ३ वटा, व वर्णका ५ वटा र ह वर्णका २ वटा शब्दहरू रहेका छन् भने इ, औ, ठ, ड, ढ, न, ल, श वर्णका शब्दहरूले यसमा प्रविष्टि पाएका छैनन् ।

(ख) मिति २०७५/७/१४ गतेको गोरखापत्र सम्पादकीयमा सबैभन्दा बढी स वर्णका १७ वटा शब्दहरू रहेका छन् भने सबैभन्दा कम उ, ए, ख, घ, त, थ, फ, य वर्णका १/१ वटा शब्दहरू रहेका छन् । त्यसैगरी अ वर्णका ८ वटा आ वर्णका २ वटा, क वर्णका ५ वटा न वर्णका ३ वटा प, ३ वटा, भ वर्णका ४ वटा, म वर्णका २ वटा र वर्णका ३ वटा, ल वर्णका २ वटा, व वर्णका ६ वटा, श वर्णका २ वटा र ह वर्णका ३ वटा शब्दहरूले यसमा प्रविष्टि पाएका छन् । इ, ओ, औ, ग, च, छ, ज, झ, ट, ठ, ड, ढ, द, ध, ब वर्णका शब्दहरूले भने यसमा प्रविष्टि पाएका छैनन् ।

(ग) मिति २०७५/०७/२१ गतेको गोरखापत्र सम्पादकीयमा सबैभन्दा बढी स वर्णका ९ वटा शब्दहरू रहेका छन् भने सबैभन्दा कम छ, ज, ट, ठ, ढ, त, ध, फ, ब, र, ह वर्णका १/१ वटा शब्दहरू रहेका छन् । त्यसैगरी अ, आ, उ वर्णका ३/३ वटा, क वर्णका ६ वटा, ग वर्णका ३ वटा, च वर्णका २ वटा, द वर्णका ६ वटा, न वर्णका २ वटा, प वर्णका ४ वटा म वर्णका २ वटा, य वर्णका ३ वटा, ल वर्णका २ वटा, व, श वर्णका ४/४ शब्दहरू रहेका छन् । इ, ए, ओ, औ, ख, घ, झ, ड, थ, भ वर्णका शब्दहरूले यसमा प्रविष्टि पाएका छैनन् ।

(घ) मिति २०७५/०७/२८ गतेको गोरखापत्र सम्पादकीयमा सबैभन्दा बढी अ वर्णका १२ वटा शब्दहरू रहेका छन् भने सबैभन्दा कम ग, घ, ठ, ड, त, ध, म, र वर्णका १/१ वटा शब्दहरू रहेका छन् । त्यसैगरी आ वर्णका २ वटा, ऊ वर्णका ३ वटा, क वर्णका छ वटा, च, छ, ढ, द, ब, भ, य, व वर्णका २/२ वटा, ज वर्णका ६ वटा, न वर्णका ३ वटा, प वर्णका ५ वटा, स वर्णका ७ वटा शब्दहरू रहेका छन् । इ, ए, ओ, औ, ख, झ, ट, थ, फ, ल, श, ह वर्णका शब्दहरूले यसमा प्रविष्टि पाएका छैनन् ।

(ङ) मिति २०७५/८/७ गतेको गोरखापत्र सम्पादकीयमा सबैभन्दा बढी अ वर्णका ६ वटा शब्दहरू रहेका छन् र सबैभन्दा कम घ, छ, त, स वर्णका १/१ वटा शब्दहरू रहेका छन् । त्यसैगरी उ वर्णका ४ वटा, क वर्णका ४ वटा, द, न, ब, भ, र, व, श, ह वर्णका २/२ वटा, प, म वर्णका ३/३ वटा शब्दहरू रहेका छन् । आ, इ, ए, ओ, औ, ख, ग, च, ज, झ, ट, ठ, ड, ढ, थ, ध, फ, य, ल, वर्णका शब्दहरूले यसमा प्रविष्टि पाएका छैनन् ।

(च) मिति २०७५/८/१४ गतेको गोरखापत्र सम्पादकीयमा सबभन्दा बढी क र प वर्णका ३/३ वटा शब्दहरू र सबभन्दा कम अ, च, ज, ठ, त, द, न, ब, म, र, स, ह वर्णका १/१ वटा शब्दहरू रहेका छन् । आ वर्णका २ वटा, घ, श वर्णका २/२ वटा शब्दहरू रहेका छन् । इ, उ, ए, ओ, औ, ख, ग, छ, झ, ट, ड, ढ, थ, ध, फ, भ, य, ल, व वर्णका शब्दहरूले यसमा प्रविष्टि पाएका छैनन् ।

(छ) मिति २०७५/०८/२१ गतेको गोरखापत्र सम्पादकीयमा सबभन्दा बढी स वर्णका ८ वटा शब्दहरू रहेका छन् भने सबभन्दा कम अ, उ, ओ, औ, ख, च, त, ब, य, र, व, ह वर्णका १/१ वटा शब्दहरूले प्रविष्टि पाएका छन् । त्यसैगरी आ वर्णका २ वटा क

वर्णका २ वटा, न वर्णका २ वटा, प वर्णका ४ वटा, म वर्णका ३ वटा, ल वर्णका ३ वटा शब्दहरू रहेका छन् । इ, ए, ग, घ, छ, ज, झ, ट, ठ, ड, ढ, थ, द, ध, फ, भ, वर्णका शब्दहरूले यसमा प्रविष्टि पाएका छैनन् ।

(ज) मिति २०७५/०८/२८ गतेको गोरखापत्र सम्पादकीयमा सबभन्दा बढी प, स वर्णका ७/७ वटा शब्दहरू रहेका छन् भने सबभन्दा कम अ, इ, घ, ड, फ, र, श वर्णका १/१ वटा शब्दहरू रहेका छन् । त्यसैगरी आ, उ वर्णका ३/३ वटा, क, न, ल, वर्णका ३/३ वटा ग, म, ह वर्णका २/२ वटा, द, व वर्णका ५/५ वटा शब्दहरू रहेका छन् । ए, ओ, औ, ख, च, छ, ज, झ, ट, ठ, ढ, त, थ, ध, ब, भ, य वर्णका शब्दहरूले यसमा प्रविष्टि पाएका छैनन् ।

(झ) प्रस्तुत शोधपत्रमा जम्मा ४४७ शब्दहरूलाई वर्णानुक्रममा मूल प्रविष्टि दिई तिनको उच्चारण, स्रोत, व्युत्पत्ति, पद वर्ग, उदाहरण तथा प्रयोग दिइएको छ ।

(ञ) स्रोतका दृष्टिले २४९ वटा तत्सम, १३७ वटा तद्भव र ६१ वटा आगन्तुक शब्दहरू रहेका छन् ।

(ट) पदपवर्गका दृष्टिले ३११ वटा नाम, १२ वटा सर्वनाम, ९६ वटा विशेषण, ६ वटा सङ्ख्यावाचक १० वटा क्रियायोगी, ६ वटा नामयोगी , ३ वटा संयोजक र ३ वटा निपात शब्द रहेका छन् ।

(ठ) उच्चारण र व्युत्पादनका आधारमा उच्चारण दिइएका शब्दहरू ४४७ वटा, व्युत्पत्ति दिइएका शब्दहरू २७० वटा र व्युत्पत्ति नदिइएका शब्दहरू १७७ वटा रहेका छन् ।

(ड) वर्णगत रूपमा सबैभन्दा बढी स वर्णका शब्दहरू ६० वटा र सबैभन्दा कम इ, औ र झ वर्णका १/१ वटा शब्दले प्रविष्टि पाएका छन् भने कतिपय वर्णका शब्दहरूले प्रविष्टि पाएका छैनन् ।

## ६.३ उपयोगिता

कुनै पनि अध्ययनको उपयोगिता त्यस विषयको क्षेत्रसँग सम्बन्धित रहेको हुन्छ । हरेक अध्ययन कार्य सम्पन्न गरे पश्चात् त्यो अध्ययन कुन कुन पक्षमा उपयोगी हुन्छ सक्छ, कुन कार्यमा सहयोग पुऱ्याउँछ, के कस्ता विषयमा अध्ययन गर्न सहयोगी पुऱ्याउँछ, के कस्ता विषयमा अध्ययन गर्न सहयोगी र प्रभावकारी सिद्ध हुन्छ आदि जस्ता विविध

पक्षहरूलाई यसले समेटेको हुन्छ । शब्दकोशको उपयोगिताको सन्दर्भलाई कोशलाई नीतिगत र शैक्षणिक उपयोगिताका आधारमा प्रस्ट पार्न सकिन्छ :

### ६.३.१ नीतिगत उपयोगिता

- प्रस्तुत अध्ययनले विभिन्न नीति, नियम तथा कार्य विधि निर्माणमा सहयोग पुऱ्याउने छ ।
- पाठ्यपुस्तक लेखन देखि शब्दकोश निर्माण, कोशको सम्पादनका लागि उपयोगी हुनेछ ।
- भाषिक ज्ञानको लागि उपयोगी हुनेछ ।
- अनुसन्धानका क्षेत्रमा कुनै पनि विषयको गहन र व्यापक ज्ञान प्रदान गर्नका लागि उपयोगी हुनेछ ।
- सञ्चार र प्राविधिज्ञहरूका लागि उपयोगी हुनेछ ।
- कुनै पनि भाषालाई अनुवाद  गर्नका लागि उपयोगी हुनेछ ।

### ६.३.२ शैक्षणिक उपयोगिता

- कठिन शब्दहरूका शब्दार्थका बारेमा जानकारी लिन ।
- सहज रूपमा शब्दार्थ प्राप्त गर्न
- शुद्ध, हिज्जे र अक्षर विभाजन गर्न
- शब्दको प्रचलित उच्चारण थाहा पाउन
- कुनै शब्दको मूल व्युत्पन्न रूप थाहा पाउन ।
- सम्बन्धित भाषामा शब्दभण्डार अभिवृद्धि गर्न
- भाषागत बोध र अभिव्यक्तिगत कुशलताको विकास गर्न
- उपयुक्त व्याकरणात्मक कोटि पहिल्याउन ।

# सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०६७), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रीविशाल (२०७०), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

आचार्य, भुवन (२०६९), 'वर्तमान माध्यमिक नेपाली पाठ्यपुस्तकमा आधारत शब्दकोश निर्माण', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

खरेल, लक्ष्मी (२०७३), 'कक्षा आठका जीवनीहरूमा समाविष्ट शब्दहरूको नमुना शैक्षिक शब्दकोश निर्माण', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

गौतम, शारदा (२०७०), 'कक्षा १० को नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शैक्षिक शब्दकोश निर्माण', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

जोशी, लोकराज (२०७४), 'कक्षा दसको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

दाहाल, कल्पना (२०६९), 'कक्षा छको नेपाली पाठ्यपुस्तकको नमुना शब्दकोश निर्माण', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

न्यौपाने, पुष्पाकुमारी (२०७२), 'कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको नमुना शब्दकोश निर्माण', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

पोखरेल, केशवराज र काफ्ले, उमेश (२०७४), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : क्याम्ब्रिज पब्लिकेसन ।

पोखरेल, बालकृष्ण (सम्पा. २०४०), *नेपाली बृहत् शब्दकोश,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पौडेल, माधववप्रसाद (२०७३), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू,* काठमाडौँ : हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

भण्डारी, दीपकबहादुर (२०७२), 'कक्षा नौको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : पिनाकल पब्लिकेसन ।

राई, जमानसेर (२०७३), 'चाम्लिङ भाषाको कक्षा पाँचको चाम्लिङ ला चौखाम डा पाठ्यपुस्तकको नमुना शब्दकोश निर्माण', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

लम्साल, रामचन्द्र (२०५७), *कोशविज्ञान र नेपाली कोश,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने, यादवप्रकाश (२०७०), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लुइँटेल, खगेन्द्रप्रसाद (२०५८), *कोशविज्ञान,* काठमाडौँ : प्रस्तुति प्रकाशन ।

शर्मा, किशोर (२०७०), 'कक्षा ७ को नेपाली पाठ्यपुस्तकको नमुना शैक्षिक कोश निर्माण', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

श्रेष्ठ, झुमा (२०७२), 'नमुना बाल शब्दकोश निर्माण', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

# व्यक्तिवृत्त



नाम : तुलसी कँडेल

जन्ममिति : २०४८/०५/२९

ठेगाना : गौरीगंगा नगरपालिका-४, कैलाली

बुवाको नाम : खडानन्द कँडेल

आमाको नाम : खगिसरा कँडेल

नागरिक : नेपाली

लिङ्ग : महिला

तह : स्नातकोत्तर तह (एम.एड.)

सम्पर्क नं. : ९८४८८२९३३७

## शैक्षिक योग्यता

| तह | शिक्षण संस्था | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|
| प्रवेशिका परीक्षा (एस.एल.सी.) | कालिका मा.वि., कैलाली | २०६५ | प्रथम |
| प्रवीणता प्रमाणपत्र तह (१०+२) | मालिका उ.मा.वि., कैलाली | २०६८ | द्वितीय |
| स्नातक तह (बी.एड.) | खप्तड बहुमुखी क्याम्पस, कैलाली | २०७२ | पास |
| स्नातकोत्तर तह (एम.एड.) | विश्वविद्यालय क्याम्पस, त्रि.वि., कीर्तिपुर | | |